असार २९, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# अलमल अन्योल र अस्वस्थता

उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रको चिन्ता

मूल्य रु. २५





प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्वास्थ्य स्थितिका बारेमा जानकारी दिँदै चिकित्सकहरू

भास्वर ओझा

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक ११४, असार २३–२९, २०६३





आवरण : प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

*तस्वीर: भास्वर ओझा*

**आवरण :** मुलुकको शान्ति प्रक्रिया यति बेला अलमलमा परेको जस्तो देखिएको छ । यसका पछाडि प्रधानमन्त्री कोइरालाको प्रतिकूल स्वास्थ्य मात्र जिम्मेवार छैन, सात दलका केही नेतामा देखिएको असहिष्णुता र द्वैध चरित्र पनि उत्तिकै जिम्मेवार छ । ३१

## विशेष रिपोर्ट

उद्योग, वाणिज्य, शिक्षा र स्वास्थ्य क्षेत्रमा माओवादीको स्पष्ट नीतिको प्रतीक्षामा छन्, सरोकारवालाहरू । ३४

## रिपोर्ट

दमनकारीलाई सजायको प्रतीक्षा १६
द्वन्द्वका कारण मनोसामाजिक समस्या १८
छात्रावासदेखि नै लागूऔषधको कुलतमा २०
जनआन्दोलनका घाइते भन्छन्, रकमी बन्यो सरकार २४

## शिक्षा

एसएलसीपछि दस जोड दुई विद्यालयको छनोट कसरी गर्ने २८

## खेलकुद

विश्वकपका प्रमुख दाबेदारहरू पाखा परेपछि नयाँ समीकरण देखा पर्‍यो, प्रतीक्षा अब फ्रान्स र इटालीमध्ये कसले विश्वकप लान्छ भन्ने छ । ४८



भास्वर ओझा

**रंग :** वरमाला लगाइदिने मान्छे नभेटेर रुद्राक्ष–माला लगाएको दाबी गर्छिन्, नायिका विपना थापा ५४

सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
टिपोट ........ ११
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# प्रचण्डका सार्थक कदमहरू

## सम्पादकीय

माओवादीका अध्यक्ष प्रचण्डले नेपाली सेनालाई 'जन हत्यारा र बलात्कारी' भनी गरेको सार्वजनिक टिप्पणीलाई क्षमायाचनाका साथ फिर्ता लिएका छन्। प्रजातान्त्रिक र संसदीय परिपाटीमा फौजदारी र भ्रष्टाचारसँग सम्बन्धित बाहेक प्रायः विवादहरू क्षमायाचना र अभिव्यक्ति फिर्ता लिएपछि फेरि नखुल्ने गरी बन्द गरिन्छन्।

अध्यक्ष प्रचण्डले उनको टिप्पणीले जन्माएको आक्रोश र आलोचनालाई सकारात्मक रूपमा त लिए नै, यसका साथै नेपाली सेना तथा समाजमा उनको टिप्पणीबाट उत्पन्न हुनसक्ने खतरालाई समेत ध्यानमा राख्दै विवादलाई अन्त्य गर्ने निर्णय गरे उनले। समाज र समयको सन्देश बुझ्ने क्षमता नेतृत्वमा हुनुपर्छ। त्यो प्रचण्डले देखाएका छन् अहिलेलाई।

यसका साथै जनअदालत तथा छापामारहरूबाट सञ्चालित राजस्व कार्यालयलाई पनि आंशिक रूपमा बन्द गर्न उनले निर्देशन दिएका छन्। यो पर्याप्त छैन तर प्रतिस्पर्धात्मक अभ्यासमा आउनका लागि यी आवश्यक सर्त र चरित्र हुन्। प्रचण्डले त्यो चरित्र र संवेदनशीलता प्रदर्शन गर्दा वार्ता तथा शान्ति प्रक्रियाको सफलतामा समेत मद्दत पुग्ने देखिन्छ सारपूर्ण तरिकाले।

वार्ता तथा शान्ति प्रक्रिया सफलताका लागि नेतृत्व वर्ग तथा द्वन्द्वका दुई पक्षबीच प्रतिबद्धताको जति आवश्यकता पर्छ, आचारसंहिताको पालना र समस्याको व्यवहारिक समाधानप्रतिको समझदारी पनि त्यति नै आवश्यक हुन्छ। प्रचण्डको सेनाबारेको 'क्षमायाचना' र जनअदालत स्थगनलाई त्यही सन्दर्भमा हेरिनुपर्छ।



अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले नेपालमा जारी द्वन्द्व र त्यसको समाधानबारे आफ्नो सरकारको मान्यता कुन शैलीमा प्रस्तुत गरे त्यो एउटा पक्ष हो। तर, सिद्धान्ततः न अमेरिका न भारत या अन्य कुनै पनि मुलुक हतियार र दुई सत्तामाथिको स्वामित्वका साथ विद्रोहीहरू सत्तामा आउने सिद्धान्त स्वीकार्न सक्छन्। यो मुलुककै लागि पनि स्वीकार्य हुन सक्दैन, न त त्यसले समस्या समाधानमा नै मद्दत पुर्‍याउँछ।

निश्चय पनि माओवादीले अवैध र अन्यायपूर्ण तरिकाले जफत गरेको सम्पत्ति फिर्ता गर्ने कामले प्राथमिकता पाउनु पर्छ वार्ताको सफलताका लागि। तर, सरकारले यो सबै प्रक्रिया र पक्षलाई कसरी अगाडि बढाउँदै छ ? मुलुकमा अन्योल छ।

सात दलको मिलिजुली सरकारसँग स्पष्ट दृष्टिकोण र आधिकारिकता नभएको मान्यता मुलुकमा बढ्दै गएको छ। त्यसका साथै सरकार, सात दल र प्रतिनिधिसभा राजतन्त्रविरुद्ध र कथित अग्रगमनका पक्षमा प्रस्तावहरू पारित गरेर मात्र मुलुकका सबै समस्याको समाधान हुन्छ भन्ने भ्रममा देखिन्छन्। स्पष्ट चिन्तन र नीतिले मुलुकलाई अग्रगमनतर्फ लैजान अवश्य पनि मद्दत गर्नेछ, तर कार्यान्वयन पक्षको पूर्ण अनुपस्थितिमा कुनै पनि घोषणा एउटा बिन्दुपछि अर्थहीन र कहिलेकाहीं प्रत्युत्पादक समेत बन्नेछन्। आवश्यकता हतियार व्यवस्थापनदेखि लिएर सम्पत्ति फिर्ता गर्ने अनि गम्भीर वार्ताद्वारा दुई पक्षबीचको मतभेद कम गर्नु र सहमतिको घेरो बढाउनु हो। प्रचण्डले त्यो प्रक्रियामा केही सघाउ पुर्‍याएका छन् हाललाई। तर, त्यसलाई अगाडि बढाउन सरकार पक्षले केही गर्न नसक्नु त्यत्तिकै दुःखद पक्ष हो। ■




## समय साता

**असार १५**

- माओवादी नेता प्रचण्डद्वारा अन्तरिम सरकार गठनसँगै नेपाली सेना र जनमुक्तिसेनाको कमान्ड एउटै बनाउन सकिने प्रस्ताव ।

**असार १६**

- सुनसरीको प्रकाशपुरमा विवाहको जन्ती लिएर गएको डुंगा कोशीमा डुब्दा २२ जन्ती बेपत्ता, बेहुलाबेहुली सहित छत्तीसको उद्धार ।
- उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगसमक्ष वयान दिने क्रममा राजालाई सक्रिय बनाउन आफूहरूको भूमिका रहेको पूर्व प्रधानसेनापति सच्चित शमशेर जबराद्वारा स्वीकार ।

**असार १७**

- माओवादी सरकारमा जानुभन्दा अगाडि हिंसा पूर्णरूपमा त्याग्नु पर्ने अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीको विचार ।
- नेपाली जनताको निर्णयका लागि अमेरिकाले हस्तक्षेप गरेर सर्त राख्न नहुने भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादका पोलिटब्युरो सदस्य सीताराम येचुरीको भनाइ ।
- नेपालका असल मित्र मानिएका जापानी पूर्व प्रधानमन्त्री रियुतारो हासिमोतोको मृत्यु ।

**असार १८**

- बाजुरामा चामल लिनेको भीडमा कुल्चिएर बाह्रजना घाइते ।
- प्रतिनिधिसभा भंग गर्ने सात दल-माओवादी ८ बुँदे समझदारीप्रति सांसदहरू आक्रोशित ।

**असार १९**

- माओवादी अध्यक्ष प्रचण्डद्वारा विवादको विषय बन्दै आएको जनअदालत बन्द गर्न कार्यकर्तालाई निर्देशन ।
- मुलुकमा पहिलो संकटकाल लागेदेखि परिचालित हुँदै आएको संयुक्त सुरक्षाफौज खारेज ।

**असार २०**

- महेन्द्रनगरबाट अछामतर्फ आउँदै गरेको बस कञ्चनपुरको कृष्णपुरमा दुर्घटना, पाँचको मृत्यु, ५४ घाइते ।
- सरसकारद्वारा माओवादीको हतियार व्यवस्थापनका लागि औपचारिक रूपमा संयुक्त राष्ट्रसंघलाई पत्राचार, भारतद्वारा माओवादी सरकारमा जानुभन्दा अगाडि नै हतियारको व्यवस्थापन हुनुपर्ने जिकिर ।

**असार २१**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला अस्वास्थ, स्वास्थ्यमा क्रमशः सुधार ।
- एमाले महासचिव माधवकुमार नेपालद्वारा संविधानसभाबाट आउने परिणाम स्विकार्न राजाले प्रतिबद्धता जनाउनुपर्ने माग ।
- २०६२ को एसएलसीको परीक्षाफल प्रकाशित ।


# प्रारम्भ

## व्यस्त गृहमन्त्री

शान्ति अभियानसँगै अत्यधिक व्यस्त रहेका गृहमन्त्री कृष्णप्रसाद सिटौलाले आफूलाई त डिजिटलको नयाँ प्रबिधिमा ढालिसेकेका छन् तर तस्वीर खिच्दाको क्षणमा उनी उपस्थीत भएको प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा वक्तव्य रेकर्ड गर्न राखिएको रेकर्डर भने युगौ पुरानो छ।

■ तस्वीरः भास्वर ओझा






## आशामाथि तुषारापात

नेपालमा लोकतन्त्र आयो बेरोजगारी समस्या समाधान हुन्छ, भन्ने धेरै नेपालीले सोचेका थिए। आशा अब निराशातिर जान थालेको छ। नेपाल सरकारले बेरोजगारी समस्या समाधान गर्नु पर्छ। यदि सरकारले यसो गर्न सकेन भने आन्दोलनमा ज्यान गुमाएका सहिदमात्र होइन बेरोजगारीको पीडाले पिल्सिएका तमाम नेपालीको मनमा पीडा हुनेछ। अब त सात दल मात्र होइन, माओवादी पनि कुर्सीका लागि हानथाप गर्न लागी परेका हुन् कि भन्ने भान हुन थालेको छ। युद्धको पीडाको घाउमाथि टाटा नबस्दै माओवादीले समेत यही प्रवृत्ति अख्तियारी गरे भने युद्धले जगल्टिएको विकट नेपालको पीडा कसले सम्बोधन गर्ने ?

**गणेश श्रेष्ठ**
खोटाङ

## बिर्सने बानी नराम्रो

समय वर्ष ३, अंक ११३ को सुलोचना मानन्धरको लेख पढ्दा मनमा साह्रै पीडा भएर आयो। हामीले लीला श्रेष्ठ जस्ता कयौं नारीलाई सम्मान दिन नसकेको अवस्था मात्र होइन, उनीहरूले गरेको योगदान निरन्तर बिर्सँदै गएका रहेछौं।

राजनीतिक अस्थिरता र गृहयुद्धका व्यथाले हामीलाई दिनानुदिन बेवारिसे बनाउँदै गएपछि समाजलाई निकै अगाडि परिवर्तनतर्फ मोड्न सहयोग गराइदिने व्यक्तिहरू निरन्तर ओझेलमा परेका छन्। उनीहरूको शारीरिक अशक्ततासँगै उनीहरूलाई चटक्कै बिर्सँदै जाने हाम्रो प्रवृत्तिलाई परिवर्तन गर्न सके समाज र समाजलाई परिवर्तन गर्न मद्दत गर्नेहरूलाई केही प्रोत्साहन मिल्थ्यो कि ?

**बिनिता शाही,**
थानकोट, काठमाडौं

## मुक्ति पाउ प्रचण्ड

*समय* वर्ष ३ अंक ११२ को शून्य समयमा लेखिएको 'प्रचण्डलाई आतंकबाट मुक्ति देऊ' साह्रै समय सान्दर्भिक लाग्यो। तर, अहिलेको परिस्थितिमा के यो सम्भव होला ? के माओवादी नेतृत्व गरिरहेका प्रचण्डलाई मुलुकमा शान्तिको विरुद्ध रहेकाहरूले उनलाई राजनीतिक मूलधारामा सुरक्षित अवतरण गर्न देलान् वा नदेलान् ? सम्भवतः प्रचण्डका लागि पनि चुनौतीको विषय रहनेछ उनी स्वयंलाई आतंकबाट मुक्ति दिलाउनु।

मुलुकको राजनीति मात्र होइन शान्तिको जिम्मा समेत अहिले प्रचण्डको हातमा रहेको आम नेपालीले अनुभूत गरिरहेका बेला यदि प्रचण्ड स्वयंले आफूलाई आतंकबाट मुक्ति दिलाउन सके भने उनको ठूलो विजय मानिनेछ। किनकि अहिले आम नेपालीले चाहेको मुख्य कुरा नै शान्ति हो।

**बिनोद कट्टेल**
बनेपा-४
हाल : मैतिदेवी

## खुट्टा तान्ने काम नगरौं

*समय*को गत अंकमा काठमाडौं विश्वविद्यालयका उपकुलपतिको अन्तर्वार्ताप्रति यस पाठकको ध्यानाकर्षण भएको छ।

डा. सुरेशराज शर्मा लगायतका केही ऊर्जाशिल व्यक्तिहरूको अथक प्रयास र मेहनतबाट काठमाडौं विश्वविद्यालयले पुग-नपुग डेढ दशकभित्रै शैक्षिक विकासमा ठूलो फड्को मारेको वास्तविकता कसैबाट लुकेको छैन। मूलतः 'देशभित्रै गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न सके देशका विद्यार्थीहरूले महँगो शुल्क तिरेर शिक्षा हासिल गर्न विदेशतर्फ भौतारिनु पर्ने थिएन' भन्ने भावनाबाट प्रेरित भई स्थापित यस विश्वविद्यालयले आफ्नो उद्देश्यअनुरुप क्रमिक रुपमा सफलता प्राप्त गर्दै गएको तथ्य छर्लंग छ। यस विश्वविद्यालयले प्राप्त गरेको यो उपलब्धि कुशल नेतृत्व/व्यवस्थापन तथा शिक्षक र कर्मचारीहरूको लगनशीलताकै कारणले हो।

तैपनि विगत केही सातादेखि काठमाडौं विश्वविद्यालयबारे पत्रपत्रिकामार्फत विभिन्न टीका टिप्पणी प्रकाशित भइरहेका छन्। ती टीका टिप्पणी मुख्यतया नेतृत्व तहमा बस्नेहरूबाट भ्रष्टाचार भएको, नातावादलाई प्रश्रय दिइएको, शिक्षक पदोन्नतिमा मनोमानी भएको तथा प्राध्यापकहरूको युनियन गठन आदि बारे केन्द्रित छन्। एकातर्फ देश विदेशका दाताहरूबाट प्राप्त अनुदान सहयोगबाट क्रमिक रुपमा झाँगिँदै गएको यस विश्वविद्यालयको संस्थापन कालदेखि नेतृत्व प्रदान गर्दै आएका व्यक्तिहरू भ्रष्ट प्रवृत्तिका भए विश्वविद्यालय यो स्तरमा पुग्ने नै थिएन भने अर्कोतर्फ स्वतस्फुर्त रुपमा शिक्षा क्षेत्रमा समर्पित भई विश्वविद्यालय स्थापना तथा विकासमा जुटेका व्यक्तिहरूले कार्य सहयोगका लागि ऐन नियमको परिधिभित्र रहेर विश्वासी, सक्षम केही नगण्य व्यक्तिहरूलाई नियुक्ति गर्नु अपराध नभई आवश्यक पनि हुन्छ।

प्राध्यापकहरूको शैक्षिक अधिकार र हक-हितप्रति विश्वविद्यालय व्यवस्थापन पक्ष संवेदनशील हुनै पर्छ। तर, यसका लागि युनियन नै एक मात्र विकल्प हो भन्ने चाहिँ कदापि होइन। यो त विश्वविद्यालय व्यवस्थापन पक्ष तथा प्राध्यापकहरूबीचको आपसी सहयोग तथा सद्भाव हो। राजनीतिक उद्देश्यले प्रेरित भई गठन हुने युनियनले विश्वविद्यालयको हित गर्दैन। यसका लागि विश्वविद्यालयभित्रका प्रत्येक निकाय (जस्तैः सभा, परिषद्, समिति आदि)मा प्राध्यापकहरूको उचित प्रतिनिधित्व, विषयगत रुपमा प्राध्यापक क्लब तथा फोरमको व्यवस्था मिलाइनु नै उत्तम हुन्छ। विश्वका कयौं उत्कृष्ट विश्वविद्यालयहरू पनि युनियनविना नै चलेका छन्।

पन्ध्र वर्षभित्रै राष्ट्रलाई एक उत्कृष्ट विश्वविद्यालय दिन सक्षम नेतृत्व तह तथा व्यवस्थापन पक्षलाई विभिन्न कपोकल्पित निराधार लाञ्छना लगाई समाजमा भ्रम फैलाउनु पक्कै पनि पुरुषार्थी कार्य होइन। विश्वविद्यालय बाहिरका केही व्यक्तिले आफ्ना व्यक्तिगत स्वार्थ तथा ईर्ष्याका कारण सुनियोजित रुपमा त्यस्ता लाञ्छना लगाई विश्वविद्यालयको गतिमा अवरोध पैदा गर्ने चेष्टा गरेका हुन् भने यो एक दुर्भाग्य हुनेछ र त्यस्ता व्यक्तिलाई काभ्रेवासीले धिक्कार्नेछन्। फलतः देशका चेतनशील वर्गमा उही विचार आउनेछ, सतीले सरापेको देश !

त्यसैले म भन्न चाहन्छु; देशको शिक्षा विकासमा केही गरेर देखाउने दृढ अठोट लिएर केही नागरिक अगाडि बढ्दै छन् भने तिनको खुट्टा तान्ने काम नगरौं। सकिन्छ भने आफू पनि यस्तै उदाहरणीय कार्य गरेर देखाऊँ।

**कमल उपाध्याय**
बानेश्वर



## विज्ञापन कि लेख ?

समयको वर्ष ३, अंक ११३ को च्यानलहरूको प्रतिस्पर्धा पढ्दा समयसँग पेज भर्न कुनै सामग्री थिएन कि भन्ने भान भयो। टेलिभिजनसम्बन्धी उक्त सामग्री, लेख थियो कि विज्ञापन ? यो समेत मैले खुट्याउन सकिनँ। नेपालीका लागि जिम्मेवार पत्रकारिताको उदाहरण बनेको *समय*ले आइन्दा यस्ता कुरामा इज्जत नफालोस्।

**विनोद चाम्लिङ**
इलाम

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# ल्हासा आइपुग्यो रेल




**चीनको महत्त्वाकांक्षी** बेइजिङ-ल्हासा रेलमार्ग सुरु भएको छ। बेइजिङदेखि ल्हासासम्मको ४ हजार किलोमिटर लामो रेलमार्ग ५ हजार ७५ मिटरसम्मको उचाइ हुँदै गुज्रिएको छ। यात्रुहरूमा अक्सिजनको अभाव हुनसक्ने सम्भावनालाई ध्यानमा राख्दै यो रेलमार्गमा चल्ने रेलहरूमा अक्सिजन ट्युबको समेत व्यवस्था गरिएको छ।

विश्वकै सबैभन्दा बढी उचाइबाट गोल्मुद-ल्हासा खण्डको १ हजार १ सय ४० किलोमिटर रेलमार्ग बनाउन ३ खर्ब १५ अर्ब रुपैयाँ खर्च भएको छ। यो रेलमार्ग हुँदै बेइजिङबाट ल्हासाका लागि छुटेको पहिलो १६ डिब्बे रेल असार १९ गते सोमवार बिहान तिब्बती राजधानी आइपुगेको छ।

रेलमा यात्रा गरिररहेका नौ सय यात्रीलाई पहिलो यात्राको अनुभव रोमाञ्चक त भयो नै, डरमर्दो पनि भयो। १३ हजार फिटभन्दा माथिको उचाइमा रेल प्रवेश गरेपछि हावाको न्यून चापले खानेकुराका थैलीहरू फुटे भने ल्यापटप र डिजिटल म्युजिक प्लेयरहरूले काम गर्न छोडे। कतिपय यात्रीहरूले सास फेर्नका लागि अक्सिजन ट्युबकै सहारा लिनुपर्‍यो।

यो रेलमार्ग तिब्बतको पर्यटनमा सहयोगी त बन्ने नै छ, यसको सञ्चालनले तिब्बतमा सामान ढुवानी खर्चमा ७५ प्रतिशत कटौती गर्नेछ। अहिलेसम्म तिब्बत आउने र यहाँबाट चीनको मुख्य भूमि जाने मालसामान ट्रकमार्फत ओसारिन्थ्यो। ६ वर्षअघि सुरु भएको यो रेलमार्ग उस बेला भनेकै समयमा पूरा भएको छ। ■

समय

# आवश्यकता

**यस भृकुटी प्रकाशन प्रालिद्वारा प्रकाशित समय राष्ट्रिय साप्ताहिकको बजार प्रवर्द्धनका लागि केही बजार प्रतिनिधि आवश्यक भएको हुँदा इच्छुक व्यक्तिले सम्पर्क राख्नु होला।**

व्यक्तिगत विवरण बुझाउने अन्तिम मिति : २७ असार २०६३
अन्तर्वार्ता मिति : २९ असार २०६३
न्यूनतम योग्यता : एसएलसी
**अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ।**

विस्तृत जानकारीका लागि

**काष्ठमण्डप डिस्ट्रिब्युशन प्रा. लि.**
टेकु, काठमाडौं, नेपाल
फोन : २०१०८२१, २२२०३२३, ०१६२२०७८५



# सेदीफाँटमा रोपाइँको रन्को

**असार पन्ध्र मानु** खाएर मुरी उब्जाउने दिन । पोखराको सेदीफाँटमा पाँच हल गोरु अघि लगाएर सयौं खेतालाहरू खेतभरि छापिए । रुद्र गौतमको सात रोपनी खेत रोप्न निस्केका बाउसे र रोपाहारको संख्या मध्यान्हसम्म झन्डै हजार पुगेको थियो । गाबो गाँड्न सुरु गर्ने रोपाहार थिइन् लोक गायिका हरिदेवी कोइराला र बाउसे थिए लोकगायक प्रजापति पराजुली ।

पोखरा पर्यटन परिषद्ले आयोजना गरेको तेस्रो असारे रोपाइँ महोत्सवमा पोखराका कलाकार, पत्रकार र पर्यटकहरू पनि मजाले हिलोमा हेलिए । बिहानैदेखि पञ्चेबाजाको धुनमा रोपाइँ सुरु भएको थियो ।

एकातिर हिलोमा लडीबुडी खेल्दै छयापाछ्याप गर्ने रौनक चलिरहेको थियो भने अर्कोतिर असारे भाकाको दोहोरीमा सहभागीहरू गला तानिरहेका थिए । हिलोमा लड्दै पर्यटकहरूले हिलो दौडमा भाग लिए । पाँच हल गोरुका हलीको लागि गोरुदौड प्रतियोगिता पनि आयोजना गरियो । पर्यटकको लागि आयोजित हिलोदौड प्रतियोगितामा कोरियाली नागरिकको समूहले उपाधिमाथि एकल कब्जा जमायो । प्रतियोगिताको पहिलो दोस्रो र तेस्रो स्थान कोरियाली नागरिकहरू क्रमशः जंग उलनी, जिसुक्स सम र डोयोनले ओगटे । गोरुदौड प्रतियोगितामा जनकबहादुर पाण्डेले पहिलो स्थान हासिल गरे । त्यसैगरी नेपालीहरूको लागि आयोजित हिलोदौडमा जगत तिमिल्सिनाले अन्य प्रतिस्पर्धीलाई पछि पारे । रोपाहारको असारे भाका प्रतियोगितामा भने पार्वती पौडेल बिरौटाको समूहले पहिलो स्थान हासिल गऱ्यो । नेपाली र विदेशी महिलाबीच भएको हिलोदौड प्रतियोगितामा अस्ट्रेलियाली महिला बेक्किसले पहिलो स्थान प्राप्त गरिन् ।

पोखरा पर्यटन परिषद्ले हरेक वर्ष असार पन्ध्रलाई रोपाइँ महोत्सवका रूपमा मनाउन विभिन्न कार्यक्रम गर्दै आएको छ । आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन तथा आपसी सम्बन्ध सुधारका लागि प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएका छन् ।

■ **शशि पोखरेल/पोखरा**

## भंग भयो युनिफाइड कमान्ड

**सशस्त्र विद्रोही माओवादीले दाङमा** पहिलोपटक २०५८ मंसिरमा सैनिक व्यारेकमाथि आक्रमण गरेपछि मुलुकमा संकटकालको घोषणासँगै परिचालित संयुक्त सुरक्षाफौजअन्तर्गत युनिफाइड कमान्डलाई सरकारले चार वर्षपछि भंग गरेको छ । सेनाको नेतृत्वमा रहने गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागका गुप्तचरहरू सम्मिलित गराएर युनिफाइड कमान्डका रुपमा संयुक्त सुरक्षाफौज परिचालन गरिएको थियो ।

प्रहरीले मात्र माओवादीसँग लड्न नसकेको र सेनाको नेतृत्वमा युनिफाइड कमान्ड गठन गरिएमा माओवादीविरुद्ध राम्रो सफलता प्राप्त गर्न सकिने सैनिक जर्नेलहरूबाट तत्कालीन सरकारलाई सल्लाह आएपछि युनिफाइड कमान्ड गठन गरिएको थियो ।

सरकार-माओवादीको वार्ताले सकारात्मक परिणाम देखिँदै जाँदा गत साता मन्त्रिपरिषद्को बैठकले युनिफाइड कमान्ड भंग गर्ने निर्णय गरेको हो । अब संयुक्त रूपमा परिचालित हुँदै आएको संयुक्त सुरक्षाफौजको कमान्डमा रहेका प्रहरीलाई फिर्ता बोलाई दरबन्दीअनुसार खटाइने समेत मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ । ■


# रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० वजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

**ठेगाना :**
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
**फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०**
**पोष्ट बक्स, ६९५८, काठमाडौं**
**ईमेल : info@radiosagarmatha.org**

# पूर्वमेयरलाई माओवादीद्वारा श्रमकैद

**माओवादी जनअदालतका** गतिविधि नरोकिएकोप्रति सात दलले आश्चर्य व्यक्त गरिरहेका बेला माओवादी पाल्पाको जनअदालतले एउटा त्यस्तो फैसला सुनाएको छ, जुन फैसलापछि तानसेनका एक पूर्व मेयर तीन वर्षसम्म श्रमकैदको सजाय भोग्दै छन्।

राजाको तानाशाही शासनकालमा भएको नगर निर्वाचनमा तानसेन नगरपालिकामा मेयर पदमा निर्विरोध निर्वाचित धातानन्द भट्टराईलाई माओवादी पाल्पाको जनअदालतले त्यस्तो फैसला सुनाएको हो। उनलाई माओवादीले पाँच वर्षका लागि जिल्ला निकाला गरेको थियो। तर, आफ्नो आदेश उल्लंघन गरेको भन्दै माओवादीले असार ८ गते उनलाई कब्जामा लिएको थियो। तानसेनको सार्वजनिकस्थल शीतलपाटीमा त्यस्तो सजायको फैसला गरिएको हो।

माओवादीले भट्टराईलाई तीन वर्षको श्रमकैदसँगै नगरपालिकाबाट लिएको पेस्की रकम पनि फिर्ता गर्न आदेश दिएको छ।

भट्टराईलाई माओवादी जनअदालतले कारबाही गर्न लागेकामा पाल्पाका १४ वटा संघसंस्थाले विरोधमा वक्तव्य जारी गरेपछि माओवादीले उनको मुद्दा फिर्ता लिई ती संघसंस्थालाई जिम्मा दिन खोजेको थियो। तर, ती संस्थाले भट्टराईलाई जिम्मा लिन अस्वीकार गरेपछि माओवादीले उनलाई सजायको फैसला सुनाएको हो।

त्यस्तो फैसला माओवादी पाल्पाका कावा इन्चार्ज वीरबलले सुनाएका थिए। तर, तानसेनका सर्वसाधारणले भने भट्टराईलाई आफूहरूले जिम्मा लिई कारबाही गर्ने जनाएका थिए।

माओवादीको जिल्ला निकालाको घोषणाको अवज्ञा गर्दै भट्टराई पछिल्लो समयमा घर फर्किएका थिए। माओवादीले आफ्नो आदेश भट्टराईले उल्लंघन गरेको भन्दै कब्जामा लिएको थियो र सार्वजनिक सुनुवाइ कार्यक्रममा मात्र सार्वजनिक गरेको थियो।

भट्टराईले सार्वजनिक कार्यक्रममा उठबस गर्दै आफूले ठूलो गल्ती गरेको जनाउँदै माफी मागेका थिए। उनले आफूमाथिको कारबाही फिर्ता गर्न माओवादीसँग माग गरेका छन्। उनकी आमा पुनकलाले पनि छोरामाथि त्यस्तो कारबाही फिर्ता लिन माओवादीसँग माग गरेकी छन्।

शाही सरकारले गराएको नगरनिर्वाचनमा धातानन्द माओवादी र अन्य दलहरूको आग्रहलाई अवज्ञा गर्दै उम्मदवार बनेका थिए र निर्विरोध निर्वाचित भएका थिए। त्यति बेला सिंगो तानसेन नगरपालिकामा उनी बाहेक अरू कुनै पनि पदमा कुनै उम्मेदवारी परेको थिएन।

उनी तानसेनमा एकमात्र उम्मेदवार बने र त्यसमा पनि देशमै सबभन्दा कान्छा मेयरका रूपमा चर्चा पाएका थिए। पछि माओवादीले जिल्ला निकालाको घोषणा गरेपछि उनी जिल्लाबाहिर गएका थिए।

उनलाई कारबाही गर्नु जायज भए पनि वार्तालाई परिणाममुखी बनाउन आचारसंहिता र समझदारीप्रति प्रतिबद्धता जनाएका बेला माओवादीको कारबाही शैली चित्त नबुझेको पाल्पाका कयौं संघसंस्थाको भनाइ छ। उनीहरू भट्टराईलाई रायमाझी आयोगको प्रतिवेदनपछि कारबाही गर्नु पर्ने तर्क गरिरहेका छन्।

■ **दीपक ज्ञवाली/तानसेन**











अक्षर चिन्ने प्रतिक्षामा
जुम्लाका एक दलित बालक

राजेश घिमिरे

# दलितका लागि छैन शिक्षा

**सबैका लागि शिक्षा** अभियानको नाराले राजधानीलाई जति प्रभाव पार्छ त्यसको एकांश पनि विकट कहलिएको कर्णालीको जुम्लामा प्रभाव पर्न सकेको छैन । दलितहरूका लागि त यो अभियान एकादेशको कथा जस्तै छ । शिक्षा अभियान अहिले पनि जुम्लाका दलितहरूका लागि प्रभावकारी बन्न सकेको छैन । जिल्लाको महत्त्वपूर्ण हिस्सा ओगटेका ३४ हजार दलितमध्ये शिक्षित दलितको संख्या खोज्नु पर्‍यो भने एक हातका औंलामा गन्न सकिन्छ ।

गरिब र पिछडिएका दलितहरूको आर्थिक अवस्थाले गर्दा शिक्षामा दलितहरूको पहुँच झन्डै छैन नै भन्दिए हुन्छ जुम्लामा । जिल्लामा उच्च शिक्षा हासिल गर्ने दलित त एक जना मात्र छन् ।

शिक्षाको लागि जिल्लामा विशेष पहल भएपछि दलितहरूको शिक्षाप्रतिको चासो बढ्दै जान थाले पनि यो क्रम भर्ना गर्नेसम्म मात्र पुगेको छ । जिल्लामा रहेका १ सय २८ विद्यालयमा दलित शिक्षक जम्मा पाँचजना छन् । महिला शिक्षिकाको संख्या एक छ । 'तल्लो कक्षामा दलितहरूको विस्तारै पहुँच बढ्दै गए पनि उच्च शिक्षा हासिल गर्ने दलितहरूको संख्यामा देखिएको कमीले पढाइप्रति उनीहरूको चासो कम भएको हाम्रो अनुमान छ', दलितको प्रतिनिधित्व गर्ने पत्रकार तथा शिक्षक भीम कसिंगर बताउँछन् ।

प्रत्येक वर्ष भर्ना अभियानमा दलितहरूलाई शिक्षाको मूलधारमा ल्याउन ठूला कुरा र योजना बनाइएका भए पनि यसको दीर्घकालीन प्रभाव देखिन सकेको छैन, जुम्लामा । विद्यार्थी भर्ना गर्ने समयमा भर्ना अभियानलाई प्रभावकारी देखाउन दुई तीन महिना दलित विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा भर्ना गराउन तानातान गरिने भए पनि त्यसपछि स्कुलमा दलित विद्यार्थीको संख्या स्वात्तै घट्छ ।

जिल्लामा काम गर्ने संघसंस्थाहरूको गणना गर्ने हो भने धेरैजसो दलित र महिलाका हक अधिकारका बारेमा काम गर्ने संस्था छन् । तर, उनीहरूको प्रभाव भने खासै देखिएको छैन । 'एक दिन आएर स्कुल पठाइदिनु पर्‍यो भन्छन्, हामी पठाउँछौं, सधैं पढाउन थाल्यो भने गाईबाखा कसले हेर्छ ?' गज्याङकोट गाविसका कमारा नेपाली बताउँछन् ।

■ **डिल्ली पाण्डे/जुम्ला**



# सुकन्या एउटा सेवा र टेवाको नाम

■ सुलोचना मानन्धर

**पारिजात र सुकन्या !** यी नाममा एउटालाई अलग राखी हेर्न खोजियो भने यो अपूर्ण हुनसक्छ । पुस्तक आवरणमा 'पारिजात' रहेको जीवनी, आत्मसंस्मरण, उपन्यास आदि कुनैलाई जब पल्टाउन थालिन्छ, सुकन्यालाई पारिजातकै छायाँजस्तो भएर सँगसँगै पढिन्छ । सुकन्याको विगत र वर्तमान जसले नजिकबाट चिनेको छ, उनको गुनगान गाउन थाल्छ, त्यहाँ फेरि उनीसँगै मूलरूपमा पारिजातलाई नै भेटिन्छ ।

अवश्य पनि 'पारिजात' एउटा अजर र अमर नाम भइसकेको छ । पारिजातलाई पारिजात बनाउन क-कसले, के-कस्तो योगदान पुऱ्याएका थिए यो त्यति महत्त्वको विषय नहुन सक्छ अहिले । तर, यसबारे सुकन्याको योगदानबारे मान्छेले भने बिर्सेका छैनन्, जब उनको योगदानबारे चर्चा हुन्छ उनी यो स्विकार्दिनन्- आफूबाट पारिजात बनाउन विशेष योगदान भएको छ भन्नेबारेमा । बरु पारिजातकै कारण र पारिजातले नै आफूलाई अमर बनाएको बताउँछिन् उनी । यति बेला कसले कसलाई अमर बनाएको हो भन्ने प्रश्नको महत्त्व पनि छैन । तर, सुकन्याको सेवाभाव, प्रेम र टेवाको ज्यादै ठूलो महत्त्व थियो- जतिबेला पारिजात स्वयंले आफूलाई शारीरिक र मानसिक रुपले समेत कमजोर भएको कुरा महसुस गर्न पुगेकी थिइन् । पारिजातसँग यति बेला अन्तरंगका कुरा प्रत्यक्ष रुपमा गर्न सकिन्न । तर, उनका आत्मसंस्मरणले सत्य नै बोलेको छ भने उनले एक ठाउँमा लेखेकी छन्, 'कुनै समय मानसिक र शारीरिक यातना खप्न नसकेर एकदिन मैले सुकन्यालाई भनेकी थिएँ, 'सुकन्या, म पराजित जन्मेकी रहिछु ।' त्यसैदिन उनले भनेकी थिइन्, 'तिमी पराजित हुनै सक्दिनौ, तिमी अपराजिता हौ ।' सुकन्याले पारिजातलाई त्यस दिनदेखि पछिसम्म 'अपराजिता' भनेर नै सम्बोधन गर्न थाल्छिन् ।

अपराजिता ! यो शब्दको आफ्नै धेरै अर्थ हुन सक्छन् भावनात्मक र शाब्दिक पनि । कवि लेखक र साहित्यकारहरूका निम्ति प्रिय शब्द पनि हो यो । त्यसैले पारिजातलाई श्रद्धा गर्ने एक चर्चित लेखक तथा साहित्यकार खगेन्द्र संग्रौलाले यो शब्दलाई टपक्क टिपेर पारिजातबारे गीत लेख्छन्- 'पारिजात अपराजिता... पारिजात अपराजिता...' हरेक वर्षको पारिजात स्मृति दिवसमा यही गीतबाट सुरु हुने गर्दछ- सबै कार्यक्रमहरू । सुकन्याको अभिव्यक्ति भावनाको गहिराइ बुझ्ने र पढ्नेहरू कसैले पनि सुकन्यालाई साहित्यकारबाट अलग राखी हेर्दैनन् । तर, उनी स्वयं भने 'लेखक वा कवि'को रुपमा आफूलाई स्विकार्दिनन् । बरु आफू एकजना शिक्षक हुँ पढाउने काम नै सबैभन्दा प्रिय लाग्छ भन्न रुचाउँछिन् । तर, यो त एउटा टाढाबाट देखिने पाटो मात्र हो सुकन्याको । अर्को पाटो हो- क्रान्तिकारी वामपन्थी नेता निर्मल लामासँगको उनको पारिवारिक सम्बन्ध । उनको पारिवारिक जीवनको डिजाइनर वा निर्माता पनि फेरि पारिजात स्वयं नै हुन्छिन् । पारिजातले सुकन्याको निम्ति सुहाउँदो पात्र खोज्ने, भावी जीवनको परिकल्पना वा विचार गरिदिने सबै जिम्मा पारिजातले नै लिन्छिन्, सुकन्या त्यसैमा विश्वस्त हुन्छिन्, 'दिदीलाई मन पर्छ भने हुन्छ भनी स्वीकार गर्छिन् र वैवाहिक जीवन सुरु गर्छिन् ।' तर, सुरुदेखि नै निर्मल लामालाई घरपरिवार, बालबच्चाको पालनपोषण, आर्थिक बोझबाट मुक्त गराई जीवनका सबै बोझ आफै एक्लैले बोक्छिन् । श्रीमतीको रूपमा सुकन्याजस्ती महिला पनि हाम्रो समाजमा सायदै भेटिन्छ होला ।


जीवन संघर्षमा खरो उत्रेकी सुकन्या

तेजबहादुर बस्नेत

एक हातले पारिजातको सम्पूर्ण साथ दिने अर्को हातले पारिवारिक बोझ बोक्दै अनि आफैद्वारा निर्माण गरिएको स्कुलको सम्पूर्ण जिम्मेवारी वहन गर्ने एक विशिष्ट महिलाको बारेमा पारिजातकै कलमबाट अझ प्रस्ट बुझ्न सकिन्छ : 'टोलका सारा भुराभुरीको ऊ नेता, टोलको भुस्याहा कुकुरहरूको ऊ संरक्षक, पुरानो लुगा संकलन गर्नु र बाँड्नु उसको सोख । फुर्सदका क्षणहरूमा पुस्तकालय, लाटा बहिराको शिक्षासम्बन्धी अध्ययन गर्छे र उसको लक्ष्य पनि यही हो । काँतर छे ऊ सीमाभन्दा बढी र उसको काँतरपन जीवनको सबैभन्दा ठूलो अवगुण भइदिएको छ । यसरी एउटी हिरो पर्सिपर केटीले आफ्नो समस्त काँतरपन यथावत् ओढेर निर्मल लामालाई वरण गर्छे मनमा । काँतरपन र हिरो पर्सिवर यी दुई विरोधी तत्त्वहरूलाई कहाँ लगेर उसले सम्झौता गरेकी छे त्यो म जान्दिनँ । तर, बिहेको सपनालाई उसले एक पत्र रंग दिन पनि भ्याइन । भूमिगत हुँदाहुँदै निर्मल लामा जेल परिदिए, मैले ओछ्यान पक्रेँ । त्यसपछि विगत दस बाह्र वर्षभरिमा उसले कति दुःख झेली त्यसको बयान लेख्न कमभन्दा कम मेरो कलममा त सामर्थ्य छैन ।' सुकन्याकै नाममा समर्पण गरेको 'अध्ययन र संघर्ष' आत्मसंस्मरणको सानो अंश मात्र हो यो । तर, यो उनको युवाकालको एउटा प्रस्ट चिज जस्तो लाग्छ । विगतको संघर्षको एउटा सानो अंश हो यो भने वर्तमान पनि संघर्षभन्दा अलग छैन । एकातिर पारिजात- अर्कातिर निर्मल लामा हुँदा आफू बीचमा सुरक्षित भएको महसुस गर्ने सुकन्याले विगतको संघर्षको कथा सम्झँदा आफूले दुःख गरेँ भन्ने पीडा होइन बरु पारिजातलाई छिटो गुमाएँ भन्ने कुराले बढी दुःखी हुन्छिन् उनी र उनको जीवनमा नै सबैभन्दा गहन कुरा सम्झनाले सताउने कुरा पनि पारिजात नै भएको कुरा स्विकार्छिन् र जबजब पारिजातलाई सम्झिन्छिन् गहभरि आँसुले भिजाउँछिन् पनि ।

प्रचार प्रसारमा हत्पति बाहिर आउन नचाहने सुकन्या उनले आफूलाई राजनीतिक व्यक्तित्व भन्न पनि चाहँदिनन् र सुन्दर साहित्य लेखनमा हात बढे पनि आफूलाई साहित्यिक व्यक्तित्वमा पनि दर्ता गरिनन् । बरु पारिजात स्मृति प्रतिष्ठानलाई कसरी बलियो बनाउने र निरन्तरता दिने भन्ने लक्ष्यमा देखिन्छिन् र हरेक वर्ष- कम्तीमा एकजना संघर्षशील महिला प्रतिभा खोज्छिन् र 'पारिजात संघर्षशील नारी सम्मान'बाट प्रोत्साहित पार्छिन् ।

जीवन संघर्षमा महिलाहरूको योगदानबारे कुरा गर्दा यिनै साठी वर्ष नाघेकी, दार्जीलिङमा जन्मेकी, सानैमा आमा गुमाएकी, बाबुको घुँडा चुसेर हुर्केको कुरा सुनाउछिन् सुकन्याले । काठमाडौंमा आउँदा बाहिर देखाउनै नमिल्ने आर्थिक पीडा मात्र थियो- पारिजात र सुकन्यासँग- दाजुसँग पुतलीसडकको डेरामा बस्दा एकजोर मात्र जुत्ता थियो दुईजना दिदीबहिनीको निम्ति, एकजनाले लगाए अर्को घरैमा बसेर कुर्नु पर्ने । त्यो अवस्थाबाट पढाइ अगाडि बढाउन पैसाको समस्या, काम खोज्ने जीवन धान्ने यावत् समस्या । यति बेलासम्म पनि संघर्ष र समस्याबाट अलग छैनन् सुकन्या । तर, यति बेला काममा डुबेकी छन् हत्पति फुर्सद नै हुँदैन उनलाई, स्कुलको निर्माणदेखि सञ्चालनका सम्पूर्ण जिम्मेवारी छँदै छ ।

सरल जीवन उच्च विचारलाई आफ्नै जीवनमा लागु गरेकी छन्, शरीरमा सुनचाँदीका कुनै चिन्ह भेटिदैन । बरु वासनादार एउटा चन्दनको माला गलामा भेटिन्छ र यो पनि दिदीको सम्झनामा कसैले दिएको माला पहिरेकी बताउँछिन् र मौका मिले जप पनि गर्छिन् । जपले मनलाई एकत्रित र शान्त बनाउने कुरामा सहमति जनाउँछिन् ।

जीवन संघर्षमा खरो उत्रनु भएकी सुकन्या दिदीको बारेमा जति वर्णन गरे पनि फिक्का नै हुन्छ होला, आफूलाई लुकाएर सेवामा समर्पित दिदीको त्याग संघर्ष, सहयोग आदिबारे आफूलाई धर्तीजस्तै बनाएर आफ्नो एउटा नाम जोगाउनु भएको छ- सुकन्या ! आज त्यही नाम (सुकन्या)- प्रेम, सेवा र टेवाको नाम भएको छ सदाका लागि ! ■



अझै छ, आफन्तको प्रतीक्षा

# न्यायको प्रतीक्षामा

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

**रात सुरु हुनै लाग्दा** सैनिक जवान मान्छे कुट्न थाल्छन् । यसैबीच सेनाका अधिकृत आदेश दिन्छन्, 'कुट्दा पीडा पोख्ने होइन, नाच्नुपर्छ, हाँस्नुपर्छ ।' कुटाइले थिलथिलो भएका मान्छे बाध्यतावश नाचेको, हाँसेको अभिनय गर्छन् र सैनिक अधिकारी कुटाइ खाएर मरेतुल्य भएको मान्छेहरूको नाच हेरेर सन्तुष्टि लिन्छन् ।

त्यत्तिकैमा अर्का जवान महिला बन्दीहरू लिएर आउँछन् अनि सैनिक अधिकारी राम्रो लागेकोलाई त्यहाँबाट लान्छन्, रातभर कहाँ राख्छन् के गर्छन् थाहा हुँदैन जब उज्यालो हुन्छ रातमा लगिएका युवतीहरू ल्याइन्छन् । कहिलेकाहीं रातमा हेलिकोप्टर पुग्छ र महिला लगायतका बन्दीहरूलाई हेलिकोप्टरमा राखिन्छ । कति फर्केर बिहान आउँछन् त कति आउँदैनन् । फर्केर नआएका कहाँ गए, कसैलाई थाहा हुँदैन । मनभरि यस्ता अनेक पीडा बोकेर न्यायको प्रतीक्षामा छन्, शाही शासन कालमा चिसापानी ब्यारेकमा बन्दी बनाइएकाहरू ।

सात महिनासम्म सेनाको चिसापानीस्थित भीमकाली गुल्ममा बन्दी बनाइएका बाँके, रझेना-३ का विष्णु अर्याल तत्कालिन शाही सेनाको दुर्व्यवहार यसरी सुनाउँछन्, 'मान्छे भएर पशुको व्यवहार गर्दा रहेछन् । छिनछिनमा मान्छे मात्र कुटिरहेको देख्दा लाग्थ्यो, सेना जनतालाई दुर्व्यवहार गर्नकै लागि बनाइएको हो ।' उनी भन्दै जान्छन्, 'उज्यालोसँगै बन्दीहरूलाई छुट्टाछुट्टै बंकरभित्र राखिन्छ । दिनमा पानी परोस् या चर्को घाम लागोस् केही वास्ता छैन । पानी पर्दा जीउ भिज्नु त सामान्य भयो, बसेको ठाउँ पूरै हिलाम्य हुन्छ । त्यही हिलोमा पूरा दिन बित्छ । कयौं दिन हिलोमा बितायौं ।'

पहिलो संकटकालमा सर्वसाधारणलाई चरम यातना दिएका कारण विवादित हुन पुगेको उक्त गुल्मका कारण सिंगो सेनाको बेइज्जती भए पनि तत्कालीन गुल्म प्रमुखलाई अहिलेसम्म कारबाही नगर्नुले यसमा माथिल्लो सैन्य निकायकै भूमिका र आदेश थियो भनेर अनुमान लगाउने थुप्रै पीडितहरूको गुनासो जस्ताको तस्तै छ । 'पीडकलाई सेनाको माथिल्लो निकायले कारबाही नगरे पनि एक दिन उनीहरू पक्कै ब्यारेक छोडेर बाहिर आउनेछन्, त्यो बेला छोड्दिनँ', सेनाको चरम यातना पाएर अहिलेसम्म निको नभएका अर्यालले ***समय***सँग भने, 'विना कुनै कसुर सर्वसाधारणलाई पक्राउ गरेर यातना दिंदा पनि सबै चुप लागे, उद्दण्डहरूलाई कारबाही भएन ।'

अर्याललाई पहिलो संकटकालका बेला २०५८ साल चैत २ गते सेनाका तत्कालीन क्याप्टेन रमेश स्वाँरले पक्राउ गरेका थिए । पक्राउ गरिएका मान्छेहरूलाई ब्यारेकमा राख्न नपाइने कानुनविपरीत तत्कालीन भीमकाली गुल्मका मेजर र क्याप्टेनको समूहले दिनैपिच्छे सर्वसाधारणलाई पक्राउ गरेर कुटपिट र बलात्कार लगायतको आरोप लाग्दै आएको छ । आफूले खोजिरहेको बाबु नभेटेपछि सेनाले नेपालगन्जका दुई मुस्लिम युवतीलाई बलात्कार गरेको घटना एमनेस्टी इन्टरनेसनले सार्वजनिक गरे पनि दोषीमाथि कारबाही हुन सकेको छैन ।

'एकै घरका आमाछोरीलाई पक्राउ गरेर आमालाई अन्य बन्दीहरूसँगै राख्ने र छोरीलाई रातभर बाहिर लिएर गएको पनि देख्यौं । तर, विरोध त के कसैले कुरा गर्न पनि सक्दैनथ्यौं', सैनिक हिरासत बस्दाको अनुभव सुनाउँदै ४० वर्षीय अर्याल भन्छन्, 'एक छिनअघि खाएको खाना एक छिनपछि पेटमा बेलनले पेलेर मुखबाट निकाल्नेसम्मका पीडा दिएको थियो चिसापानी ब्यारेकले ।' सधैं मोजमस्ती र अरूलाई दुर्व्यवहार गरेर रमाउने सेनाका अधिकारीहरूलाई यतिखेर जनताको बलबाट आएको सरकारले कुनै पनि हालतमा कारबाही गर्नुपर्ने पीडितहरूको माग छ । 'जागिरबाट निकाल्नु कुनै कारबाही होइन, उनीहरूकै कारण कयौं मान्छेमा जिन्दगीभर पीडा थपिएको छ भने कयौं सर्वसाधारण अंगभंग भएका छन्', पीडितहरू प्रश्न गर्छन्, 'के सेनाको दुर्व्यवहार र यातनाले उनीहरूले नियन्त्रण गर्न खोजेका माओवादी कमजोर भएका थिए ?'

तत्कालीन चिसापानीको सेनाले माओवादीको आरोपमा सर्वसाधारणलाई चरम यातना दिने मात्र गरेको थिएन, पक्राउ गरेका मान्छेबाट पैसासमेत असुल्ने गरेको पीडितहरूले आरोप लगाएका छन् ।


विष्णु अर्याल

**‘पीडकलाई सेनाको माथिल्लो निकायले कारबाही नगरे पनि एक दिन उनीहरू पक्कै ब्यारेक छोडेर बाहिर आउनेछन्, त्यो बेला छोड्दिनँ’, सेनाको चरम यातना पाएर अहिलेसम्म निको नभएका विष्णु अर्यालले *समय*सँग भने ।**

नेपालगन्जका व्यापारी मोहम्मद हारुन अन्सारीबाट १६ लाख रुपैयाँ र कोहलपुरका रामप्रसाद पोखरेलबाट ५ लाख रुपैयाँ लगायत थुप्रै व्यक्तिबाट पैसा असुलेको आरोप लाग्दै आएको छ ।

माओवादीको आरोपमा पक्राउ परेका रामप्रसाद पोखरेलको ५ लाख रुपैयाँ सेनाले ब्यारेकमै रहँदाको अवस्थामा निकाल्न लगाएको श्रीमती चन्द्रकलाको आरोप छ । ‘घडेरी र गाडी बेचेको पैसा थियो त्यो’, चन्द्रकलाले भनिन्, ‘मान्छे पनि बेपत्ता, पैसा पनि गायब यो कतिसम्मको अन्याय हो ?’

२०५८ साल माघ १३ गते पक्राउ गरेर बैंकबाट पैसा निकाल्न लगाएपछि सेनाले पोखरेललाई अहिलेसम्म बेपत्ता पारेको छ ।

बेपत्ता नागरिकहरूको सोधीखोजीमा लागिरहेको एडभोकेसी फोरमका अनुसार सुरक्षाकर्मीले बेपत्ता पारेका २ सय ७० जनाको बारेमा अहिलेसम्म केही पत्ता लागेको छैन । बाँके-बर्दियामा धेरैजसो मान्छे बेपत्ता पार्ने र हत्या गर्ने गतिविधिमा चिसापानी ब्यारेक सामेल भएको थियो । सेनाको ब्यारेकमा बसेका पीडितहरूका अनुसार कयौं बन्दीलाई हेलिकोप्टरबाट समेत खसालेर हत्या गरिएको थियो ।

विसं २०५८/०५९ मा बाँके र बर्दियामा माओवादीको आशंकामा सर्वसाधारणदेखि लिएर पत्रकार, वकिल, मानवअधिकारवादी, शिक्षक, चिकित्सक र व्यापारीसमेत सेनाको निसाना बनेका थिए ।

माओवादीलाई उपचार गरेको आरोपमा नेपालगन्ज मेडिकल कलेजका उपनिर्देशक डा. जितेन्द्र महासेठ, माओवादी कार्यकर्ताको मुद्दाको बहस गरेको अभियोगमा कानुनव्यवसायी शालिकराम सापकोटा, टीकाजंग सिंह, व्यापारी दामोदर आचार्य, प्रमोद जलान, शेषकान्त शर्मा लगायतका व्यक्तिलाई समेत सेनाले ब्यारेकमा लिएर लामो समयसम्म यातना दिएको थियो । डर र त्रासका कारण कयौं सञ्चारकर्मीले सेनाले सर्वसाधारण पक्राउ गरेको सूचनासमेत सम्प्रेषण गर्न सकेका थिएनन् । सेनाले शंका लागेकै भरमा ब्यारेकमा लिएर यातना दिने क्रम थियो ।

एडभोकेसी फोरमका अनुसार सेनाबाट यातना पाउने क्रम अघिल्लो वर्षसम्म अधिक रहेको थियो । संकट कालका बेला कति सर्वसाधारणले सुरक्षाकर्मीबाट यातना पाएका थिए भन्ने यकिन तथ्यांक पाउन नसकिए पनि सन् २००५ मार्चदेखि सन् २००६ अप्रिलसम्म मध्यपश्चिममा सेनाले ९४ जनालाई यातना दिएको रेकर्ड एडभोकेसी फोरमले सार्वजनिक गरेको छ । यो अवधिमा सशस्त्र प्रहरीले ४ र जनपद प्रहरीले २२ जनालाई यातना दिएका थिए भने माओवादीबाट यातना पाउनको संख्या १३ थियो । नेपालमा क्षतिपूर्ति ऐनको व्यवस्था भए पनि सेनाबाट यातना पाएका व्यक्तिहरूले क्षतिपूर्तिको मुद्दा दर्ता गराएका छैनन् । यातना पाएको ३५ दिनसम्म क्षतिपूर्तिको लागि मुद्दा दर्ता गरिसक्नु पर्ने कानुनी प्रावधानले धेरै पीडितको म्याद गुज्रिसकेको छ । ■

## ‘लासको फोटो दिन्छु भन्थ्यो, दिएनन्’

कोहलपुरका रामप्रसाद पोखरलेलाई शमशेरगन्जका सशस्त्र प्रहरीले पक्राउ गरेपछि भेट्न पटक-पटक सुरक्षा क्याम्पमा पुगेको बेला चिसापानीस्थित भीमकाली गुल्मका क्याप्टेन रमेश स्वाँरले ‘तेरो लोग्ने मरिसक्यो, लासको फोटो दिन्छु’ भने पनि अहिलेसम्म नपाएको श्रीमती चन्द्रकला बताउँछिन् ।

कहिले शमशेरगन्ज त कहिले नेपालगन्ज अनि कहिले चिसापानी पुग्दा एक दिन स्वाँरले ब्यारेकमा लोग्ने मारिएको बताए । तर, ब्यारेक पुग्दा मरेको लोग्नेको फोटो हेर्न आएकी होस् भनेका थिए । तर, उनले फोटो कहिले पनि दिएनन् र उनीभन्दा माथिका सैनिक अधिकारीलाई भेट्न पनि नदिएको चन्द्रकलाको गुनासो छ । माओवादीको आरोपमा २०५८ माघ १३ गते महादेवपुरीबाट सशस्त्र प्रहरीले पक्राउ गरेका रामप्रसादको अवस्था अहिलेसम्म पनि घरपरिवारले थाहा पाउन सकेको छैन । ‘मरेबाँचेको कुनै जानकारी छैन’, चन्द्रकला भन्छिन्, ‘मारिएको भए जानकारीसम्म दिए पनि मन एकोहोरो त हुने थियो ।’ रामप्रसादलाई पक्राउ गरिसकेपछि वाणिज्य बैंक कोहलपुर शाखामा मौज्दात ५ लाख रुपैयाँ पनि सेनाले लिएको चन्द्रकलाको आरोप छ । ‘सम्पत्ति र ज्यान एकैचोटि गयो’, उनी भन्छिन्, ‘परिवारको अवस्था बेहाल छ ।’ ■


रामप्रसादकी आमा


डा. कपिलदेव उपाध्याय

तेजबहादुर बस्नेत

**मानसिक अस्पतालका निर्देशक डा. कपिलदेव उपाध्यायका अनुसार यस्ता सममस्याबाट पीडितहरूमा अत्यन्त डराउने, सानो आवाजले पनि तर्सने, आत्तिने, निदाउन नसक्ने, आक्रोशित हुने र अरूलाई कुटपिट गर्ने समस्या देखिन्छन् ।**

# मनमा अशान्ति

■ **अदिति शर्मा/काठमाडौं**

**मानसिक शान्तिका लागि** उनले माओवादीको जनसेना परित्याग गरी नेपाली सेनासमक्ष आत्मसमर्पण गरिन् । तर, त्यसको चार वर्ष पुगिसक्दा पनि १८ वर्षीया उर्वशीको मनले शान्ति भेटाउन सकेको छैन । आत्मसमर्पणपछि पुछताछका क्रममा सेनाले उनीबाट लिएको सूचनाका आधारमा माओवादीमाथि आक्रमण गऱ्यो र केही क्षति गराउन सफलसमेत भयो ।

'मलाई जति बेला पनि उनीहरूले मार्छन् कि जस्तो मात्र लागिरहन्छ', उर्वशी भन्छिन्, 'न दिनमा चैनसँग बस्न सक्छु न रातमा सुत्न नै, सधैं उनीहरूले दिने सजायको डर मात्र लागिरहन्छ ।'

सशस्त्र द्वन्द्वका समयमा देखेका दृश्यहरूका कारण सात वर्षीय उदय जति बेला पनि आफू ठूलो भएर मान्छे मार्ने काम गर्ने बताइरहन्छन् । भिडन्तको प्रत्यक्ष दृश्य देखेकी ५ वर्षीया रिताको त्यसपछि त बोली नै बन्द भयो । पन्ध्र वर्षीय रामको अवस्था त्यस्तै नाजुक छ । माओवादी भएको आरोपमा सेनाको यातना सहन बाध्य राम अझै पनि निद्रामा चिच्याउँछन्, आफ्नै लुगा च्यात्छन् र बिउँझिएपछि भन्छन्, 'राति सेना आएको थियो, मैले सबलाई पिटेर भगाइदिएँ ।' उता माओवादीबाट आफ्नी दिदीले पाएको यातनाको प्रत्यक्षदर्शी एघार वर्षीय रुपक र तेह्र वर्षीया रुविनाले त्यसपछि राम्ररी पढ्न सकेका छैनन्, उनीहरूका आँखाअगाडि तिनै दृश्य झलझली आइरहन्छ ।

अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार बालबालिकालाई द्वन्द्वबाट जोगाउनु पर्ने भए पनि नेपालमा १२ वर्षसम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा हजारौं बालबालिका द्वन्द्वको प्रत्यक्ष मारमा परेका थिए । मुलुक यति बेला शान्तिको बाटोमा हिँड्ने प्रयास गरिरहेको छ । तर, उर्वशी, उदय, रिता, राम, रुपक र रुविना (परिवर्तित नामहरू) जस्ता हजारौं बालबालिकाको मनको शान्ति भने निकै टाढा देखिएको छ । यी बालबालिका यति बेला मनोसामाजिक समस्याबाट पीडित भएका छन् जसलाई चिकित्सा शास्त्रको भाषामा पोस्ट ट्रोमाटिक स्ट्रस डिसअडर भनिन्छ ।

मानसिक अस्पतालका निर्देशक डा. कपिलदेव उपाध्यायका अनुसार यस्ता सममस्याबाट पीडितहरूमा अत्यन्त डराउने, सानो आवाजले पनि तर्सने, आत्तिने, निदाउन नसक्ने, आक्रोशित हुने र अरूलाई कुटपिट गर्ने समस्या देखिन्छन् । यसअतिरिक्त उनीहरूमा डिप्रेसनको समस्या पनि देखिन्छ । डिप्रेसन भएकाहरू भविष्यका बारेमा साह्रै चिन्तित देखिन्छन्, कसैलाई विश्वास गर्न सक्दैनन् । कतिपयमा एन्जाइटी न्युरोसिस पनि देखिन्छ । यस्तो समस्या भएकाहरूलाई टाउको दुख्ने, पेट दुख्ने र वाकवाकी लागि रहने भइरहन्छ ।

यस्तो समस्या भएकाहरूको संख्या मुलुकमा कति छ ? यकिन तथ्यांक उपलब्ध छैन । डा. उपाध्याय भन्छन्, 'यस्ता समस्या लिएर अस्पताल जानेहरूको संख्या कम छ । तर, अस्पताल आउनेहरूको संख्यामात्र हेरेर नेपालमा यो समस्या न्यून छ भन्न सकिने अवस्था पनि छैन ।' उनका अनुसार भौगोलिक जटिलता, आर्थिक अभाव, आफूलाई समस्या छ भन्ने ज्ञान नहुनु र त्यसको उपचार हुनसक्छ भन्ने थाहा नभएकाले पनि उनीहरू अस्पताल वा चिकित्सकको सम्पर्कमा आउँदैनन् ।

डा. उपाध्याय भन्छन्, 'द्वन्द्वको प्रभावले हुने मनोसामाजिक समस्या कुनै जटिल मानसिक समस्या होइन । तर, उपचार नभए मानिसको मनभित्रको भय र आक्रोशले जीवनलाई स्वभाविक रुपमा चल्न दिँदैन ।' डा. उपाध्यायका अनुसार यस्ता खाले धेरै कम समस्याका लागि मात्र औषधीको आवश्यकता पर्छ र त्यो पनि एकदम छोटो अवधिका लागि मात्र । यस्तो समस्यामा त पीडितको मनभित्रको बह सुनिदिए मात्र पुग्छ । आक्रोश पनि एउटा शक्ति हो त्यसलाई एउटा मार्गमा रुपान्तरण गर्न सकेको खण्डमा उनीहरूको जीवन उद्देश्यपूर्ण हुन्छ । यो समस्या निराकरणमा मेडिकल डाक्टरहरूको भन्दा पनि परामर्शदाताको भूमिका महत्त्वपूर्ण हुन्छ ।'

यस्तै विचार राख्छन् सहारा परामर्श केन्द्रका प्रमुख केदार रायमाझी । उनी भन्छन्, 'मनोसामाजिक परामर्शदाताले पीडित व्यक्तिको कारक तत्त्व पत्ता लगाएर समस्या समाधान गर्न मद्दत गर्छन् । यस्तोमा परामर्श दिने र लिने बीचमा निश्चित मुद्दामा खुला छलफल गरिन्छ र समाधानको बाटो पत्ता लगाइन्छ ।'

रायमाझीका अनुसार परामर्शदाताले पीडित व्यक्तिमा रहेका क्षमता र योग्यताजस्ता सकारात्मक पक्ष र डर त्रास, आक्रोशजस्ता नकारात्मक पक्षको पहिचान गरी सहयोग गर्छन् ।

रुकुम, रोल्पा र सल्यानजस्ता द्वन्द्वबाट बढी प्रभावित क्षेत्रमा काम गरिरहेका बालमजदुर सरोकार केन्द्रका मनोवैज्ञानिक पद्मप्रसाद घिमिरे मनोसामाजिक समस्याको न्यूनीकरणमा परामर्शले प्रभावकारी भूमिका खेलेको आफ्नो अनुभव सुनाउँछन् । घिमिरे भन्छन्, 'द्वन्द्वका कारण बालबालिका विद्यालय जान नमान्ने, पढाइप्रति वितृष्णा आउने, एकाग्र नहुने, गाउँमा नयाँ मान्छे वा हेलिकोप्टर देख्नासाथ लुक्नेजस्ता समस्या हामीले देख्यौं । यस्ता समस्यामा परामर्शले नै प्रभावकारी काम गरेको हाम्रो अनुभव छ ।'

यी विशेषज्ञहरूका अनुसार मुलुकमा यस्ता समस्याबाट पीडितको संख्या निकै छ । द्वन्द्वसँगै यसको उपचार गरिएन भने भविष्यमा यसले निकै ठूलो समस्या ल्याउन सक्छ । यो समस्याको समाधानका लागि अनुसन्धानको खाँचो छ । ■

**पशुपति क्षेत्रमै रहेको बागमती नदीको बाँध समयमा नखोलेका कारण बाढीले नदी किनारका नौ घर बगाएका हुन् ।**

# नौ घर बगे



भास्कर ओझा

▲ समयमै पशुपति क्षेत्र विकास कोषले बाँध नखोलेकाले विपत्ति सहनु परेको आरोप छ बाढीपिडितहरूको ।

**राजधानीको विश्वकप** फुटबलको रौनकमा मस्त भएका बेला बागमतीमा पनि बाढी आउला भन्ने कमैले साचेका थिए । तर, भयो यस्तै । राजधानीको पूर्वी भेगमा रहेको पशुपति क्षेत्रस्थित बागमती नदीमा आएको बाढीले नौवटा घर हेर्दाहेर्दै बगायो ।

पशुपति क्षेत्रनजिकै रहेको बागमती बाँध समयमा नखोलेका कारण पानी जम्मा भएर असार १८ गते मध्यरातमा बाढीको रूप लियो । नसोचेको अवस्थामा बाढीको सामना गरेपछि स्थानीय बासिन्दाले क्षतिपूर्ति माग गर्दै पशुपति क्षेत्र विकास कोषलाई दबाब दिन थालेका छन् ।

पशुपति क्षेत्र विकास कोषले आर्यघाटको दक्षिणतर्फ पानी संकलनका लागि ढोका लगाउन र खोल्न मिल्ने बाँध निर्माण गरेको थियो । तर, असार १८ गते राति एक्कासि बागमतीमा बढेको बाढीले नदी छेउछाउमा निर्माण भएका घरहरू बगाएर लगेको थियो ।

बागमतीको मुहान सुक्दै जाँदा र प्रतिवर्ष बागमतीको बहाव कम हुँदै जाँदा तीन वर्षदेखि यो बाँध खोल्ने गरिएको थिएन । उक्त दिन बिहान आएको बाढीले घर बगाएको थाहा पाएपछि घटनाको तीन घन्टापछि क्रेन बोलाएर बाँधको ढोका खोलिएको थियो । 'समयमै सहयोग पनि पाइएन, आँखाअगाडि आफ्नो सबै थातबास बगाएको हेर्नु पऱ्यो', बाढीबाट घरबार गुमाएका गंगाधर गौतम बताउँछन् ।

समयमै पशुपति क्षेत्र विकास कोषले बाँध खोल्नेतिर ध्यान नदिएका कारण यो विपत्ति सहनु परेको आरोप लगाउँदै आफ्नो नोक्सानीको क्षतिपूर्ति दिनु पर्ने माग दाबी पीडितहरूले गरेका छन् । तर, यो आरोप खण्डन गर्दै पशुपति विकास कोषका प्रशासक श्यामसुन्दर झा भन्छन्, 'पशुपति विकास कोषले पहिलेदेखि नै बालाजु यन्त्रालयलाई ढोका बिग्रिएको जानकारी दिएको तर उनीहरूले हाम्रो कुरा नसुनेका कारण यो घटना भएको हो ।'

स्थानीय बासिन्दाहरूले निरन्तर रुपमा पशुपति विकास कोषको विभिन्न कार्यको आलोचना गर्दै आएका छन् । बाढीको यो घटनापछि कोषका सदस्यहरू पीडितहरूका अगाडि नै नपरेको उनीहरू बताउँछन् । तर, नदीको जग्गा मिचेर घर र छाप्रा बनाएकाहरूले यो विपत्ति भोग्न परेको कोषले बताएको छ ।

असार १८ गते आएको बाढीबाट साना छाप्रासहित नौवटा घर बगाउनुका साथै करिब परिवार विस्थापित भएका थिए । आफ्नो सबै सामान बाढीले बगाएको र यसको क्षतिपूर्तिका साथै घर पुनर्निर्माण कोषले नै गरिदिनु पर्ने बाढी पीडितहरूको माग दाबी छ । उनीहरू पशुपति विकास कोषले दिउँसो नै बागमतीको बहाव बढ्दै गएको थाहा पाउँदा पाउँदै पनि बाँधको ढोका खोल्नेतिर कुनै चासो नदेखाएका कारण यो घटना भएको समेत आरोप लगाउँछन् ।

■ **ज्योति देवकोटा/काठमाडौं**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट बजे | बिहान ५.००, ५.२०, ६.३० र ७.०० | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट बजे | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*



# कुलत छात्रावासबाटै

■ **गोविन्द परियार/काठमाडौं**

**फेसन र टेलिभिजनका** पर्दामा देखिने पाश्चात्य संस्कृतिको प्रभाव र लागूपदार्थ तस्करहरूको खुलेआम चलखेलले स्कुले किशोरहरू समेत लागूपदार्थ दुर्व्यसनको सिकार हुन थालेका छन् । लागूपदार्थको लतमा फसेर उपचार गर्न पुनःस्थापना केन्द्रमा आएका दुर्व्यसनी अधिकांश स्कुल तथा क्याम्पसको छात्रावासमा बसेकाहरू नै भएको देखिएको छ । नेपाल प्रहरीले दुर्व्यसनीहरूको लत छुटाउने उद्देश्यले खोलेको आसरा सुधार केन्द्रको तथ्यांकले पनि यो कुरा पुष्टि गरेको छ । आसरा सुधार केन्द्रका एक प्रहरी अधिकृत भन्छन्, 'अहिले हाम्रो सुधार केन्द्रमा उपचारको लागि आएकाहरूलाई आधार मान्दा ८० प्रतिशतभन्दा बढीको कुलतमा फस्ने 'टर्निङ प्वाइन्ट' स्कुल तथा क्याम्पसका छात्रावासका नै देखिएका छन् ।'

लागूपदार्थको पछिल्लो कहालीलाग्दो अवस्थाले अभिभावकहरूले आफ्ना छोराछोरी थप असुरक्षित भएको महसुस गर्न थालेका छन् । पीडित अभिभावक हीरामान श्रेष्ठ भन्छन्, 'बच्चाहरू सुधिउन् भनेर महँगो रकम खर्च गरेर छात्रावासमा राखिने तर, त्यहीबाट बच्चाहरू लागूपदार्थको कुलतमा फसे ।'

साधारणतया आफ्ना छोराछोरीको बानी व्यहोरा र पढाइ राम्रो होस् भनेर अध्यनको लागि छात्रावासमा राखिने गरिन्छ । तर, तिनै छोराछोरी त्यही छात्रावासबाट लागूपदार्थको कुलतमा फसेर निस्कँदा अभिभावकलाई कस्तो पीडा होला ? यस्ता असोचनीय पीडाले पक्कै पनि अभिभावकमा स्कुल र छात्रावासप्रतिको विश्वास गुम्नेछ । यस्तै पीडा बोकेकी रिता शेरचन भन्छिन्, 'मेरो छोरोले लागूपदार्थ सेवन गरेको ५ वर्षसम्म पनि छात्रावासको वार्डेन र शिक्षकहरूले कहिल्यै हामीलाई भनेनन्, चुरोट खान्छसम्म भन्थे तर ब्राउन सुगरको कुलतमा फसिसकेको रहेछ ऊ ।'

कतिपय स्कुल तथा छात्रावासले आफ्ना विद्यार्थीले लागूपदार्थ सेवन गरेको थाहा पाए पनि आफ्नो साख र लोकप्रियता गुम्ने डरले स्पष्टरुपमा अभिभावकलाई बताएका हुँदैनन् । छात्रावासमा राखेर आफ्ना छोराछोरी लागूपदार्थको कुलतमा फसेका अधिकांश अभिभावक स्कुलले आफूलाई जानकारी नगराएका कारण समयमै उपचार गर्न नपाएकाले कुलतबाट छुटाउन नसकिएको बताउँछन् । शेरचन भन्छिन्, 'सुरुमै तपाईंको छोरोले लागूपदार्थ प्रयोग गर्छ भनेको भए उसलाई कसरी सुधार्ने भन्नेतर्फ सोच्न सकिन्थ्यो । तर, स्कुलले कहिल्यै सही सूचना दिएन ।' काठमाडौंका ठूला भनिएका अधिकांश स्कुलका छात्रावासहरूमा नै लागूपदार्थको कारोवार हुने गर्दो रहेछ र मेरो छोराले पनि छात्रावासमा नै लागूपदार्थ किनेर खाने गरेको रहेछ ।

लागूपदार्थ दुर्व्यसनीका बारेमा यकिन अनुसन्धान नभए पनि राजधानीका दुर्व्यसनी सुधार केन्द्रहरूमा राखिएका अधिकांश लागूपदार्थ प्रयोगकर्ताहरू आफूहरूले छात्रावासबाट लागूपदार्थ प्रयोग गर्न सिकेको बताउँछन् । लागूऔषध विज्ञ डा. चैतन्य सुब्बा भन्छन्, 'विद्यार्थीहरू 'टिनएज'मा छात्रावासमा बस्ने र यो अवधिमा मानिस परिवर्तन र नयाँ अनुभव गर्न उत्सुक हुने भएकाले जीवनकै जोखिम समय हो । तसर्थ छात्रावास संचालकहरूले आफ्नो जिम्मेवारी गम्भीरताका साथ पूरा गर्नु पर्छ ।'

बच्चाको भविष्यको जिम्मेवारी लिएर छात्रावासमा राखिसकेपछि छात्रावास संचालकले मुनाफामुखीभन्दा पनि मानिसको भविष्यलाई ध्यान दिएर मानवीय व्यवहार गर्नु पर्छ । तर, अहिले केही छात्रावासहरू गैरजिम्मेवार भएको आरोप अभिभावकहरूले लगाएका छन् ।

काठमाडौंलगायत देशका सहरी क्षेत्रका महँगा छात्रावासहरू किशोरहरूका लागि लागूपदार्थ प्रयोग गर्ने सुरक्षित थलोको रुपमा देखापर्न थालेका छन् । छात्रावासमा लागूपदार्थ प्रयोगकर्ताको संख्या बढ्न थालेपछि लागूपदार्थका तस्करहरूको आँखा समेत यस्ता छात्रावासमा पर्न थालेको छ । यस्तै लागूपदार्थको लतमा फसेर अहिले सुधारगृहमा उपचार गराइरहेका रवीन राई भन्छन्, 'गाँजादेखि ब्राउन सुगरसम्म छात्रावासमै आउने गर्थ्यो ।' काठमाडौंको एक चर्चित स्कुलको छात्रावासमा बसेका राईले त्यहाँ नियमित रुपमा दुई वर्षसम्म ब्राउन सुगर खाने गरेको *समय*लाई बताए ।

विद्यार्थीलाई अनुशासनमा बाँध्न विभिन्न नियम पालना गर्नु पर्ने छात्रावासमा कसरी यस्ता महंगा लागू पदार्थ भित्र पुग्छन्, यसले पनि छात्रावासहरूमाथि थप आशंका बढाएको छ । राई भन्छन्, 'छात्रावासमा तल्लोस्तरका कर्मचारीहरूबाट लागूपदार्थ बिक्री हुन्छ ।'

केही वर्षअघिसम्म उच्च घरानाकाहरूले प्रयोग गर्ने महँगा लागूपदार्थ अहिले मध्यम वर्ग हुँदै सडक बालबालिकासम्म पुगेको छ । लागूपदार्थको लतमा फसेका स्वयम्भूका प्रवीण केसी भन्छन्, 'पहिलो पटक १० कक्षामा पढ्दा साथीहरूसँग गाँजा खाएको थिएँ । त्यसपछि बानी पर्दै गयो र पछि त ब्राउन सुगरको लतमा फसियो ।' प्रवीणले ब्राउन सुगरलाई केमिकल रियाक्सन गराएर सिरिन्जबाट समेत प्रयोग गर्ने गरेको बताए । स्कुले किशोरहरूमा देखिएको यो समस्यालाई समयमै नियन्त्रण गर्न सकिएन भने भोलि विकराल रुप लिने विज्ञहरू बताउँछन् । डा. सुब्बा भन्छन्, 'अहिलेको मात्रामा नै वृद्धि हुने हो भने केही वर्षमै अधिकांश युवा लागूपदार्थको कुलतमा लाग्ने भएकोले सरकारले नियन्त्रित संयन्त्र तयार गर्नु पर्छ ।'

अहिलेको विश्वमा लागूऔषध दुर्व्यसन प्रमुख चुनौतीको रुपमा देखा परेको छ । आतंकवादपछिको दोस्रो ठूलो अपराध लागूऔषध कारोवार मानिने गरे पनि यसको फैलावट उकासिँदो छ । नेपालमा लागूपदार्थ सेवनकर्ताहरूका बारेमा यथेष्ट कानुनको अभावमा प्रयोगकर्ताहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको विश्लेषकहरू बताउँछन् । रिचमन्ड महिला सुधार केन्द्रकी संयोजक पूजा निरौला भन्छिन्, 'कानुनको अभावमा लागूपदार्थ

**ब्रजेश थापा (३६)**

हेटौंडाको एक बोर्डिङ स्कुलमा अध्ययनको लागि छात्रावासमा बसेको थिएँ । बुबा जागिरे र आमाको व्यवसाय भएका कारण घरमा हेरचाह गर्ने कोही नभएको कारण मलाई छात्रावासमा राखेका थिए । छात्रावासमा बस्दै जाँदा साथीहरूको संगतले गर्दा एक दिन चुरोट कस्तो हुन्छ भनेर चाख्नको लागि खाइयो । त्यसपछि नदीमा पौडी खेल्न जाँदा साथीले गाँजा लिएर गएको रहेछ । सबैले गाँजा चाख्ने भन्दै खाइयो । गाँजाको नशाले मलाई लठ्ठ पार्‍यो । त्यसपछि अर्को पटक पनि खाऊँ खाऊँ लाग्यो । सधैं शनिवार पौडी खेल्न जाँदा गाँजा खाने गरियो । पछि त गाँजा छात्रावासमै ल्याएर साथीहरू मिलेर खान थालियो । त्यसको ५/६ महिनापछि ट्याब्लेटले झनै आनन्द आउँछ भनेर साथीहरूले भन्न थाले र त्यो पनि खान थालियो । त्यसपछि त लत नै बस्यो । एक दिन खान नपाए पनि मानसिक तनाव हुन थाल्यो । पढ्नै नसकिने भयो । त्यसपछि एसएलसी दिएर छात्रावास छोडियो ।

स्कुल बिदा भएकाले घरमा बस्न थालियो । पहिलाकै साथीहरू मिलेर पुनः लागूपदार्थ प्रयोग गर्न थालियो । यो नै खाने भन्ने हुँदैनथ्यो । जुन उपलब्ध हुन्छ त्यही खाने गरिन्थ्यो । केही समयपछि ब्राउन सुगर प्रयोग गर्न थालें । पछि पछि त ब्राउन सुगरलाई पनि केमिकल रियाक्सन गराएर सिरिन्जमार्फत प्रयोग गर्न थालियो । करिब सात वर्षसम्म यो यसरी नै दिन गुजारा हुँदै गए । पहिला पहिला त घरबाटै पैसा हुन्थ्यो, पछि घरमा लागूपदार्थ खान्छ भन्ने थाहा पाएपछि घरबाट पैसा दिन छाडे । बानी परेको कारण एक दिन पनि नखाई बस्न नसक्ने भएकोले गर्दा त्यसपछि लुटपाट र चोरी गरेर पैसा जुटाउन थालियो । हाम्रो दसजनाको समूहमा केटाकेटी दुवै थिए ।

अहिले भने विगतका गल्तीको प्रायश्चित्त गर्दै पुनर्जीवनमा लागेको छु । विगत ७ महिनादेखि खाएको छैन । कहिलेकाहीं टाउको दुख्ने र आलस्य हुने जस्ता साधरण साइड इफेक्ट देखिने गर्छन् । अहिले व्यायाम गरिरहेको छु । *(गोपनीयताका लागि नाम परिवर्तन)*

**श्रीधर शर्मा**



दाङको एउटा स्कुलमा पढ्दै थिए । घरमा कान्छो छोरो भएकाले गर्दा मेरा बुबाआमाले अध्ययनको लागि काठमाडौंमा पठाए । काठमाडौंको एउटा स्कुलमा चार कक्षामा भर्ना भएर छात्रावासमा बसेर अध्ययन गर्न सुरु गरे । १२ वर्षको उमेरमा एक दिन छात्रावासमा एकजना साथीमार्फत गाँजा खाएँ । केही समयपछि हामीले फेन्सिडिल खान थाल्यौं । फेन्सिडिल पहिलो पटक प्रयोग गर्दा मलाई चरम आनन्दको अनुभव भयो । त्यसपछि मैले ट्याब्लेट पनि प्रयोग गर्न थालें । यो सबै कुरा थाहा भएपछि स्कुलबाट निष्कासन गरियो ।

स्कुलबाट निष्कासन गरेको थाहा भएपछि मलाई अभिभावकले दाङमा लिएर गए । दाङमा पनि केही दिनमै लागूपदार्थ प्रयोग गर्ने साथीहरू फेला पारे । त्यसपछि त भारतको सिमानामा गएर लागूपदार्थ किनेर ल्याउने र खाने गर्न थालें ।

दसैंको टीकाको दिन थियो । म बिहानै लागूपदार्थको खोजीमा घरबाट बाहिर निस्किएँ । आमाले टीकाको दिन भएकाले घरबाहिर नजानभन्दा पनि म बलजफ्ती निस्किएँ । बिहान निस्केको म राति नशाको तालमा घर फर्किएँ । यो देखेर आमाले मलाई तँलाई टीका यही हो भनेर निधारमा खकार थुकिदिनु भयो । करिब १५ वर्षसम्म मेरो अमूल्य समय यस्तै लागूपदार्थको नशामा डुबेर बिते । एक दिन मेरी सानीआमाले मलाई उपचार गराउन आसरा सुधार केन्द्रमा भर्ना गराउनु भयो ।

अहिले करिब तीन वर्ष भयो पूरै लागूपदार्थरहित जीवन बिताएको छु मैले । आफूजस्तै लागूपदार्थको लतमा फसेकाहरूलाई सुधार्ने अभियानमा लागेको छु । अहिले लागूपदार्थ प्रयोगकर्ताहरूलाई सुधार गर्न खोलिएका सुधार केन्द्रहरूमा 'काउन्सिलिङ' गरेर दुर्व्यसनमा फसेकाहरूलाई पुनर्जीवन दिने अभियानमा लागेको छु ।

**शिताष्मा श्रेष्ठ (१८)**

राजधानीको एउटा प्रख्यात स्कुलमा कक्षा नौमा अध्ययन गर्दा साथीहरूसँग घुम्न जाँदा रमाइलोको लागि पहिलोपटक चुरोट खाएकी थिएँ दुई वर्षअगाडि । स्कुलबाट पशुपति घुम्न जाने बहानामा विस्तारै चुरोटको नशा नै बस्यो । हाम्रो दसजनाको केटा र केटीको समूह थियो । चुरोट पिउन थालेको ५-६ महिनापछि हामीले गाँजा खान थाल्यौं । गाँजामा बानी परेपछि नयाँ नशाको खोजीमा नाइट्रोसन ट्याब्लेट खान थालियो । यसको नशाले हामीले चरम आनन्द अनुभूति गर्‍यौं । एक पटकमै ५ देखि १० वटासम्म ट्याब्लेट खान थालियो । नाइट्रोसन कहिले काहीं आफैले औषधी पसलमा गएर खरिद गरिन्थ्यो भने बढीजसो साथीले लिएर आउँथे । हामीले पैसा बाँडेर तिर्ने गरेका थियौं । जुनसुकै स्थलमा प्रयोग गर्न नमिल्ने र महिला भएको कारणले गर्दा पनि बढी सुरक्षित भएर सेवन गर्नु पर्ने भएकाले धेरैजसो साथीहरूको घरको कोठामै खाने गर्थ्यौं ।


केही समयपछि हाम्रै समूहको एकजना साथीमार्फत तीलगंगामा रहेको एउटा रेस्टुराँमा गएर ब्राउन सुगर खान थालियो । त्यति बेला म स्कुल जान छोडिसकेकी थिएँ । ब्राउन सुगर खान थालेपछि भने पैसाको संकट पर्न थाल्यो । एकपटकको ५ सयदेखि १ हजार रुपैयाँसम्म पर्ने भएकाले पैसा पुर्‍याउन गाह्रो भयो । ब्राउन सुगरमा बानी परिसकेकाले गर्दा त्यसको लागि यौनसम्पर्क गरेर पैसा जुटाउन थालें । नफिङ र टिडी जेसिक इन्जेक्सनमार्फत पनि नशा लिने गरिन्थ्यो । यो मेरो सबै लतको बारेमा घरपरिवारदेखि अन्य नातागोतालाई समेत थाहा भयो । धेरैले मलाई सम्झाउने गर्थे तर मैले भने नशा छोड्न सक्दिनथें । अन्तमा करिब पाँच महिनाअगाडि मेरो परिवारले सुधार गृहमा राखेपछि अहिले भने विगतका गल्ती सम्झिएर रुने गर्छु । *(गोपनीयताका लागि नाम परिवर्तन)*

सेवनकर्ताहरू खुलेआमरुपमा लागूपदार्थ सेवन गर्ने गरेका छन् । प्रयोगकर्ताहरूलाई पनि लागूऔषध तस्करीलाई जत्तिकै कडा कानुन भए मात्र यसको फैलावटमा कमी गर्न सकिन्छ ।'

भारतको खुला सीमाको फाइदा लागूपदार्थ तस्करहरूले रामैसँग उठाएका छन् । रक्सौल, रुपैडिहा, जोगवनी लगायतका क्षेत्रबाट सजिलै लागूपदार्थ नेपाल भित्र्याउने गरिन्छ । भारतमा ५० रुपैयाँमा खरिद गरिएको 'ब्राउन सुगर'लाई काठमाडौंमा ५ सय देखि २ हजार रुपैयाँसम्ममा बिक्री गरिन्छ ।

लागूपदार्थका दुर्व्यसनीमा विगत केही वर्षदेखि महिला प्रयोगकर्ताहरूको संख्या सोचेभन्दा बढी भएको छ । सन् २००२ मा महिला दुर्व्यसनीसम्बन्धी एउटा सर्वेक्षणले यो संख्या काठमाडौं उपत्यकामा ५ सयको हाराहारीमा रहेको देखिएको थियो । तर, अहिले त्यो संख्या दस गुना बढेको विज्ञहरू बताउँछन् । निरौला भन्छिन्, 'पुरुषको तुलनामा अहिले महिला दुर्व्यसनीको फैलावटको अनुपात बढी देखिएको छ ।'

दुर्व्यसनको लतमा फसेकाहरूमध्ये अधिकांशलाई एचआइभी पोजेटिभ हुने गरेको छ । रिचमन्ड फेलोसिप नेपालका संयोजक विष्णु शर्मा भन्छन्, 'अहिले रिचमन्डमा उपचार गराइरहेकाहरूमध्ये आधाभन्दा बढीमा एचआइभी पोजेटिभ देखिएको छ ।' लागूपदार्थ दुर्व्यसनको क्षेत्रमा काम गरिरहेका संस्थाहरू नेपालमा एक लाख पचास हजार दुर्व्यसनी भएको अनुमान गर्छन् । ■


# नयाँ नशा

■ **मनीष गौतम/काठमाडौं**

**अहिले लागूपदार्थ** ओसार पसारमा संलग्न गिरोहले नेपाली बजारमा नयाँ लागूपदार्थ भित्र्याएका छन्। मेथामफेटामाइन नामक यो नशा यसअघि बजारमा छ्यासछ्यास्ती पाइने अन्य लागूपदार्थ भन्दा भिन्नै छ। विश्व बजारमा यो लागूपदार्थ गरिब दुर्व्यसनीहरूका लागि 'कोकिन'का रूपमा चिनिएको छ। विश्व बजारमा क्रिस्टल, ट्याब्लेट र धुलोको रूपमा उपलब्ध हुने गरे पनि नेपालमा भने यो ट्याब्लेटको रूपमा भित्रिएको छ।

नेपालमा दुर्व्यसनीहरूमाझ बढी प्रयोगमा आएका लागूपदार्थहरू जस्तै : टिडीजेसिक, हेरोइन तथा नाइट्रोजिपामको नशाले दुर्व्यसनीहरू झोक्राउँथे भने यो लागूपदार्थले प्रयोगकर्तालाई भ्रम तथा उत्तेजनामा ल्याउने गर्छ।

नेपाली बजारमा करिब दुई वर्षअघि फेला परेको यो लागूपदार्थ व्यापक रूपमा दुर्व्यसनीमाझ भने फैलन सकेको छैन। त्यति बेला दुईपटक गरी मेथामफेटामाइन २५ ग्राममात्र भेटिएको थियो। तेस्रो अर्थात हालसम्म अन्तिमपल्ट लागूपदार्थ नियन्त्रण तथा कानुन कार्यान्वयन एकाइले राजधानीमा एक महिलाबाट करिब चार सय ग्राम बराबरको झन्डै तीन हजार ट्याब्लेट बरामद गरेको छ। नेपाली बजारमा एक ग्राम मेथामफेटामाइनको मूल्य करिब दुई हजार रुपैयाँ पर्न आउँछ भने एक ट्याब्लेटको सडक मूल्य दुई सय रुपैयाँ पर्छ।

टिडिजेसिकभन्दा महँगो यो लागूपदार्थ उपलब्धता बढ्दै गए यसप्रति दुर्व्यसनीको आकर्षण रहने विशेषज्ञहरू बताउँछन्। 'यो स्टिमुलेन्ट ड्रग हो जब कि अहिले दुर्व्यसनीहरूले डिप्रेसेन्ट ड्रग प्रयोग गरिरहेका छन्', लागूपदार्थ नियन्त्रण तथा कानुन कार्यान्वयन एकाइका प्रमुख एसएसपी हेमन्त मल्ल भन्छन्, 'स्वभावतः यसले दुर्व्यसनीहरूलाई उत्तेजनामा ल्याउँछ।' थाइल्यान्डमा प्रयोगमा आउन थालेपछि यो लागूपदार्थप्रति दुर्व्यसनीहरूको कतिसम्म लगाव बढ्यो भने हेरोइनको प्रयोग ७८ प्रतिशतबाट १५ प्रतिशतमा झरेको थियो।

नियन्त्रण गर्न सकिएन भने यो लागूपदार्थ कोकिनको विकल्पमा प्रयोग हुने पनि देखिन्छ। महँगो भएका कारण उच्च वर्गका दुर्व्यसनीहरूमा सीमित कोकिनको काम पनि मेटामफेटामाइन जस्तै भ्रम र उत्तेजना बढाउनु नै हो। नेपाली बजारमा एक ग्राम कोकिनको मूल्य सात हजार रुपैयाँभन्दा बढी छ। कोकिनको तुलनामा मेटामफेटामाइन सस्तो भएको हुँदा यसले मध्यमवर्गका लागूपदार्थ दुर्व्यसनीलाई आकर्षित गर्ने देखिन्छ।

लागूपदार्थ नियन्त्रण तथा कानुन कार्यान्वयन एकाइका अनुसार यो लागूपदार्थ काठमाडौंमा उपत्यकामा मात्र सीमित छ र मध्यमवर्गका युवाहरूले प्रयोगमा ल्याएको पाइएको छ। ग्राहक बनेर गएका एकाइका प्रहरीले पछिल्लोपटक बुधमाया तामाङ नाम गरेकी ४० वर्षीया महिलाबाट पछिल्लोपटक हालसम्मकै ठूलो परिमाणमा यो लागूपदार्थ बरामद गरेको हो । उक्त लागूपदार्थ बैंककबाट हवाईमाध्यम हुँदै काठमाडौं भित्रिएको थियो। 'अहिलेसम्म यो लागूपदार्थको फैलावट व्यापक हुन पाएको छैन', मल्ल भन्छन्, 'तर यसलाई विस्तार गर्न दलालहरू संगठित रूपमा लाग्ने सम्भावना धेरै छ। समयमै नियन्त्रण गर्न सकिएन भने यसको व्यापार फस्टाउन सक्छ।'

दुई वर्षअघि लागूपदार्थ व्यापारका गिरोह भारतको कोलकातामा मेटामफेटामाइन औषधी उत्पादन गर्ने प्रयोगशाला निर्माण गरिरहेकै अवस्थामा पक्राउ परेका थिए।

पूर्वी एसियामा बढी प्रयोगमा आएको यो लागूपदार्थको उत्पादन विशेष गरी थाइल्यान्ड, ताइवान, उत्तरकोरिया, फिलिपिन्स, लाओस र म्यान्मामा हुने गरेको छ। यसको नशाले दुर्व्यसनीमा उत्तेजना र भ्रम उत्पन्न हुने भएकाले उनीहरू अपराधका घटनामा पनि सामेल भएको ती मुलुकमा पाइएका छन्।

मेटाम फेटामाइनको प्रयोगले मस्तिष्क कोषलाई सक्रिय बनाउँछ, जसले प्रयोग गर्ने व्यक्तिको अवस्था र चालढालमा एक किसिमको भ्रामक तरंग निम्त्याउँछ। वैज्ञानिकहरूले जनावरमा मेटामफेटामाइनले पार्ने असरबारे गरेको परीक्षणबाट यसले शारीरिक गतिविधि बढ्ने र श्वास-प्रश्वासको गति तेज हुने देखिएको छ। यो लागूपदार्थको प्रयोगबाट मानिसमा हिँडडुल गर्न नसक्ने 'पार्किन्सन' रोग पनि देखा परेको छ। ■

**गरिब दुर्व्यसनीहरूका लागि 'कोकिन'का रूपमा चिनिएको मेथामफेटामाइन एक ग्रामको मूल्य नेपाली बजारमा करिब दुई हजार रुपैयाँ पर्न आउँछ भने एक ट्याब्लेटको सडक मूल्य दुई सय रुपैयाँ रहेको छ।**





जेल सरह छ, जनआन्दोलनका घाइतेहरूलाई सरकारले उपलब्ध गराएको आवासगृह

तस्वीरहरू: तेजबहादुर बस्नेत

■ **किरण भण्डारी/काठमाडौं**

**जनआन्दोलनमा** ज्यानको बाजी थापेर आन्दोलनको अग्रिम मोर्चा सम्हाल्दा घाइते भएको सयौं योद्धाले लोकतन्त्र स्थापना भएको २ महिना नाघिसक्दा पनि विजयको हर्षोल्लास मनाउन पाएका छैनन्। जनआन्दोलनका क्रममा लागेको घाउचोटले अशक्त, अंगभंग र थला परेकाले उनीहरूमध्ये कयौं सफलतापछिका विजयोत्सवलगायतका कार्यक्रममा अनुपस्थित हुन बाध्य छन्।

जितको खुसियालीमा शारीरिक चोटपटकका कारण सम्मिलित हुन नपाइरहेको अवस्थामा आफूहरूकै पौरखमा स्थापित सरकारले गरेको अवहेलनाले उनीहरूको मनमा गहिरो चोट लागेको छ। घाइतेहरूको उपचारमा उदासीनता, अवहेलना र हेयको दृष्टिले हेरिएको भन्दै उनीहरू संगठित भएका छन्। उपचारमा तदारुकता देखाएर यथोचित व्यवहार नगर्ने हो भने आफूहरू आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिँदै घाइतेहरूले तेह्रसूत्रीय माग अघि सारेका छन्। तीमध्ये ५ माग राजनीतिक छन्।

घाइतेलाई लोकतन्त्रवादी योद्धा घोषणा, सरकारी परिचयपत्र, पूर्ववत् श्रम गर्न असमर्थलाई अशक्त भत्ता, आँखा गुमाएकालाई विशेष सहायता, उपयुक्त रोजगारीको व्यवस्था, एकमुष्ट क्षतिपूर्ति, आजीवन निःशुल्क स्वास्थ्य शिक्षा र यातायात सेवा, उपचारका क्रममा बसोवासका लागि आवासगृह, कुरुवालाई आधारभूत सुविधा लगायतका प्रमुख माग रहेका छन्।

२०५९ असोज १८ लाई प्रतिगमनको उत्पत्ति विन्दु मान्दै त्यसपछिका सबै आन्दोलनमा मारिएकालाई सहिद घोषणा र घाइतेलाई उपचार व्यवस्था हुनुपर्ने माग अघि सारिएको छ। 'जनआन्दोलनको निर्णायक १९ दिन जन्माउन साढे तीन वर्ष लामो संघर्षरूपी लगानी भएको छ,' खिचापोखरीमा सख्त घाइते भएका रामेछाप निवासी पदम थापा भन्छन्, 'त्यसैले राज्यले फराकिलो भएर सोच्नैपर्छ।'

राजधानीमा उपचारका क्रममा रहेका जनआन्दोलनका घाइतेहरूले असार १० गते अधिवेशन गरी डा. केदारनरसिंह केसीलाई अध्यक्ष चयन गरेका छन्। समिति सदस्यले विरामीहरूबीच आपसी सहयोग आदान-प्रदान गरिरहेका छन्। सबै विचारको प्रतिनिधित्व गराएर विधिवत् गठित समितिका प्रतिनिधिहरू असार १० गतेदेखि आफ्ना माग प्रस्तुत गर्न सात राजनीतिक दल, सरकारका मन्त्री र विभिन्न निकाय, घाइतेका लागि गठित संसदीय समिति, उपत्यकामा मुख्य अस्पताल र जनआन्दोलन उपचार सहयोग तथा समन्वयन समितिमा धाइरहेका छन्।

'सरकार हाम्रा बारे चिल्ला मिठा कुरा गरिरहेको छ', जनआन्दोलनका क्रममा बुटवलमा घाइते भएर काठमाडौंमा उपचार गराइरहेका पुण्यप्रसाद ढकाल भन्छन्, 'तर राज्यको व्यवहार पूरै रकमी छ।' जनआन्दोलनका क्रममा देशभर ६ हजारभन्दा बढी घाइते भएको दाबी समितिको छ। तीमध्ये ४ सय अशक्त वा पूर्ववत् काम गर्न नसक्ने अवस्थाका छन्।

डा. केसीका अनुसार आन्दोलनका क्रममा तीनजना अन्धो भएका छन्। अठारजनाले एउटा आँखा गुमाएका छन्। मोडेल, वीर र शिक्षण अस्पताल गरी पाँचजना भर्ना भइरहेकै छन्। थप दुईजनाको अहिलेसम्म होस खुलेको छैन। डिस्चार्ज भएर उपचारका लागि ओहोर-दोहोर गरिरहेकाको संख्या ५ सयको हाराहारी छ।

घाइतेमध्ये ५० भन्दा बढीलाई उपचारका लागि विदेश लानुपर्ने अवस्था छ। आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली दाहिने तिघ्रामा लागेका कर्णबहादुर राईजस्ता विरामीको उपयुक्त उपचारमा अहिलेसम्म खासै चासो दिइएको छैन। राईलाई सात दोबाटोमा गोली लागेको हो। घाइतेको शरीरबाट गोली झिक्ने शल्यक्रिया अत्यन्त जटिल हुन्छ। चिकित्सकहरूका अनुसार गोली झिक्दा पूरै वा शरीरको आधा भागमा पक्षघात हुन पनि सक्छ। यस्ता घाइतेलाई शारीरिकभन्दा पनि मानसिक तनावले बढी चेपेको हुन्छ।

गोंगबुमा पेटमा ६ गोली लागेर सख्त घाइते राजन राईको व्यवहारमा बढ्दै गएको अस्वभाविकपनले घाइतेहरूको मानसिक अवस्थामा आएको परिवर्तन छर्लंग हुन्छ। रौतहट चन्द्रनिगाहपुर निवासी १५ वर्षीय राईको शिक्षण अस्पतालमा शल्यक्रिया गरी पेटबाट दिशा गराइराखिएको छ। बनिबुतो गरी गुजारा गर्नुपर्ने राईको लागि सरकारले खुला दिलले राहत उपलब्ध नगराउने हो भने उनको अवस्था पूरै गम्भीर हुने चिकित्सकहरू बताउँछन्।

काठमाडौंमा उपचार गराइरहेका राजधानी र मोफसलका घाइतेलाई सरकारले डेढ महिना पूरै बेवास्ता गऱ्यो। जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको गोंगबुवासीको सहयोगमा जनस्तरमा आवासगृह संचालन भइरहँदा समेत सत्ता र सदनले कुनै व्यंग्य महसुस गरेन। लगभग ५० दिन कानमा तेल हालेर बसेपछि तीन साताअघि मात्र सरकारले आवास सुविधाको सुरुवात गऱ्यो। सरकारी बेवास्ताको तीव्र आलोचना भएपछि सरकारले महिला प्रशिक्षण केन्द्र जाउलाखेलमा घाइतेका लागि आवासगृह संचालनमा ल्याएको छ।

असोज १८ को शाही कदमपछिका आन्दोलनकारीलाई तत्कालीन सरकारले सजाय दिँदा राख्ने गरेको भवन-कोठामा उही अवस्थामा आन्दोलनका घाइतेलाई राखिएको छ। शाही सत्ताले आन्दोलनकारीलाई उपलब्ध गराएभन्दा घाइतेलाई दिइएको खानेबस्ने सुविधाको गुणस्तरमा खासै फरक





हाम्रो मागलाई बजेट भाषणले स्पष्ट शब्दमा सम्बोधन नगरे आन्दोलनको नयाँ मोडेलमा उत्रन बाध्य हुनेछौं', समितिका अध्यक्ष डा. केदारनरसिंह केसी भन्छन्, 'जनआन्दोलनका घाइते नै अशक्त शरीर घिसारेर अर्को आन्दोलनमा उत्रनुपर्ने अवस्था नआओस् ।'

# 'रकमी बन्यो राज्य'

जनआन्दोलन २०६२ मा घाइते भएकाहरू



छैन । आवासगृहमा २२ जना बसिरहेका छन् । तिनीहरू १२ जनासम्म एउटै कोठामा कोचिएर सुत्न बाध्य छन् । आवासगृहको त्यही उदेकलाग्दो अवस्थाले गर्दा उपचाररत अधिकांश घाइते आफन्तकहाँ आश्रय लिएर बसेका छन् । कुनै सहारा नभएकाहरू मात्र बाध्य भएर आवासगृहको शरणमा छन् ।

'मुखले आन्दोलनमा हाम्रो योगदानको प्रशंसा गरेर नथाक्ने सरकारले कैदीलाई जस्तो खान बस्न दिएर आफ्नो व्यवहार देखाएको छ ।' कलंकीमा घाइते भएका नुवाकोटका नवराज ढुंगाना आक्रोश व्यक्त गर्छन् । थुनुवासरहको खानेबस्ने सुविधा प्राप्त गर्न समेत घाइतेले आवासगृह निरीक्षणमा आएका प्रमुख जिल्ला अधिकारीका प्रतिनिधिलाई कब्जामा लिनुपरेको थियो, केही दिनअघि ।

बेखर्ची बनेका काठमाडौंबाहिरका घाइतेलाई वासस्थानबाट अस्पताल ओहोर दोहोर गर्न समेत समस्या परेपछि संसदीय समितिले गाडी उपलब्ध गराएको छ । नुहुनभन्दा कानो मामा जाती भए पनि त्यसको सेवाले घाइतेलाई अस्पतालको समय तालिकाअनुसार ठिक समयमा पुग्न गाह्रो परिरहेको छ ।

निःशुल्क उपचार दिइने भने पनि घाइतेहरूलाई अस्पतालहरूले भीख दिएजस्तो व्यवहार गरेको आरोपसमेत लागेको छ । निःशुल्क उपचार लिन घाइतेले अस्पतालमा मालपोतमा फाइल घुमाएसरी फन्को मार्नुपर्छ । उपचारभन्दा पनि डाक्टरहरू पुरानो र आन्दोलनका कारणले लागेको रोग भनी वर्गीकरण गर्न बढी तल्लीन भएको देखेर घाइतेहरूको मन कुँडिएको छ । 'आन्दोलनमा भाँचिएको हातमा २ साता फिजियोथेरापी गर्नुपर्छ भनिएकोमा यस्तै हेलत्वको व्यवहारले गर्दा १ दिन मात्र गराएर बसेको छु', ढकाल भन्छन् । जेठ १ देखि १५ गतेसम्म उनको फिजियाथेरापी गर्नुपर्नेमा डेढ महिना ढिला भइसक्दा पनि उनी भगवान् भरोसामा छन् ।

मन्त्रीहरू र संसदीय समितिसँग घाइतेहरूको चित्त बेस्सरी दुखेको छ । पछिल्लो घटना असार २० गते अर्थमन्त्री डा. रामशरण महतसमक्ष आफ्ना माग प्रस्तुत गर्न जाँदा उनले देखाएको व्यवहारबाट घाइतेहरू चिढिए । महतले प्रतिनिधिमण्डललाई २ मिनेट पनि समय नदिएको मात्र होइन घाइतेहरूको संख्या अवस्थाबारे जानकारी गराउँदा त्यसप्रति पूरै अविश्वास प्रकट गरेका थिए ।

'हाम्रै रगत पसिनाको जगमा मन्त्रीको कुर्सीमा पुगेका व्यक्तिले फिटिक्कै समय दिएनन् । त्यतिमात्र होइन घाइतेको संख्या र अवस्थाबारे बताउँदा आन्दोलनमा त्यत्रो घाइते भएकै छैनन् भने', समितिका उपाध्यक्ष चित्रप्रसाद सापकोटा तथा सचिव सुदर्शन केसीलाई उद्धृत गर्दै आवासगृहमा बसिरहेका एक घाइतेले रोष प्रकट गर्दै भने, 'सडक आन्दोलनमा रुचि नभएका मन्त्रीले घाइतेको संख्या अनुमान लाउन नसक्नुलाई हामीले अन्यथा मानेका छैनौं ।'

जनआन्दोलनका घाइते योद्धाहरूलाई निःशुल्क स्वास्थ्य, शिक्षा एवं रोजगार व्यवस्था गर्नुपर्ने माग समितिका सदस्यहरूले अर्थमन्त्रीसमक्ष राखेका थिए । घाइतेहरूको अवस्थालाई ध्यानमा राखी स्वास्थ्य सुविधा र सहिदका परिवार, गम्भीर प्रकृतिका अशक्त, अपांग घाइतेहरूका लागि विशेष प्रबन्ध गर्नुपर्ने जिकिर समेत उनीहरूले अर्थमन्त्री महतसमक्ष प्रस्तुत गरेका छन् ।

'हाम्रो मागलाई बजेट भाषणले स्पष्ट शब्दमा सम्बोधन नगरे आन्दोलनको नयाँ मोडेलमा उत्रन बाध्य हुनेछौं', समितिका अध्यक्ष डा. केसी भन्छन्, 'जनआन्दोलनका घाइते नै अशक्त शरीर घिसारेर अर्को आन्दोलनमा उत्रनुपर्ने अवस्था नआओस् ।'

मेडिकल एसोसिएसनका अध्यक्ष डा. सुधा शर्मा संयोजक रहेको जनआन्दोलन उपचार सहयोग तथा समन्वय समितिले उपचाररत घाइते र कुरुवालाई दैनिक २५० रुपैयाँका दरले उपलब्ध गराएकोबाहेक अन्य राहत दिइएको छैन ।

असार २० गतेसम्म देशभरका ५ हजार घाइतेको नाम संकलन गरेको छ । तीमध्ये ५ सय २० जनाले उक्त राहत रकम पाएका छन् । 'आयोगमा सम्पर्कमा आउनेलाई तदारुकताका साथ औषधोपचार सिफारिस र क्षतिपूर्ति उपलब्ध गराइएको छ ।' समितिका अध्यक्ष तथा नेपाल चिकित्सक संघकी अध्यक्ष सुधा शर्मा भन्छिन्, 'तीनजना घाइतेलाई भारतमा उपचारका लागि सिफारिस गरेका छौं ।'

सरकारले समितिलाई २ किस्ता गरेर उपलब्ध गराएको ३५ लाख रुपैयाँ राहत वितरण लगायतमा सकिएको छ । घाइतेहरूले माग गरेअनुसारका सेवा उपलब्ध गराउन स्रोतको अभाव भएको धारणा सरकारी पक्षले राख्दै आएको छ । अर्कोतिर जनआन्दोलनका क्रममा गैरसरकारी क्षेत्रबाट घाइतेका नाममा संकलन भएको करोडौं रकमको लेखाजोखा गर्नु कसैले पनि जरुरी सम्झेको छैन । गैरसरकारी क्षेत्रले संकलन गरेको उक्त रकम एउटै छातामुनिबाट खर्च भए पीडितहरूलाई यथोचित लाभ पुऱ्याउन सकिने सुझाव विभिन्न कोणबाट आए पनि यसको सुनुवाइ भएको छैन । एक हदसम्म घाइतेका लागि भन्दा पनि 'समाजसेवाको फेसन'का लागि चन्दा संकलन गरिएको त थिएन भन्ने प्रश्न समेत उठेको छ ।

संसदीय समिति र सरकारले गठन गरेको डा. सुधा शर्मा समिति पनि यसबारे मौन छ । 'गैरसरकारी क्षेत्रबारे चासो दिनु हाम्रो म्यान्डेटभित्र पर्दैन', डा. शर्माको कथन छ, 'समितिले अन्त्यमा रिपोर्ट बुझाउँदा भने यसबारेमा आफ्नो धारणासहित सुझाव दिनेछ ।' ■



तस्बिरहरू : भास्कर ओझा

# कुन छान्ने ?

■ छत्र कार्की/काठमाडौं

**एसएलसीपछि कुन** विषय पढ्ने ? धेरै विद्यार्थीसँग यसको स्पष्ट उत्तर हुँदैन। कतिपय विद्यार्थीले साथीको लहलहैमा लागेर विषय छान्छन् भने कोहीचाहिँ अभिभावकको निर्णयमै भर पर्छन्। कुन विषय छान्दा भविष्यमा आफ्नो रुचिअनुसार 'क्यारिअर' विकास गर्न सकिन्छ त ? यसतर्फ ध्यान दिने विद्यार्थी र अभिभावकको संख्या अत्यन्त न्यून छ।

विश्वका धेरै मुलुकका शिक्षण संस्थामा 'काउन्सिलिङ'लाई शैक्षिक अंगकै रुपमा स्वीकार गरिएको छ। तर, हामीकहाँ भने एकाध शिक्षण संस्थालाई छोडेर 'काउन्सिलर' राख्ने चलन नभएकोले विद्यार्थीमा द्विविधा र अन्योल रहेको देखिन्छ। रुचि र क्षमता अनुसार विषय छान्दा पढाइ अपेक्षाअनुसार नै परिणाममुखी बन्न सक्ने विज्ञहरूको विचार छ। लिटिल एन्जल्स स्कुल, हात्तीवनका काउन्सिलर शालिग्राम भट्टराई भन्छन्, 'एसएलसीमा प्राप्त गरेको श्रेणीभन्दा पनि रुचि र दक्षताका आधारमा विषय छान्नुपर्छ।'

मनोविज्ञहरूकाअनुसार कुन विषयमा भर्ना हुने भन्ने निर्णय लिनु पहिले विद्यार्थीको आइक्यु परीक्षण अनिवार्य मानिन्छ। आइक्यु परीक्षणको आधारमा विद्यार्थीमा निहित दक्षता पत्ता लगाउन सकिन्छ। बूढानीलकण्ठ स्कुलका काउन्सिलर होम आचार्य भन्छन्, 'आइक्यु परीक्षणबाटै उसले मानविकी, विज्ञान, वाणिज्यमध्ये कुन संकाय रोज्दा ठिक हुन्छ भन्ने छुट्याउन सकिन्छ। काउन्सिलरको परामर्शअनुसार विषय छनोट गरेर पढ्दा बीचमा असफलता व्यहोर्ने मौका थोरै हुन्छ।' काउन्सिलर आचार्यका अनुसार उच्चतम श्रेणीमा एसएलसी पास गरेको भए पनि सबै विद्यार्थीमा एउटै खालको क्षमता हुँदैन। त्यसकारण एसएलसीमा उच्चतम श्रेणी ल्याउनेबित्तिकै विज्ञान नै पढ्नुपर्छ भन्ने मानसिकता जायज देखिँदैन। क्षमता पहिचान नगरी छनोट गर्दा कतिपयले शैक्षिकसत्र पूरा नभई बीचमै विषय परिवर्तन गरेका घटना पनि प्रशस्त छन्। मनोविज्ञहरूका अनुसार आइक्यु परीक्षणका क्रममा अभिव्यक्ति क्षमता र राम्रो सामाजिक ज्ञान भएका विद्यार्थीले मानविकी, उच्च तार्किक क्षमता भएकाले विज्ञान, औसत तार्किक क्षमता भएकाले वाणिज्य क्षेत्र छान्नु राम्रो हुन्छ। काउन्सिलर आचार्य भन्छन्, 'शैक्षिक रुचिको तह र व्यावसायिक रुचिको तह मापन गरेपछि उसको रुचि पत्ता लगाउन सकिन्छ, आइक्युबाट दक्षता पत्ता लगाएरमात्र विद्यार्थीले कुन विषय पढ्दा उपयुक्त हुन्छ भन्ने परामर्श दिन सकिन्छ।'

विद्यार्थीले आफूले कुन विषय पढ्ने भन्ने निश्चित भएपछि मात्र शिक्षण संस्था छनोट गर्नु उपयुक्त हुन्छ। एसएलसीपछि दस जोड दुई वा प्रमाणपत्र तहमध्ये विकल्पको रूपमा एउटा छान्न सकिन्छ। विषय छान्दा आफ्नो आर्थिक हैसियत पनि ख्याल राख्नुपर्छ। आर्थिकरूपले दस जोड दुईभन्दा प्रमाणपत्र तह पढ्नु निकै नै सस्तो हुन्छ। प्रमाणपत्र तहअन्तर्गत मानविकी, वाणिज्य, शिक्षा, कृषि, इन्जिनियरिङ डिप्लोमा, स्वास्थ्य प्राविधिकजस्ता विषय पढ्न सकिन्छ। विगत केही वर्षदेखि त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तहको गुणस्तर खस्केपछि विद्यार्थीको घुइँचो दस जोड दुई विद्यालयमा बढेको छ। च्याउसरी उम्रिएका दस जोड दुई विद्यालयमध्येबाट स्तरीय विद्यालय छान्नु पक्कै सहज छैन। दस जोड दुई विद्यालय छान्दा विभिन्न आधारलाई मापन बनाउनुपर्ने विज्ञहरूको सुझाव छ। शिक्षाविद् डा. मनप्रसाद वाग्ले भन्छन्, 'नतिजा, वातावरण, शिक्षक, व्यवस्थापनलगायत पक्ष अध्ययन गरेर मात्र विद्यालय छान्नुपर्छ।' पछिल्ला तीन वर्षको नतिजा केलाएर हेर्दा शैक्षिक संस्थाबारे एउटा प्रारम्भिक आधार बनाउन सकिने विज्ञहरूको राय छ।

उच्च माध्यमिक शिक्षा परिषद्का अनुसार २०६० सालदेखि २०६२ सालसम्म ९० प्रतिशतभन्दा बढी नतिजा ल्याउने विद्यालयमा काठमाडौं मोडेल उच्चमावि बागबजार, काठमाडौं, जेभियर एकेडेमी उच्चमावि लाजिम्पाट, काठमाडौं, एसओएस भक्तपुर, गण्डकी उच्चमावि पोखरा, नामग्याल उच्चमावि काठमाडौं, लिटिल एन्जल्स ललितपुर, प्रसादी एकेडेमी ललितपुर, युनाइटेड एकेडेमी ललितपुर, बूढानीलकण्ठ स्कुल, बूढानीलकण्ठ, सेन्ट मेरिज ललितपुर, सगरमाथा उच्चमावि पोखरा, नेसनल स्कुल अफ साइन्स, लैनचौरलगायत छन्। नतिजामात्रै उत्कृष्टताको आधार नहुने भएकोले अरू पक्षलाई पनि विशेष महत्त्व दिनु आवश्यक हुन्छ। शिक्षाविद् वाग्ले भन्छन्, 'पहिले पढिसकेका विद्यार्थीबाट पनि शैक्षिक संस्थाबारे बुझ्न सकिन्छ। त्यसैले शैक्षिक संस्थाले प्रचारलाई मात्र हुबहु आधार बनाएर छनोट गरी गल्ती दोहोऱ्याउनु हुँदैन।' रेडन कलेज, सामाखुशीका निर्देशक बुद्धि पुडासैनी भन्छन्, 'विद्यार्थीले देखावटी तामझामलाई मात्र आधार बनाएर शिक्षण संस्था छान्नु उचित हुँदैन।'

## अर्को विकल्प ए लेभल

रामो आर्थिक हैसियत भएका विद्यार्थीको लागि अर्को विकल्प हो- ए लेभल। राजधानी र बाहिर सञ्चालित डेढ दर्जनजति कलेजले क्याम्ब्रिज विश्वविद्यालयले तयार पारेको विश्वभर लोकप्रिय ए लेभल पढाउन सुरु गरेका छन्।' ए लेभल कक्षा सञ्चालन गर्दै आएको चेल्सी इन्टरनेसनल कलेजका प्रिन्सिपल सुधीरकुमार झा भन्छन्, 'अहिले मध्यमवर्गीय परिवारका विद्यार्थी पनि ए लेभलप्रति आकर्षित भएका छन्।'

बेलायतको क्याम्ब्रिज युनिभर्सिटीले चलाएको ए लेभल शैक्षिक कार्यक्रम अहिले हाम्रो मुलुकमा समेत लोकप्रिय बन्दै गएको छ। चेल्सीका प्रिन्सिपल झा भन्छन्, 'ए लेभल लोकप्रिय हुनुमा यसले विश्वव्यापीरूपमा पाएको मान्यता प्रमुख कारण हो।' विश्वका करिब १ सय ५० भन्दा बढी मुलुकमा ए लेभलको पढाइ सञ्चालन हुन्छ। प्रमाणपत्र तह वा कक्षा ११-१२ को तुलनामा ए लेभलको शुल्क धेरै नै महँगो छ। मासिक शुल्कमात्रै न्यूनतम ५ हजारदेखि ११ हजार रुपैयाँसम्म तिर्नुपर्छ भने भर्ना शुल्क २० हजारदेखि ६० हजार रुपैयाँसम्म। क्याम्ब्रिज युनिभर्सिटीलाई तिर्नुपर्ने परीक्षा शुल्क प्रतिविषयको ५ हजार रुपैयाँ पर्छ। विज्ञान समूहमा पढ्ने विद्यार्थीले प्रयोगात्मक विषयको शुल्कसमेत छुट्टै तिर्नुपर्छ। प्रिन्सिपल झाका अनुसार ए लेभल सिध्याउन २ लाखदेखि २ लाख ५० हजार रुपैयाँसम्म खर्च लाग्छ। ■



एसएलसीको परीक्षाफल हेर्दै एक अभिभावकका साथमा परीक्षार्थी

# सुधारको खाँचो

**असारको दोस्रो** साताभित्र प्रकाशन गर्ने भनी सूचना जारी गरेको एक सातापछि असार २१ गते एसएलसी परीक्षाको परीक्षाफल सार्वजनिक भएको छ। परीक्षामा सामेल भएका नियमिततर्फका २ लाख २५ हजार ३२ परीक्षार्थीमध्ये ४६ दशमलव ५१ प्रतिशत विद्यार्थीले एसएलसी पास गरेका छन्, जुन गत वर्षभन्दा १३ दशमलव ७९ प्रतिशतले बढी छ। यो विगत ७ वर्षको उच्च उत्तीर्ण दर हो। त्यस्तै एकजाम्टेडतर्फ १२ दशमलव ९ प्रतिशत विद्यार्थी पास भएका छन्। सार्वजनिक विद्यालयको तुलनामा निजी विद्यालयको उत्तीर्णदर उच्च रहेको बताइएको छ।


विगत वर्षझैं सार्वजनिक विद्यालयको दयनीय नतीजा हुनुलाई सामाजिक संरचनासँग जोडेर हेर्नुपर्ने विज्ञहरूको धारणा छ। सामाजिक विश्लेषक विमलकुमार फुयाल भन्छन्, 'राज्यको केन्द्रीकृत सोच एवं सिर्जनात्मक बहुलता स्वीकार नगर्ने मनोवृत्ति रहेसम्म एसएलसीको सुधार सम्भव देखिँदैन।'

एसएलसीमा देखिएका समस्या निर्क्योलका लागि गरिएको एक अध्ययनले समस्या खुट्याउँदै निदानका उपायसमेत सुझाएको थियो। त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति एवं शिक्षाविद् केदारभक्त माथेमा संयोजक एसएलसी अध्ययन समूहले सन् २००४ अप्रिलदेखि डेढ वर्ष लगाएर एसएलसीमा विद्यार्थी उपलब्धिसम्बन्धी एक अध्ययन गरेको थियो।

उक्त प्रतिवेदन सार्वजनिक गरेको केही समय बिते पनि सरकारले यसमा उल्लेखित महत्त्वपूर्ण बुँदा कार्यान्वयन गर्ने छनक देखाएको छैन। खासगरी सार्वजनिक विद्यालयलाई बलियो बनाउनका लागि नेतृत्वको जिम्मेवारी लिएका प्रधानाध्यापकको अग्रणी भूमिका हुने उल्लेख छ। त्यस्तै परीक्षा प्रणाली, प्रश्नपत्र निर्माण र मूल्यांकनमा आमूल सुधारको खाँचो औंल्याइएको छ। शिक्षाविद् माथेमा भन्छन्, 'एसएलसीको सुधार समग्र शिक्षा प्रणलीसँगै जोडिएकोले गर्दा सुधारको पहल जरैबाट गर्नुपर्छ।'

विगत वर्षमा एसएलसीमा एक-एकजना छात्र र छात्रालाई सर्वोत्कृष्ट विद्यार्थीको रुपमा एसएलसी बोर्ड प्रथम घोषणा गर्ने प्रचलन थियो। तर, यस पटकदेखि बोर्डको व्यवस्था हटाइएको छ। स्रोतका अनुसार बोर्ड टपर राख्ने कि नराख्ने भन्ने विषयमा परीक्षा समितिमा विवाद बढेकाले ६ बजे प्रकाशन गर्ने भनिएको नतिजा करिब ६ घन्टापछि मात्र सार्वजनिक भएको थियो। यसअघि २०५२ सालमा एमालेको अल्पमत सरकारले पनि बोर्ड टपरको रहने व्यवस्था खारेज गरेको थियो। त्यसको पछिल्लोवर्ष बनेको नेपाली कांग्रेस र राप्रपाको संयुक्त सरकारले फेरि बोर्ड टपर राख्ने व्यवस्था सुरु गऱ्यो। सामाजिक विश्लेषक फुयाल भन्छन्, 'कुनै प्रतिशोधले बोर्ड टपरको व्यवस्था हटाउने, फेरि अर्को सरकारले लागू गरेमा यसले पक्कै राम्रो सन्देश जाँदैन, निश्चित प्रक्रियाबाट कुनै निर्णय लिइनु उचित हो।' यसपटक एमालेको प्रतिनिधित्व गरेका शिक्षामन्त्रीले हटाएको बोर्ड टपरको व्यवस्था आगामी दिनमा फेरि कसैले सुरु गरेका आश्चर्य नमाने हुन्छ। शिक्षाविद् प्रा. हर्षनारायण धौभडेल एसएलसी बोर्ड टपरलाई उच्च शिक्षाका लागि राज्यले केही सुविधा नदिने भएकोले खाली टपरमात्र छान्नुको कुनै अर्थ नरहेको बताउँछन्। उनी भन्छन्, 'बोर्ड टपरलाई निजी स्कुलले रोल मोडल बनाएर विद्यार्थी तान्ने कामका लागि प्रयोग गर्छन्, जुन एकदमै गलत कार्य हो।'

■ छत्र कार्की/काठमाडौं



# आमूल परिवर्तन हुनुपर्छ



शिक्षाविद् केदारभक्त माथेमा

**एसएलसीमा सरकारी विद्यालयबाट धेरै विद्यार्थी असफल हुनुको कारण के हो ?**

हामीकहाँ दुईखाले विद्यालय छन् - एउटा निजी र अर्को सरकारी । निजी विद्यालयमा दैनिक पठनपाठन, गृहकार्य, नियमित जाँच, अनुगमन लगायतका विषयमा कडाइ छ । अर्कोतर्फ सरकारी विद्यालयमा विषयगत शिक्षक हुँदाहुँदै पनि पढाइ निरन्तर छैन, व्यवस्थापन लथालिंग छ । यसको असर एसएलसी परीक्षामा देखिनु अस्वभाविक होइन । सरकारी विद्यालय असफल बन्दै जानुमा राज्यको भूमिका जिम्मेवार छ । सार्वजनिक विद्यालयलाई उपेक्षा गरेर सरकारले यहाँ सामाजिक अन्यायको वातावरण सिर्जना गरेको छ ।

**एसएलसीलाई 'फलामे ढोका' को संज्ञा दिनु कत्तिको उचित हुन्छ ?**

वास्तवमा हामीकहाँ एसएलसीलाई फलामे ढोकाको रुपमै लिइएको छ, जुन ठिक छैन । हाम्रो प्रणालीअनुसार एसएलसी पार गर्न आठवटै विषय उत्तीर्ण गरेको हुनुपर्छ, एउटा विषयमा मात्र फेल भए पनि ऊ असफल ठहरिन्छ । नतिजालाई मात्र मूल्यांकनको समग्र मापदण्ड मान्ने परिपाटीको औचित्य छैन । एसएलसीलाई 'फलामे ढोका'को संज्ञा दिएर भयानकरूपमा प्रस्तुत गर्दा यसले विद्यार्थीमा मनोवैज्ञानिक समस्या उत्पन्न गरेको छ । परिवर्तित सन्दर्भमा एसएलसीलाई 'फलामे ढोका'कै रुपमा राख्नु न्यायोचित हुँदैन, यसको संरचनामा आमूल परिवर्तन गरिनुपर्छ ।

**त्यसो त एकल विषयगतरुपमा प्रमाणपत्र दिनुपर्छ भन्ने कुरा उठिरहेको छ नि ?**

एउटा विषयमा कमजोर विद्यार्थीलाई समग्रमै असफल ठहऱ्याउने हाम्रो शिक्षा प्रणाली न्यायपूर्ण छैन । मानिलिऊँ कि गणितमा कमजोर भएको विद्यार्थी अंग्रेजीमा मेधावी हुनसक्छ, त्यसैले गणित फेल गऱ्यो भन्दैमा उसलाई सबै विषयमा अयोग्य भन्न मिल्दैन नि । त्यसैले विश्वका विभिन्न मुलुकले पनि प्रचलनमा ल्याएको एकल विषयगत प्रमाणपत्र प्रणाली हामीले पनि लागू गर्नुपर्छ । एउटा विषयमा असफल भएकै कारण युवाहरूलाई प्रारम्भिक खुड्किलोमै असफलताको कालो टीका लगाइनु हुँदैन । विषयगत प्रमाणपत्र दिएको खण्डमा आफू दक्ष भएको विषयमा कुनै पनि व्यक्तिले अवसर खोज्छ, यसले सामाजिक समस्या हल गर्न मद्दत पुऱ्याउँछ ।

**एसएलसी परीक्षा प्रणालीलाई कसरी हेर्नुहुन्छ ?**

एसएलसी परीक्षा 'स्टुडेन्ट फ्रेन्ड्ली' छैन भन्दा हुन्छ । एसएलसीमा कक्षा ९ र १० बाट नै प्रश्न सोधिन्छ, जसको कारण विद्यार्थीले कक्षा ९ बाट सोधिएको प्रश्न राम्ररी हल गर्न सक्दैन । अर्को कुरा पूरक परीक्षामा ६० प्रतिशतभन्दा बढी अंक ल्याउने विद्यार्थीलाई पनि डिभिजन दिइँदैन, जुन सही छैन । विद्यार्थीले श्रेणी बढाउन फेरि परीक्षा दिन चाहेमा व्यवस्था छैन । एसएलसी परीक्षामा सोधिने अधिकांश प्रश्नपत्रमा घोकेको कुरा सम्झिएर लेख्ने खालका प्रश्नकै बाहुल्य छ । मूल्यांकनमा धेरै अस्पष्टता छ, मूल्यांकन गर्दा अपनाइने 'स्पेसिफिकेसन ग्रिड' स्तरीय छैन । त्यसैले एसएलसी परीक्षा प्रणाली सुधार गर्न पाठ्यक्रम, शिक्षण र मूल्यांकनसमेत सुधार हुनु जरूरी छ ।

**एसएलसीमा 'बोर्ड फस्ट' छुट्याउने परिपाटी कस्तो लाग्छ ?**

तीन घन्टाको परीक्षाले एउटा विद्यार्थीको सबै पक्षको मूल्यांकन गर्न सक्दैन । जहाँसम्म बोर्डफस्टको सवाल छ, हामीकहाँ त शैक्षिक संस्थाले बोर्डफस्टलाई भजाएर शिक्षामा व्यापारीकरण गरेका छन्, जुन सरासर गलत हो । ■




Chelsea, the center to choose for many reasons.
Where intelligence, curiosity are nurtured
and instincts are sharpened.
A curious mind thrives at Chelsea.
Room to explore. Amazing facilities.
More opportunities than you can imagine.

**Admission Open for A-Level**

**30 Seats Only**

Streams : Science, Commerce & Humanities.
More Options : Psychology, Literature in English, Thinking Skills, Geography, Art and Design.
ECA : Fashion and Design, Photography, Music, Theater, Dance, Yoga & Meditation and Taekwondo.
Eligibility : SLC or GCE 'O' Level or equivalent.
SLC appeared students can also apply.



CHELSEA
International Academy

Lakhe Chour Marg, New Baneshwor, Kathmandu
Tel. 4472902, 4499662

UNIVERSITY OF CAMBRIDGE, PIN CODE NO. NP 727
नेपाल सरकार शिक्षा मन्त्रालयको उच्च शिक्षा विभागको विदेशी संस्था
सम्बन्धन नं. ०१६/०६२/०६३



सरकार माओवादी वार्ता बारे सांसदहरू जानकारी दिदैं गृहमन्त्री कृष्णप्रसाद सिटौला

# विलम्बतिर

**प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्वास्थ्य अवस्थाले निम्त्याएको अनिर्णयको स्थितिले मात्र मुलुकको शान्ति प्रक्रियालाई गम्भीर असर गरेको छैन, सात दलका नेताहरूमा बढ्दै गएको असहिष्णु प्रवृत्तिले पनि यो प्रक्रियालाई विलम्बतिर डोऱ्याएको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**प्रधानमन्त्री कोइरालाको** स्वास्थ्यमा आएको गिरावटले मुलुकको राजनीतिक शान्ति मार्गमा अन्योल र आशंका उत्पन्न भएको छ । शान्ति प्रक्रिया र मुलुकको राजनीतिक अवतरणले गति लेओस् भनी अपेक्षा गर्नेहरू ८४ वर्षीय कोइरालाको गम्भीर स्वास्थ्यस्थितिले दुःखी मात्र भएका छैनन्, उनको शीघ्र स्वास्थ्यलाभको कामना गरिरहेका छन् ।

माओवादी समस्या समाधानमा लम्किएर बाह्रबुँदे समझदारी र जनआन्दोलनको सफलतासँगै प्रतिनिधिसभा पुनःस्थापनाबाट 'अग्लो नेता' बन्न सफल कोइरालाको स्वास्थ्यस्थितिबारे चासो राखेर सहिद गंगालाल अस्पताल पुग्नेहरूमा गैरराजनीतिक व्यक्तिहरूको बाहुल्यले नै उनीमाथि आम जनसमुदायको भरोसालाई प्रस्ट पार्छ ।

कोइरालाको अस्वस्थताका कारण सैद्धान्तिक रुपमा टुंगो लागिसकेका विषय फेरि उल्झेका छन् । सरकार र माओवादीका तर्फबाट सहमति कार्यान्वयनमा ढिलाइ भइरहेका बेला उनी फेरि अस्पताल भर्ना भएपछि अन्योल र अलमल बढ्ने निश्चित छ । आठबुँदे सहमतिको भोलिपल्ट स्वास्थ्योपचारका लागि कोइराला एक साताका लागि बैंकक प्रस्थान गरेदेखि नै शान्ति प्रक्रियामा गतिरोध कायम छ ।

प्रतिनिधिसभा विघटन, अन्तरिम विधान, अन्तरिम सरकार हुँदै संविधानसभासम्मको विषयमा जति सहजै सम्झौता भयो त्यसको कार्यान्वयनमा दुवै पक्ष इमानदार देखिएनन् । संयुक्त राष्ट्रसंघलाई पत्र पठाउने काममा मात्र १६ दिन लाग्यो । त्यो पनि अशक्त कोइरालाको पहलमा सम्पन्न भएको छ ।

कोइराला अस्पताल भर्ना हुने दिन मन्त्रिपरिषद्को बैठक निकै लामो भएको थियो । माओवादीबारे मन्त्रिपरिषद्का सदस्यहरूबीच रहेको मतभिन्नताले कोइरालाको अनुपस्थितिमा अन्तर मन्त्रालय तहमा हुने निर्णयहरूसमेत प्रभावित हुने देखिएको छ । मन्त्रीहरू एक-अर्कालाई माओवादी पक्षधर र कट्टर विरोधी भनेर विभाजित गर्छन्, अघोषित रुपमा ।

अस्पतालको शय्याबाट उपप्रधानमन्त्री अमिक शेरचन र अन्य मन्त्रीमार्फत शान्ति प्रक्रियालाई जारी राख्ने सन्देश कोइरालाले दिए पनि मन्त्रीहरू चार दिशातिर फर्केकाले त्यसले कार्यरुप पाउने सम्भावना झिनो छ ।

अन्तरिम संविधान मस्यौदा समितिलाई समावेशी

## फरक-फरक मत

'माओवादी र राज्यपक्ष दुवैबाट विगतको गल्ती नदाहोऱ्याउने सहमति बाह्रबुँदेमा नै भइसकेको छ । संविधानसभासम्म पुग्ने बाटो बाह्रबुँदेमा नै स्पष्ट उल्लेख छ । बाह्रबुँदेमा दुवै पक्ष इमानदार छन् । त्यसैले म के विश्वास दिलाउन चाहन्छु भने वार्ता सफल परिणतिमा पुग्छ पुग्छ', राज्य व्यवस्था समितिका सदस्यहरूको जिज्ञासा मेटाउँदै **गृहमन्त्री कृष्णप्रसाद सिटौला** ।

■

'माओवादीले जंगली नीति नत्यागी जनता त्रसित र आतंकित तुल्याउने कार्य जारी राखे सरकार माओवादीविरुद्धको कारबाहीमा उत्रन बाध्य हुन्छ । माओवादी लोकतान्त्रिक पद्धतिमा आउन चाहेको हो भने कानुन हातमा लिन पाइँदैन', सहिदका परिवारको सम्मानमा झापामा आयोजित कार्यक्रममा माओवादीविरुद्ध वचनवाण प्रहार गर्दै **उपप्रधानमन्त्री केपी शर्मा ओली** ।

रूप दिएर कामलाई गति दिनु पर्नेमा झण्डै तीन साताසम्म निर्णयमा पुग्न नसकिएको यथार्थले कोइरालाको स्वास्थ्यमा सुधार नआएसम्म आगामी केही साताको गतिरोधलाई दर्शाउँछ। २/२ जना उपप्रधानमन्त्री भएको मन्त्रिपरिषद्का अन्य सदस्यको नालायकीपनतर्फ संकेत गर्दै २१ गते एमाले नेता वामदेव गौतमले रिपोर्टर्स क्लबमा भनेका छन्, 'सरकारको अस्पष्ट कार्यशैली र काममा ढिलाइ गर्ने प्रवृत्तिले नै शान्ति प्रक्रिया अप्ठेरोमा परेको छ।' व्यक्ति विरामी हुँदैमा प्रक्रिया रोक्न नहुने बताउँदै संविधान मस्यौदा समितिलाई अधिकारसम्पन्न तुल्याउन ढिलाइ भएकोमा उनले रोष प्रकट गरेका छन्।

पूर्णता र वैधानिकता नपाएका कारण मस्यौदा समितिका सदस्यहरू शान्ति सचिवालयमा भेला हुन्छन्, दिनभर छलफल गर्छन्। तर, माइनुटसम्म गर्दैनन्। समितिका संयोजक लक्ष्मणप्रसाद अर्यालले भेटघाटमा जानेहरूलाई 'वैधानिकताबारे दिनको एकपटक सोध्नु आफ्नो दिनचर्या भएको' बताएर असन्तुष्टि पोख्ने गरेका छन्।

सांगठनिक हिसाबले पहिलो राजनीतिक शक्ति भए पनि प्रतिनिधिसभा विघटन र असोज १८ यताका प्रत्येक ठूला राजनीतिक घटनाक्रममा अस्पष्ट रहँदै आएको एमाले पछिल्लोपटक आठबुँदे सहमतिपछि झन् द्वैध देखिएको छ। कांग्रेस, प्रजातान्त्रिक कांग्रेस अन्य साना दलभित्रका दोस्रो पुस्ताका नेताहरूले पनि असन्तुष्टि व्यक्त गरेका छन्। यसको प्रतिविम्ब मन्त्रिपरिषद्का सदस्यहरूमा पनि स्पष्ट झल्केको छ।

अर्थमन्त्री डा. रामशरण महतको माओवादीप्रतिको संकुचित धारणालाई कांग्रेसभित्रको सशक्त खेमाको प्रतिविम्ब मान्न सकिन्छ। बजेट छलफलका क्रममा अर्थ मन्त्रालयका कर्मचारीले मन्त्रीसँग शान्ति समिति, मस्यौदा समिति र आचारसंहिता अनुगमन समिति लगायत शान्ति प्रक्रियाका लागि विनियोजनबारे स्वीकृति माग्दा महतले दिएको प्रतिक्रिया अर्थ मन्त्रालयका उच्च अधिकारीहरूबीच चर्चाको विषय बनेको छ। उनले 'विभिन्न आवरणका नाममा रहेका माओवादीका लागि म पैसा दिन सक्दिनँ' भनेर आक्रोश व्यक्त गरेका थिए। नियतवश वा आवेश जे भए पनि अर्थमन्त्री जस्तो जिम्मेवार व्यक्तिको यस्तो व्यवहारले कांग्रेसभित्रको ठूलै खेमाको मनोविज्ञानलाई झल्काउँछ।

पार्टीभित्र कुनै परामर्श नगरी अर्को दलले जस पाउला भनी तँछाड मछाड गरी माओवादीसँग ८ बुँदे सहमति गरेका नेताहरू भोलिपल्टदेखि गैरजिम्मेवार ढंगले प्रस्तुत भइरहेका छन्। प्रधानमन्त्री मौन भए पनि संसद्का तीन ठूला दल, नेपाल मजदुर किसान पार्टीका नेता र अधिकांश सांसदहरू सार्वभौम प्रतिनिधिसभा भंग हुन नसक्ने धारणा व्यक्त गरिरहेका छन्।

आफूले सही गरेको सहमति दलमा लागू गराउनुपर्ने कर्तव्यबाट विमुख भई केही शीर्षस्थ नेताहरू दोस्रो दर्जाका नेता र कार्यकर्ता उचाल्न लागी परेका छन्। यो दौडमा एमाले महासचिव माधव नेपालले सबै दललाई उछिनेका छन्। यहाँसम्म कि असार दोस्रो साता एमाले कार्यालयमा भएको सर्वदलीय बैठकमा नेपालले आठबुँदेको विपक्षमा धारणा राखे। त्यसपछि दुवै कांग्रेसका केही नेताले उनलाई यस्तो गैरजिम्मेवार अभिव्यक्ति नदिन भनेका थिए।

एमाले यथास्थिति लम्ब्याउने मुडमा अरू दलभन्दा अग्रणी देखिएको छ। सबैभन्दा ठूलो हैसियत र सभामुख समेत आफ्नो पार्टीको भएको अवस्थामा राजनीतिक इमानदारीबाट विचलित हुन उसलाई बल पुगेको छ। एमाले र माओवादीबीचको अघोषित वाक्युद्धले पनि एमालेलाई यथास्थितिवादी कित्तातिर धकेलिरहेको छ। माओवादीले आफ्नो आधार ध्वस्त पार्ला भन्ने त्रासको झल्को उपप्रधानमन्त्री ओलीका अभिव्यक्तिहरूबाट पनि पाउन सकिन्छ।

कांग्रेसका प्रभावशाली चक्रप्रसाद वास्तोलाले प्रतिनिधिसभा विघटन गर्न पाइन्न भनी संसद्मा संकल्प प्रस्ताव दर्ता गराएका छन्। यस्ता अन्योल, अलमल र द्विविधाले कहिल्यै पनि निकास दिँदैन।

कोइराला पूर्ण रुपमा सक्रिय भएको अवस्था भए पार्टीभित्र मात्र होइन सात दलबाट समेत प्रतिनिधिसभा विघटन सहमतिबारे यति ठूलो विरोधको सामना गर्नुपर्दैनथ्यो भन्नेहरूको संख्या पनि ठूलो छ। 'सबै पार्टीमा प्रक्रियागत रुपमा धेरथोर असन्तुष्टि देखिएको छ', कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य प्रकाशशरण महत भन्छन्, 'प्रतिनिधिसभाबारे अहिले व्याप्त विवादले समाधानमा बाधा पुग्छ भन्ने मलाई लाग्दैन।'

'बाह्रबुँदे र आठबुँदेले तय गरिसकेको संविधानसभासम्मको मार्गबाट कोही पनि भाग्न पाउँदैन', उनी भन्छन्, 'प्रधानमन्त्रीको स्वास्थ्यका कारण केही समय भने लाग्न सक्छ।'

प्रतिनिधिसभा सदस्य नरहेका एमाले नेताहरूको धारणा पनि महतसँग समान छ। बाह्रबुँदे समझदारी निर्माणमा एमालेका तर्फबाट महत्त्वपूर्ण भूमिका खेलेका वामदेव गौतमले 'प्रतिनिधिसभाको विघटन आठबुँदामा उल्लेख भइसकेकाले विरोध गर्नुको औचित्य नभएको' बताएका छन्।

प्रतिनिधिसभा पुनःस्थापनाको आन्दोलनमा कुनै भूमिका नभएका अन्य दलहरू पुनःस्थापनाको पक्षमा उभिएका छन्। 'बन्द कोठामा बसेर शक्तिसम्पन्न सदनको अन्त्य गर्ने अधिकार आठ दलका नेतालाई कसले दियो', राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले प्रतिनिधिसभाको बैठकमा भने, 'सात दलका नेताले निरंकुश चरित्र देखाएका छन्।'

'लोकतान्त्रिक आन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभा विघटन हुन सक्दैन', थापाको जस्तै धारणा राख्दै राजधानीको एक कार्यक्रममा कांग्रेस नेता रामचन्द्र पौडेल भन्छन्, 'यसको विघटन हुनु भनेको कुनै पनि अधिनायकवादको समर्थक बन्न पुग्नु हो।'

तर नागरिक समाजका अधिकांश अगुवाहरू संविधानसभासम्म पुग्न प्रतिनिधिसभा विघटन गरी माओवादीसहितको कुनै सभा निर्माण नगर्ने हो भने असम्भव हुने बताउँछन्। 'प्रतिनिधिसभालाई सार्वभौम घोषणा गरी संविधानसभाको मुद्दा ओझेलमा पार्न खोज्न पाइँदैन', लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनद्वारा आयोजित पत्रकार सम्मेलनमा डा. देवेन्द्रराज पाण्डेले खबरदारी गरे। उता, देश भित्र र बाहिर व्यापक आलोचनापछि माओवादी अध्यक्ष प्रचण्डले सहरी क्षेत्रको जनअदालत भंग, चन्दा नियन्त्रण र भन्सार सुचारु हुन नदिएको विज्ञप्ति निकालेका छन् र प्रधानमन्त्री निवास बालुवाटारबाट नेपाली सेनाबारे गरेको टिप्पणी पनि सच्याएका छन्।

तर आलोचकहरु नेपालीले भन्दा सुनुवाइ नभएको विषयमा भारतीय कम्युनिष्ट पार्टीका नेता सीताराम येचुरीसँगको भेटघाटलगत्तै प्रचण्डको विज्ञप्ति आएको भन्दै माओवादीमा भारतीय प्रभाव रहेको औंल्याउँछन्।

असार १८ गते प्रचण्ड, भट्टराई र येचुरीबीच कोटेश्वरस्थित एक घरमा गोप्य वार्ता भएको थियो। येचुरीले माओवादीबाट बाह्रबुँदे कार्यान्वयन नभएकोमा ध्यानाकर्षण गराएका थिए भने प्रचण्डले आफ्नो पार्टीले कब्जामा लिएको घर-जग्गा छिटै फिर्ता गर्ने वचन दिएका थिए।

प्रधानमन्त्री कोइराला र अध्यक्ष प्रचण्डबीच २० गते बिहानका लागि तय गरिएको पूर्वनिर्धारित भेटघाट कार्यक्रम केही साताका लागि सर्नुले मुलुकको राजनीति गतिहीन भएको पुष्टि हुन्छ।

प्रचण्डसँगको भेटघाट हुन नसक्दा त्यसको 'चेन

## कोइरालाको स्वास्थ्य अवस्था

**सोमवार** राति ८.३० बजेदेखि छातीमा असजिलो भएपछि १०.३० बजे सहिद गंगालाल अस्पताल पुऱ्याइएका प्रधानमन्त्री कोइराला कम्तीमा दुई साता अस्पतालमै बस्नुपर्ने राय चिकित्सकहरूको छ। उनको दायाँ फोक्सोका तल्लो भागमा निमोनियाले सताएको छ।

छाती रोग विशेषज्ञ अर्जुन कार्कीका अनुसार औषधीको संकेत सकारात्मक छ। कोइरालालाई आइसियुसँगैको सामान्य शय्यामा राखिएको छ। कुनै समस्या आएमा तुरुन्त सघन उपचार थाल्न सकियोस् भनेर आइसियु नजिकै राखिएको हो। परिवार, पार्टी र सरकारका सीमित व्यक्तिलाई मात्र उनीसँग भेट गर्न दिइएको छ।

बैंककमा स्वास्थ्य परीक्षणको क्रममा अस्पतालले थप एक साता विश्राम लिनुपर्छ भनेकोमा तत्काल काममा व्यस्त हुन सुरु गरेकाले पनि यस्तो अवस्था निम्त्याएको बताइएको छ। उपचारमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स)का प्रोफेसर डा. जेएन पाण्डे (छाती रोग विशेषज्ञ), कोइरालाका निजी चिकित्सक डा. मधु घिमिरे, मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला र पाटन अस्पतालका फिजिसियन डा. अर्जुन कार्की संलग्न छन्। ■

# खुल्यो बाटो

■ युवराज घिमिरे/काठमाडौं

**झन्डै १८ दिनको** अलमलपछि विरामी अवस्थामै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मुलुकमा शान्ति प्रक्रियाको सर्वाधिक महत्त्वपूर्ण पक्ष हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघलाई निम्त्याएका छन्। असार २ गते माओवादी र सत्ताधारी गठबन्धनको सात दलबीचको सहमतिअनुरुप प्रधानमन्त्रीको पत्र राष्ट्रसंघको काठमाडौंस्थित आवासीय कार्यालयमा बुझाइएको हो। उक्त पत्रमा हतियार व्यवस्थापनको काम राष्ट्रसंघअन्तर्गत हुने र युद्धविरामको निगरानी र त्यसका लागि कानुनी सहायताका कामसमेत हालका लागि मानवाधिकारका लागि राष्ट्रसंघीय उच्चायोगको नेपालस्थित कार्यालयले हेर्न अनुरोध गरिएको छ।

'सन् १९५० को दशकदेखि नै राष्ट्रसंघले नेपालको विकासमा भूमिका खेल्दै आएको छ र मुलुकको अहिलेको आवश्यकतामा सहयोग पुऱ्याउन हामी उत्सुक छौं', काठमाडौंस्थित सहायक आवासीय संयोजक जुनको साजाकीले भनिन्।

आवासीय प्रतिनिधि म्याथ्यु कहानेले द्विविधाग्रस्त सरकारका एक महत्त्वपूर्ण प्रतिनिधिलाई राष्ट्रसंघ महासचिवलाई लेखिने पत्रको मस्यौदा करिब एक साताअघि दिएको बुझिएको छ। तर, पत्र राष्ट्रसंघको आवासीय कार्यालयमा बुझाइँदा कहाने पाँच साताको छुट्टीमा गइसकेका थिए।

'न्युयोर्कस्थित राष्ट्रसंघ मुख्य कार्यालयमा पत्र प्राप्त भइसकेको छ र अब त्यहाँको टोलीले यहाँको परिस्थिति विश्लेषण गरी राष्ट्रसंघ विशेष मिसनको आकार तथा कार्य प्रकृति निर्धारण गर्नेछ', राष्ट्रसंघीय एक उच्च अधिकारीले *समय*लाई बताए। एकातिर सरकारका तर्फबाट औपचारिक रूपमा पत्र दिन भएको ढिलाइ र अर्कोतर्फ माओवादी अध्यक्ष प्रचण्डले राष्ट्रसंघलाई नबोलाए पनि हुने खालको मन्तव्य सार्वजनिक गरेकाले राष्ट्रसंघ स्वयं चिन्तित देखिएको थियो।

गत साता भारतीय राजदूत शिवशंकर मुखर्जीसँग माओवादी नेताहरू डा. बाबुराम भट्टराई र कृष्णबहादुर महराको भेटघाटपछि प्रचण्डको वक्तव्य आएकाले भारतको आपत्तिका कारण माओवादी मत परिवर्तन भएको त हैन ? उब्जिएको आशंका थियो। 'यदि नेपाल सरकार र माओवादी राष्ट्रसंघलाई हतियार व्यवस्थापनका लागि निम्त्याउन चाहन्छन् भने त्यो उनीहरूको निर्णयबाट निर्देशित हुने कुरा हो। भारतले त्यसमा आपत्ति जनाउनेछैन', भारतको मार्क्सवादी कम्युनिस्ट पार्टीका नेता सीताराम येचुरीले *समय*लाई भने। तर, हतियार व्यवस्थापनसँग जोडिएको शान्ति प्रक्रिया र माओवादीको अन्तरिम सरकारमा सहभागिताबारे अझ अन्योलको स्थिति छ।


माओवादीका यस्ता हतियार व्यवस्थापनको जिम्मा अब राष्ट्रसंघले पाएको छ।

उता माघ १९ पछि रोकिएको भारतको उच्चस्तरीय सुरक्षा परामर्शदातृ टोलीले यही असार २६ गतेदेखि साउन २ गतेसम्म नेपाल भ्रमण गर्ने भएको छ। अहिले छिः छिः दूर दूरको अवस्थामा राखिएको नेपाली सेनाका लागि पनि यो भ्रमणले संस्थागत मान्यता सुरु गरेकाले नैतिक बल हुने विश्लेषकहरू बताउँछन्।

सरकारी वार्ताटोलीका संयोजक तथा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिनिधिसभामा हतियार व्यवस्थापन (डिकमिसनिङ) प्रक्रिया सुरु भएपछि माओवादी अन्तरिम सरकारमा सामेल हुने घोषणा गरे। तर, येचुरीले दिल्ली पुगेपछि 'हतियार व्यवस्थापन पूरा भएपछि' माओवादी अन्तरिम सरकारमा सामेल हुने कुरा गरेर भारत हतियारसहितको समूह सरकारमा जाँदा त्यसले यस क्षेत्रमा जन्माउने खतराबारे बढी सचेत भएको देखिन्छ। अन्तरिम संविधान टोलीको विस्तार नगरिनु र उसलाई औपचारिकरूपमा कार्य थालनीको जिम्मेवारी नसुम्पिनुपछाडिको सरकारको रवैयालाई अहिले हतियार व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने सरकारको बाध्यताका रूपमा हेरिएको छ। दरवार कमजोर भएको र सत्तामा माओवादी सहभागी भएको अवस्थामा चीनको प्रभुत्व नेपालमा बढ्न सक्ने आशंकाबाट अमेरिका र भारत दुवै चिन्तित रहेको विश्लेषकहरू बताउँछन्।

अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले हतियारसहितको माओवादी सरकारमा जाने सम्भावनाको कडा विरोध गरे पनि भारतको पहिलेदेखिकै त्यस्तै प्रतिक्रिया सार्वजनिक हुँदै आएको हो। भारत सरकारको आतिथ्यमा गएको नेपाली पत्रकारहरूको टोलीलाई विदेश विभाग (साउथ ब्लक)का सहसचिव तथा नेपाल मामिलाका प्रभारी पंकज शरणले माओवादी सरकारमा जानुअघि हतियार व्यवस्थापन भइसकेको हुनुपर्ने बताएका छन्।

खासगरी माओवादी पहिले भारतको समेत र अहिले पनि अमेरिकीहरूको 'आतंकवादी समूह'को सूचीमा भएको र 'आतंकवाद'विरुद्ध राष्ट्रसंघ तथा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को प्रस्तावअनुरूप नै हतियार व्यवस्थापन हुनुपर्ने मान्यताको वकालत पनि विभिन्न क्षेत्रबाट हुन थालेको छ। यी सबै अन्योल र दबावबीच माओवादीले जनअदालत र अपहरणका साथै जबरजस्ती चन्दा असुलीजस्ता कार्य बन्द गर्ने घोषणा गरेर 'आतंकवाद' नरोकेको आरोपबाट आफूलाई बचाउने प्रयास गरेको छ।

यसैबीच माओवादी नेताहरूले हतियार व्यवस्थापनलगायत शान्ति प्रक्रियाबारे आफ्नो प्रतिबद्धताबारे अन्तर्राष्ट्रियजगत्लाई आश्वस्त गर्न भारतीय राजदूतपछि डेनमर्क, स्विडेन तथा नर्वेका राजदूतहरू र युरोपेली संघका प्रतिनिधिलाई भेटिसकेका छन्। अमेरिका लगायतका बेलायत र अन्य कूटनीतिक नियोगसँग सम्बन्ध स्थापित गर्ने प्रयासमा पनि उनीहरू जुटेको बुझिएको छ।

'तर सर्वाधिक महत्त्वपूर्ण प्रक्रिया हतियार व्यवस्थापन नै हो र सरकारले अहिलेको प्रयासपछि सम्पूर्ण शान्ति प्रक्रियाले एउटा वैधानिक र व्यापक मान्यताको आधार हासिल गरेको छ', माओवादीको सम्पर्कमा आएका एक कूटनीतिज्ञले *समय*लाई भने।

शीतलनिवास सूत्रका अनुसार आगामी २ सातामा स्यामुयल ताम्राटको नेतृत्वको संयुक्त राष्ट्रसंघीय टोलीले प्रारम्भिक विश्लेषण तथा समीक्षा पूरा गर्ने अपेक्षा गरिएको छ भने त्यसपछि कार्य सुरु गर्न आवश्यक कार्यालय, भौतिक पूर्वाधार तथा जनशक्तिबारे निर्णय हुनेछ। ■

इफेक्ट' वार्ता प्रक्रिया र अवधिमा पर्छ। अर्कोतिर यथास्थितिबाट मुलुकलाई अघि बढ्न नदिनेले पनि खेल्ने मौका पाउँछन्।

शान्ति वार्ताको नेतृत्व र मुलुकको सुरक्षाको जिम्मा लिएर बसेका गृहमन्त्री कृष्णप्रसाद सिटौला दलभित्र र विपक्षीबाट चर्को आक्रमण खेपिरहेकाले प्रधानमन्त्री कोइराला पूर्ववत् काममा नफर्केसम्म उनी धेरै अघि बढ्न सक्ने सम्भावना देखिँदैन।

गृहमन्त्रीबाट माओवादीलाई मात्र खुसी पार्ने काम भएको छ, गृहमन्त्री माओवादी अध्यक्ष प्रचण्डको सवारीमन्त्री भएका छन्, गृहमन्त्री माओवादीको मात्र कुरा सुन्छन् जस्ता अराजनीतिक आलोचना भइरहँदा पनि सिटौला पूर्णतया आशावादी छन्। राजनीतिक दलका नेता तथा कार्यकर्तापिच्छे माओवादीलाई हेर्ने दृष्टिकोणमा भएको अस्पष्टता र भिन्नताले पनि सिटौला बढी आक्रमणमा परिरहेका छन्।

कोइरालाको अस्वस्थताका कारण सरकारको नीति तथा कार्यक्रम आउन ६ दिन ढिला भएको छ। राजाले सदनको संयुक्त सभामा पेस गर्ने कार्यक्रम पहिलोपटक प्रधानमन्त्रीबाट हुन लागेकाले यसको महत्त्व अधिक छ। २५ गतेयता पेस हुने नीति कार्यक्रमलगत्तै बजेट भाषण ल्याउने तयारी भइरहेको छ।

बढी उदारता देखाएर माओवादीलाई टाउकामा टेकायो भन्ने आरोप खेपेका सिटौलामाथि माओवादीले टिभी र रेडियोमा केही घन्टा समय माग्दा सेनालाई देखाएर टारे भन्ने अर्को आक्षेप पनि लाग्न थालेको छ। बाह्रबुँदे समझदारी, आठबुँदे सहमति र पच्चीसबुँदे युद्धविराम आचारसंहिता अविलम्ब कार्यान्वयन गर्न माओवादीलाई बाध्य तुल्याउनुपर्नेमा गृहमन्त्री मौन बसे भन्ने आरोप पनि लागेको छ। तर, वार्ताका क्रममा माओवादी टोलीसँग सिटौलाले चन्दा, हत्या, हिंसा, लुटपाटका घटना रोक्न कडा शब्दमा आग्रह गर्ने गरेको शान्ति सचिवालयका अधिकारीहरू बताउँछन्।

माओवादी यसपालि समस्या समाधान गरेरै छाड्ने मुडमा आएकाले प्रक्रियागत विषयमा उत्पन्न हुने सामान्य विवादले वार्ता नबिथोलिने नागरिक समाज र विज्ञहरूको धारणा छ। माओवादी अध्यक्ष प्रचण्डले केही दिनअघि २/४ वटा दोरम्बा घटाइन्छ भने पनि जंगल नफर्कने बताएर विज्ञ र अगुवाहरूलाई झनै विश्वासमा लिन सफल भएका छन्।

'संविधानसभाका विषयमा सबै सहमत भएकाले द्वन्द्व समाधान हुनेमा पूरा आशावादी हुन सकिन्छ', राजनीतिशास्त्री डा. कृष्ण हाछेथु भन्छन्, 'तर प्रक्रिया कहिले सरल कहिले कठिन भइरहन्छ।' सात दलले पूर्वघोषित मार्गचित्रअनुसार मओवादीको समेत प्रतिनिधित्व हुने गरी आपसी समझदारीबाट कुनै नामको सभा बनाउनुपर्ने सुझाव उनको छ।

सेरिमोनियल राजाको पक्षमा आफूलाई उभ्याएका कोइराला अस्पताल बसाइका क्रममा नै राजाको जन्मोत्सव पर्ने हुँदा दरवार जानुपर्ने बाध्यताबाट जोगिएका छन्। अर्कोतिर आफू प्रार्थी बसेर निम्तो पठाएको एकमात्र नातिनी मेलिना कोइराला जोस्टको २१ गते भएको विवाह समारोहमा उपस्थित हुन सकेनन्। ■

## दोषी उम्कने आशंका

**जनआन्दोलनमा** भएको दमनको छानबिनका लागि गठित उच्चस्तरीय जाँचबुझ आयोगले जनआन्दोलन दबाउन सक्रिय भएको आरोपमा राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद् र सरकारका विभिन्न निकायमा रहेकाहरूलाई बयान लिने कार्य तीव्रताका साथ सुरु गरेको छ। तर, एक्काईसजना नेपालीले ज्यानको आहुति दिएर सफल भएको ऐतिहासिक जनआन्दोलन-२ को म्यान्डेट बोकेर गठन भएको आयोगले दोषी ठानिएकाहरूलाई सोध्ने गरेको कतिपय प्रश्नावली असान्दर्भिक भएको आरोप बयानमा बोलाएकाहरूले लगाएका छन्।

आयोगमा बयान दिएर फर्किएका एक पूर्व सुरक्षा अधिकारी भन्छन्, 'आयोगले बयानमा सोधेको प्रश्नमा २०३६ सालको जनमतसंग्रहमा तपाईंको के भूमिका थियो भन्ने जस्ता असान्दर्भिक प्रश्न गर्‍यो।' जनआन्दोलन दबाउन सक्रिय भएका वास्तविक दोषीहरू छानबिन गर्ने गहन जिम्मेवारी बोकेको आयोगले बयानमा प्रयोग गरेको अधिकांश प्रश्नहरू व्यक्तिगत सन्दर्भसँग सम्बन्धित रहेको बुझिएको छ। जनताले ठूलो आशा गरेको उच्चस्तरीय आयोगले पुराना भूमिका र असान्दर्भिक प्रश्न गरेर ढिलासुस्ती गर्दा वास्तविक दोषीहरूले प्रमाण लुकाउन सक्ने भएकोले आयोगको यो शैलीको विरोध हुन थालेको छ।

शाही सत्ताका तत्कालीन मन्त्री लगायत जनआन्दोलन दबाउन सक्रिय भएका सुरक्षाकर्मी र राजाका अघोषित सल्लाहकारहरूलाई आयोगले एक चरणको बयान लिइसकेको छ। बयानका क्रममा अधिकांशले आन्दोलन दबाएको दोष तत्कालीन सकारको नेतृत्वलाई थुपारेका छन्। तर, तत्कालीन शाही सत्ताका मन्त्रिपरिषद्का उपाध्यक्ष कीर्तिनिधि विष्टले भने जनआन्दोलनमा भएको दमनको जिम्मेवार मन्त्रिपरिषद् भएको बताएका छन्। विष्टले आफू मन्त्रिपरिषद्को सदस्य भएको नाताले आफू पनि दमनको जिम्मेवार भएको बताएका छन्। उनले छानबिनबाट आफू दोषी ठहरिएमा कारबाहीको भागीदार हुन तयार हुने बताएका छन्। यसअघि आयोगमा बयान दिन पुगेका शाही सरकारका सदस्यहरूले जिम्मेवारी पन्छाउँदै आएका थिए।

उता जनआन्दोलन सुरु हुनुभन्दा अगाडि नै सरकारबाट बर्खास्त भएका मन्त्रीबाट समेत आयोगले बयान लिएको छ। आयोगको पछिल्लो कार्यशैली देखेर वास्तविक दोषीहरू उम्किने आशंका गर्न थालिएको छ। आयोगले बयानका लागि तयार गरेको प्रश्नावलीमा उल्लेख गरिएका कतिपय सन्दर्भहरू जनआन्दोलनभन्दा नितान्त बाहिरका भएकोले पनि वास्तविक दोषी पहिचान गर्न कठिन हुने आशंका जानकारको छ। जनआन्दोलनमा ज्यादती र कठोर दमन गर्नेलाई छानबिन गरी सजाय सिफारिस गर्ने गरी आयोग गठनको निर्णय मन्त्रिपरिषद्ले सदनको म्यान्डेटअनुसार गरेको थियो। जाँचबुझ आयोग ऐन, २०६३ को दफा ३(२) अनुसार आयोग गठन गरिएको हो। यस्तो आयोगलाई अदालतसरह अधिकार हुन्छ।

**■ गोविन्द परियार/काठमाडौं**




'हामी खुला बजारको अवधारणाभन्दा बाहिर जान सक्दैनौं' भनेर माओवादीको आधिकारिक धारणा आएपछि उद्योगपति–व्यापारीहरू धेरै हदसम्म आश्वस्त देखिएका छन् ।

# मेटिँदैछ आशंका

■ **मधुसूदन पौडेल/काठमाडौं**

**खुला राजनीतिमा** बहुदलीय प्रतिस्पर्धा स्वीकार गर्ने नीतिसँगै सार्वजनिक भएका माओवादी निजी क्षेत्रको विश्वास जित्ने प्रयासमा तल्लीन देखिएको छ । निजी क्षेत्रको लगानी संरक्षण गर्ने उसको सार्वजनिक प्रतिबद्धताले व्यवसायीहरू आशावादी देखिएका त छन् तर व्यवहारमा औद्योगिक क्षेत्र केन्द्रित गतिविधिका कारण उनीहरू ढुक्क हुन भने सकेका छैनन् ।

'निजी सम्पत्तिप्रति माओवादी नीति के हुनेछ ?' सशस्त्र युद्धमार्फत मूलधारको राजनीतिमा स्थापित हुने क्रममा रहेको माओवादीप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट उठाइने यो स्वभाविक आशंका निवारणमा यति बेला माओवादीले सबैभन्दा बढी समय खर्चिएको छ । यो प्रयासमा एक हदसम्म सफल पनि भएको छ ऊ ।

माओवादी आर्थिक विभागका संयोजक देव गुरुङले दोहोऱ्याएर प्रतिबद्धता जनाएका छन्, 'हामी खुला बजारको अवधारणाभन्दा बाहिर जान सक्दैनौं ।' निजी सम्पत्ति र निजी क्षेत्रको लगानी संरक्षण गर्ने मामिलामा आफ्नो पार्टीप्रति कुनै शंका नगर्न माओवादीले पटक पटक आग्रह गर्दै आएको छ ।

निजी क्षेत्रप्रति गरिने व्यवहारबाट देशभित्र र बाहिर पर्ने असरका बारेमा माओवादी नेतृत्व सचेत देखिएको छ । आफ्ना जनवर्गीय संगठनहरूद्वारा अगाडि सारिएका कतिपय मुद्दामा संवेदनशील बन्दै समाधान पहिल्याउन अग्रसर पनि बनेको छ । कोकाकोला लगायतका हल्का चिसो पेय उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनी बोटलर्स नेपाल लिमिटेड संचालन गराउने वातावरण बनाएर माओवादीले यसको उदाहरण पेस गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकाल भन्छन्, 'कोकको समस्या आपसी सहमतिबाटै समाधान भएको छ ।'

नेपालको निजी क्षेत्रको मुख्य सरोकार पनि यही हो- खुला बजार अर्थतन्त्रप्रति माओवादी सकारात्मक हुनु पर्छ र औद्योगिक वातावरण तयार हुनु पर्छ । अध्यक्ष ढकाल भन्छन्, 'राजनीतिक समस्याको समाधानपछि मुलुकको विकासका लागि सबैभन्दा महत्त्वका विषय यिनै हुन् ।' वास्तवमा नीतिगत मामिलामा माओवादीको आर्थिक दृष्टिकोण प्रस्टताका साथ अगाडि आएको छ । मुलुकको आर्थिक क्षेत्र र माओवादीबीचको मुख्य आशंका पनि मेटिँदै जाने क्रममा छ । किनभने माओवादीले प्रस्टसँग 'खुला बजार अर्थतन्त्र' र 'उदारीकरण'को विश्वव्यापी मान्यताभन्दा बाहिर आफू जान नसक्ने बताएको छ । महासंघका पूर्व अध्यक्ष विनोदकुमार श्रेष्ठ भन्छन्, 'आर्थिक विषयमा अरू दलहरूभन्दा पनि माओवादी प्रस्ट देखिएका छन् । हामीले पनि सकारात्मक रुपमा हेर्नु आवश्यक छ ।'

माओवादी मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघले मजदुर हितका मुद्दाहरू अगाडि सारेर यसै समयमा अगाडि बढाएका आन्दोलनहरू

## सम्पत्तिमाथिको अधिकार दिइनुपर्छ

**चण्डिराज ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



**माओवादीसँग निजी क्षेत्रले के चाहना राखेको छ ?**

हामी उनीहरूले मुलुकको आर्थिक गतिविधि सुचारु रुपमा संचालन गर्नका लागि सहयोग गरून् भन्ने चाहन्छौं । हो, यस क्षेत्रमा समस्या छन् र समाधान गर्नु पर्छ भन्नेमा हामी प्रस्ट छौं । तर, लामो समयसम्म अप्ठेरो परिस्थितिका कारण उद्योगहरू रुग्ण बने र अहिले चल्न खोजिरहेको समयमा सबै समस्या एकै साथ समाधान हुन सक्दैनन् । पहिले उद्योगहरू संचालन गर्ने वातावरण तयार गरौं अनि मजदुरले उठाएका समस्या समाधान गर्न पनि सजिलो हुन्छ ।

**स्पष्ट भन्दा, नीतिगत सवालमा माओवादीले कस्तो आर्थिक नीति अवलम्बन गर्नु पर्छ भन्ने तपाईंहरूको धारणा हो ?**

हरेक नागरिकलाई सम्पत्तिमाथिको अधिकार दिइनु पर्छ र निजी क्षेत्रको लगानी संरक्षण गर्नु पर्छ । मैले यसमा माओवादी नेताहरू पनि प्रस्ट रहेको पाएको छु ।

राष्ट्रिय उद्योगहरू संरक्षण गरिनु पर्छ । र, राष्ट्रिय स्रोत, सम्पदा र प्रविधिजन्य उद्योगहरूमा पनि विशेष ख्याल राख्नु पर्ने जरुरी हुन्छ । वैदेशिक लगानी प्रोत्साहित गरी मुलुकलाई आर्थिक रुपमा सम्पन्न बनाउने बाटोमा अगाडि बढ्नु आवश्यक छ । औद्योगिक क्षेत्रको विकासका लागि अल्पकालीन र दीर्घकालीन नीति तय गरी अगाडि बढ्नु पर्ने आवश्यकता देखेको छु मैले ।

**तर अहिले नै पनि कतिपय उद्योगमा समस्या देखिएका छन् ?**

हामी समस्या संवादका माध्यमबाटै समाधान गर्न सक्छौं । केही उद्योगहरू अत्यन्तै संवेदनशील अवस्थामा छन् । चारजनाको रोजगारी बचाउने प्रयास गर्दा चालीसजनाको रोजगारी संकटमा पर्नसक्छ । कतिपय उद्योग बैंकको ऋण तिर्न नसकेर लिलामीमा जाने अवस्था छ । यस्तो बेलामा सोच्नुपर्छ सबैले । हामीले उद्योगहरू धराशायी पार्ने काम गर्नु हुँदैन ।

**माओवादी नेताहरूसँग यस विषयमा कुरा भएका छन् ?**

हामीले यस्ता समस्याका बारेमा छलफल गर्दै आएका छौं र संवादबाट समाधान पनि गरेका छौं । कोकाकोलामा उत्पन्न समस्या समाधान गरिएको छ । माओवादी निजी क्षेत्रप्रति सकारात्मक रहेको हामीले पाएका छौं । सामाजिक-आर्थिक विकासका लागि राजनीतिक तहबाट वातावरण तयार गर्नु पर्ने अहिलेको आवश्यकताप्रति माओवादी नेताहरू सकारात्मक रहेको पाइएको छ ।

**के माओवादी उदारीकरणको पक्षमा देखिएका छन् ?**

हामीले त्यस्तै पाएका छौं । उनीहरूले खुला बजार अर्थतन्त्रको विपक्षमा कुरा गरेका छैनन् । तर, यसमा केही 'रिजर्भेसन'हरू छन् जस्तो लाग्छ मलाई ।

**'राष्ट्रिय' र 'दलाल नोकरशाही पुँजीपति'का रुपमा छुट्याउने विषयमा पनि कुरा हुने गरेको छ ?**

त्यस्ता कुरा उठ्छन् । उद्योगपतिहरू शाही राज्यसत्ताका सहयोगी बनेका कुरा पनि आउँछन् । तर, यसबारे के भन्न खोजिएको हो, विस्तृत कुरा हुन बाँकी नै छन् ।

**तर अहिले विश्वासको वातावरण कायम नहुँदा लगानी बाहिरिने खतरा बढेको छैन ?**

हाम्रो चाहना स्वदेशी पुँजी विस्थापन नहोस् भन्ने छ । अविश्वासको वातावरणका कारण यस्तो हुन सक्छ । त्यसको नोक्सानी अन्ततः मुलुकले व्यहोर्नु पर्छ । त्यसैले राजनीतिक पक्षबाट यी विषयमा ध्यान पुऱ्याइएमा राम्रो हुन्छ । ■

# डराउनु पर्दैन स्वास्थ्य क्षेत्र

■ **मनीष गौतम/काठमाडौं**

**माओवादीले** स्वास्थ्य सेवालाई पूर्णतया सरकारी नियन्त्रणमा राखी निःशुल्क बनाउन सक्ने आशंका व्याप्त भएकाले त्यसबारे स्पष्ट हुन माओवादी स्वास्थ्य नीति अहिले चासोको विषय बनेको हो। अर्कोतिर भौगोलिक जटिलता र सरकारी उदासीनताका कारण स्वास्थ्य क्षेत्रमा व्याप्त विकृति र व्यापारीकरणको अन्त्य माओवादीबाट सम्भव ठान्नेहरू पनि उनीहरूको धारणाको प्रतीक्षामा छन्।

स्वास्थ्य सेवालाई पूर्णतया निःशुल्क बनाउन नसकिने धारणा विशेषज्ञहरूको रहेको छ किनकि यसमा हुने आर्थिक भार मुलुकले थेग्न सक्दैन। यसका लागि सरकारले 'अनुदान'मा स्वास्थ्य क्षेत्रमा पहुँच नभएकाहरूलाई सेवा दिनु पर्ने र निजी अस्पताल तथा नर्सिङहोमलाई अनुगमनको दायरामा ल्याउनु पर्ने राय उनीहरूको छ।

'स्वास्थ्य सेवाको विस्तार तथा यसमा राम्रा कुरा हुँदाहुँदै पनि यो क्षेत्रमा त्यत्तिकै चुनौती पनि छन्', तीलगंगा आँखा केन्द्रका निर्देशक डा. सन्दुक रुइत भन्छन्, 'स्वास्थ्य सेवा सहर केन्द्रित छ र यसलाई गाउँगाउँमा पुऱ्याउन सकिएको छैन।'

'नयाँ नेपालको अवधारणा आइरहेको सन्दर्भमा नेतृत्व तथा सरोकार पक्षले पुरानो मान्यताबाट हट्नु पर्छ। हरेक कामका लागि चाहे ती बिरामी हुन् अथवा स्वास्थ्य क्षेत्रमा कार्यरत व्यक्ति सबै काठमाडौंमै आउनु पर्ने बाध्यता तोडिनु पर्छ', डा. रुइत भन्छन्, 'स्वास्थ्य सेवा तथा यससँग जोडिएको प्रशासनिक संयन्त्रलाई विकेन्द्रीकरण गर्नु पर्छ।' मध्यमस्तरका स्वास्थ्यकर्मी (प्यारामेडिक्स)को उत्पादन गरी उनीहरूलाई परिचालित गर्न सके ग्रामीण


डा. सन्दुक रुइत

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सक्ने धारणा डा. रुइतको छ।

सन् ९० को दशकपछि आएको आर्थिक उदारीकरणको लहरको परिणाम स्वरुप फस्टाएको निजी क्षेत्रभित्रको स्वास्थ्य क्षेत्र पनि सर्वाधिक आलोचित छ। 'आधारभूत स्वास्थ्य सेवा सरकारले सर्वसुलभ तरिकाले जनतालाई पुऱ्याउने सुनिश्चितता गर्नुपर्छ', मेडिकेयर अस्पतालका वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. चक्रराज पाण्डे भन्छन्, 'विशेषज्ञ सेवा महँगो हुने हुनाले कसै न कसैबाट त्यो व्यहोरिनु पर्ने हुन्छ।'

निजी अस्पताल तथा नर्सिङहोमलाई सरकारी अनुदान र राहत उपलब्ध नहुने भएकाले यसको सेवा शुल्क तुलनात्मक रुपले महँगो रहेको ओम अस्पताल तथा अनुसन्धान केन्द्रका सहायक निर्देशक भुवनराज जोशी बताउँछन्। 'पब्लिक-प्राइभेट पार्टनरसिपको अवधारणा आएको बेला परिवर्तित सरकार यसअनुरुप चलेन भने सफल हुँदैन', जोशी भन्छन्, 'त्यसैले निजी स्वास्थ्य क्षेत्र सुरक्षित हुन्छ भन्नेमा हामी ढुक्क छौं।' कतिपय निजी अस्पताल तथा नर्सिङहोमले अनुसन्धान तथा सामुदायिक स्वास्थ्यको नाममा स्वास्थ्योपचारमा प्रयोग हुने उपकरण तथा अन्य सामग्री सहुलियतमा भित्र्याएर प्रयोग गरिरहेका छन्। यसरी समुदायका नाममा भित्र्याइएका यसखाले उपकरणको प्रयोग लक्षित समुदायमा भएको भने पाइँदैन।

आसन्न राजनीतिक परिवर्तनले स्वास्थ्य क्षेत्रलाई गाँजेको व्यापारीकरणको रोगबाट मुक्ति दिनु पर्ने विज्ञहरूको धारणा छ। 'लगानी उठाउने नाममा लगानीकर्ताले महँगो शुल्क लिने प्रवृत्ति त्यागेर सामुदायिक सेवा पनि दिनु पर्छ र केहीले त्यसो गरेका पनि छन्', डा. रुइत भन्छन्, 'यसका लागि स्पष्ट नीति आउनु जरुरी छ।'

परिवर्तित राजनीतिक अवस्थाले मुख्यतः निजी क्षेत्रको स्वास्थ्य क्षेत्रमा भएको लगानी डुब्ने हो कि भन्ने भय छ। 'परिवर्तित राजनीतिक परिस्थितिबाट हामी आत्तिनु पर्ने केही छैन। जहाँसम्म निजी नर्सिङहोम तथा क्लिनिकहरूले चर्को शुल्क लिएको भन्ने कुरा छ, यसमा उनीहरू सच्चिनु पर्छ', नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठ भन्छन्, 'स्वास्थ्य सेवालाई गुणस्तरयुक्त र पहुँचपूर्ण अवस्थामा लैजानु पर्छ। यसका लागि माओवादीको पनि मूलभूत अवधारणा आउनु पर्छ। डराउनु पर्ने कारण केही देखिँदैन।'

माओवादीले जसरी एक्काइसौं शताब्दीको धारलाई पछ्याउँदै खुला राजनीतिमा आउने प्रतिबद्धता देखाएका छन्, त्यसमा सही तरिकाले अवतरण गर्न नेतृत्व वर्गका सबै पक्षले आफ्नो दृष्टिकोण फराकिलो पार्ने र ओढिएको आफ्नो 'छाता'बाट बाहिर निस्कनु पर्ने धारणा डा. रुइतको छ। उनी भन्छन्, 'माओवादीले पनि स्वास्थ्यसम्बन्धी नीति ल्याउनु आवश्यक छ। देशमुखी र जनमुखी भएर काम गर्न सक्यौं भने अवश्य अगाडि बढ्न सकिन्छ।' ■

भने माओवादी प्रतिबद्धताभन्दा पर छन्। तर, यसलाई स्वभाविक मान्दै पूर्वअध्यक्ष श्रेष्ठ भन्छन्, 'बाह्र वर्ष युद्ध गरेर आएको पार्टीका गतिविधि यो रुपमा देखिनुलाई अन्यथा मान्नु हुँदैन। संवादका माध्यमबाट यी विषय समाधान गर्न सकिन्छ।'

तर यी विषयको सम्बन्ध सरकार-माओवादीबीच जारी वार्ताको सफलतासँग जोडिएको छ। शान्ति प्रक्रियामा अवरोध आएमा माओवादीका यी प्रतिबद्धता भत्किनेछन् र हिंसात्मक युद्धको पीडा सबैले व्यहोर्नुपर्नेछ, बितेको दशकमा जस्तै। होटल संघ नेपालका पूर्व अध्यक्ष नरेन्द्र बज्राचार्य भन्छन्, 'अहिले सबैले देखाउनु पर्ने मुख्य सरोकार शान्ति वार्ताको सफलताका लागि हो। दिगो शान्तिको स्थापना भएमा अधिकांश समस्याको समाधान आफै हुनेछ।' वार्ता प्रक्रियामा ल्याइन सक्ने अवरोधका विरुद्धमा व्यवसायिक क्षेत्र सक्रिय रहनु पर्ने व्यवसायीको धारणा रहे पनि उनीहरूका नेतृत्वदायी संगठनले यसप्रति खासै चासो देखाएका छैनन्। विगतमा शाही सत्ताको नजिक रहेका कारण पनि उनीहरू लाजगालले आफै खुम्चिएका छन्।

मुलुकका उद्यमी-व्यवसायीलाई 'राष्ट्रिय उद्योगपति' र 'दलाल नोकरशाही'का रुपमा विभाजन गर्ने माओवादी भनाइहरूले भने उनीहरूलाई सबैभन्दा नराम्रो मनोवैज्ञानिक असर पुऱ्याइरहेको छ। माओवादी आग्रह पालना गर्दै नजिकको सम्बन्धमा रहेका उद्यमीहरू 'राष्ट्रिय' ठहरिन सक्ने र चन्दालगायतका गतिविधिको विरोधमा उत्रिएकाहरूमाथि 'दलाल नोकरशाह'को बिल्ला भिराइनसक्ने सम्भावनाले उनीहरू पिरोलिएका छन्। एक उद्यमी भन्छन्, 'यस्तो भएमा मुलुकका लागि पनि दुर्भाग्य सावित हुनेछ।'

योभन्दा जटिल समस्या भने माओवादीको भारतीयमूलका 'मारवाडी' समुदायका उद्यमीप्रति रहेको तुलनात्मक रूपमा नकारात्मक दृष्टिकोण निम्त्याउन सक्ने विश्लेषण गरिएको छ। यसै पनि नेपालमा यहाँका 'रैथाने' र 'मारवाडी' समुदायका उद्यमी-व्यवसायीबीच परम्परागत रुपमा फाटो रहँदै आएको छ। एकले अर्को समूहलाई होच्याउने प्रवृत्ति हावी छ। यस्तो अवस्थामा माओवादीले उनीहरूबीच औपचारिक रुपमा विभाजनको बीउ रोपेमा त्यसले औद्योगिक समूहमा मात्रै हैन, जातीय विद्वेषको भावना फैलिने विश्लेषण गरिएको छ।

माओवादी नेतादेखि कार्यकर्तासम्मले 'राष्ट्रिय उद्योगपति'लाई संरक्षण गर्ने कुरा छुटाएका हुँदैनन्। तर, उनीहरूले 'राष्ट्रिय उद्योगपति'मा पर्ने भनिएका

# शिक्षामा सुधारको अपेक्षा

■ गोविन्द परियार/काठमाडौं

माओवादीले खुला राजनीतिमा प्रवेश गर्ने घोषणा गरेलगत्तै उनीहरूको मूल शिक्षा नीति सार्वजनिक हुनु पर्ने धारणा यस क्षेत्रका विज्ञहरूले राखेका छन् । साम्यवादको सिद्धान्त बोकेर एक दशक लामो जनयुद्धबाट गुज्रिएको माओवादीले नेपालको शिक्षाप्रणालीलाई 'बुर्जुवा'को बिल्ला भिराएर आफ्ना कार्यकर्तालाई शिक्षा बहिस्कार गर्नसमेत उक्साएको थियो ।

उनीहरूको विगतको यो क्रियाकलापले गर्दा पनि खुला राजनीतिमा शिक्षाप्रतिको उनीहरूको नीति कस्तो होला भन्नेमा अहिले शिक्षासँग सम्बन्धितहरूको गहिरो चासो देखिएको छ । यता सरकारको अस्पष्ट शिक्षा नीति र फितलो कार्यान्वयनको मर्कामा परेका अभिभावकहरूले पनि माओवादीको खुला राजनीतिमा प्रवेशसँगै शैक्षिक क्षेत्रलाई हेर्ने दृष्टिमा समेत सुधारको अपेक्षा गरेका छन् । खुला राजनीतिमा अवतरणसँगै आफ्ना मुद्दामा हदैसम्म लचिलो देखिएको माओवादीको पछिल्लो शैक्षिक नीतिका बारेमा आधिकारिक धारणा सार्वजनिक भइसकेको भने छैन ।

संविधानसभामार्फत नयाँ नेपालको खाका कोर्ने तयारी भइरहेको अहिलेको परिवर्तित सन्दर्भमा विभिन्न आरोप लाग्दै आएको शिक्षा क्षेत्रमा पनि आमूल परिवर्तन गरेर सबै जनताको सहज पहुँच हुनसक्ने बनाउनु पर्ने आवाज उठ्न थालेको छ । उता शिक्षाको व्यापारीकरणको अन्त्य, सर्वसुलभ र जनपक्षीय शिक्षा प्रणाली लागू गर्नु पर्ने माग राख्दै विद्रोहमा उत्रिएका माओवादी निकट भविष्यमै सत्तामा जान लागेकाले पनि निजीस्तरका शिक्षालयहरू सशंकित भएका छन् । मुलुकले प्रजातान्त्रिककालमा अवलम्बन गरेको खुला शैक्षिक नीतिका कारण निजीस्तरका शिक्षालयहरूको पकड र फैलावट बढ्दो छ ।

माओवादीले विगतदेखि उठाउँदै आएका शैक्षिक माग पूरा गराउने हो भने अहिले मुलुकमा व्याप्त शिक्षा पद्धतिले नै कोल्टे फेर्नेछ । यो निर्णयले निजीस्तरमा ठूलो धनराशि खर्च गरेर खुलेका शिक्षालयहरू प्रत्यक्ष प्रभावमा पर्नेछन् ।

अखिल (क्रान्तिकारी)का अध्यक्ष लेखनाथ न्यौपाने भन्छन्, 'शिक्षामा हावी भएको निजीकरण र व्यापारीकरणको पूर्ण अन्त्य भएर राष्ट्रियकरण नभएसम्म हाम्रो संघर्ष कायमै रहनेछ ।' तर, आफ्नो पकड जमाएका निजी विद्यालयलाई सजिलै व्यापारीकरणबाट मुक्ति दिलाउनु भने त्यति सहज छैन । सरकारी स्कुलहरूमा लगानीको अभावमा गुणस्तरीय सेवा दिन नसकेको अवस्थामा निजी विद्यालयको अन्त्यभन्दा पनि निश्चित मापदण्ड तयार गरेर संचालन गराउनु पर्ने धारणा विज्ञको छ । निजीस्तरमा खुलेका शिक्षालयहरूका बारेमा सरकारको स्पष्ट दृष्टिकोण नभएका कारण उनीहरूको सेवा र सर्तका बारेमा विवाद हुँदै आएको छ ।

शिक्षाविद् डा. सुरेशराज शर्मा भन्छन्, 'सरकारी र निजी विद्यालयको मिलनविन्दु स्पष्ट भयो भने शिक्षामा दुवैको भूमिका महत्त्वपूर्ण हुन सक्छ ।' जनताको पहुँचमा शिक्षा पुग्न नसकेको र शिक्षालयहरूले बेरोजगार जनशक्ति उत्पादन गर्ने गरेको आरोप आइरहेको समयमा अहिलेको राजनीतिक परिवर्तनसँगै यो क्षेत्रमा व्यापक सुधारको आवश्यकता टड्कारो भएको विज्ञहरू बताउँछन् । निजी शिक्षालयहरूलाई व्यापारमुखी भएको आरोप लाग्ने गरे पनि स्तरीय शिक्षाको लागि निजीक्षेत्रसँग राज्य प्रतिस्पर्धी हुनसकेको छैन ।

प्याब्सनका अध्यक्ष उमेश श्रेष्ठ भन्छन्, 'नयाँ परिवर्तनसँगै सबै पक्षले नयाँ चिन्तन र सोचका साथ बृहत् छलफल गरेर सार्वजनिक/निजी साझेदारीको मोडलमा शैक्षिक क्षेत्रको दीर्घकालीन रणनीति तयार गर्नु पर्छ ।' सरकारी स्कुलहरूको स्तर खस्कँदै गएकोले गर्दा निजीतर्फ आकर्षण बढेको हो । श्रेष्ठ भन्छन्, 'शिक्षा व्यापारमुखी नभई सेवामुखी हुनु पर्छ र यो कार्यान्वयन गराउने दायित्व सरकारको हो ।'

सरकारले शैक्षिक गुणस्तर कायम गराउने हो भने सरकारी स्कुलतर्फ नै जनताको आकर्षण बढ्छ । 'शिक्षामा सरकारले लगानी नगरेका कारण सरकारी स्कुलको गुणस्तर खस्किएको हो । त्यसैले शिक्षामा जनताको सहज पहुँच बनाउनको लागि सरकारी लगानी बढाउनु पर्ने' श्रेष्ठको सुझाव छ । २०२८ सालमा लागू गरिएको नयाँ शिक्षा नीतिसँगै सबै निजी विद्यालय सरकारले लिएको थियो । तर, स्पष्ट दृष्टिकोण र कार्यक्रमको अभावमा केही वर्षपछि नै सरकार पुनः निजीकरण गर्न बाध्य भएको थियो ।

अब कोरिने नयाँ नेपालको खाकामा शैक्षिक क्षेत्रको विकासका बारेमा स्पष्ट हुनुपर्ने धारणा सार्वजनिक हुन थालेका छन् । डा. शर्मा भन्छन्, 'प्रत्येक स्कुल तथा क्याम्पसमा जनताको भूमिका हुनु पर्छ र शिक्षण संस्थालाई नाफामुखी बनाउनु हुँदैन ।'

शिक्षालाई राष्ट्रियकरण गर्नु पर्ने माग चर्किरहेको समयमा राष्ट्रियकरण गरेर मात्र समस्या समाधान नहुने तर्क शिक्षाविद्हरूले गर्न थालेका छन् । शिक्षाविद् डा. तीर्थ खनिया भन्छन्, 'नयाँ परिस्थितिमा माओवादीहरू खुला राजनीतिमा आएका कारण उनीहरूले शिक्षामा पनि सुधारको नीति लिनु राम्रो हुनेछ ।' 'निजीस्तरका स्कुलहरूले नाफा बाँड्न पाउनु हुँदैन, त्यो शिक्षामा नै लगानी गर्नु पर्ने नीति जोसुकै सरकारमा आए पनि कडाइका साथ लागू गर्न सकेमा धेरै कुरामा सुधार हुनेछ', खनियाको कथन छ । ■

उद्यमीहरू राजाको निकटमा छन् । त्यसैले उनीहरूलाई 'नोकरशाही'को उपाधि दिने गरिएको छ । महासंघ र माओवादी नेताहरूबीचको छलफलमा यो विषयले पनि प्राथमिकता पाउने गरेको छ । अध्यक्ष ढकाल भन्छन्, 'उनीहरूले राष्ट्रिय उद्योगपतिको कुरा त ल्याउँछन् । तर, यसलाई छुट्याउने स्पष्ट मापदण्ड दिने गरेका छैनन् ।'

विदेशी उद्योगहरूसँग खुला प्रतिस्पर्धामा टिक्न नसकी धराशायी बन्दै गएका नेपाली उद्योगका सामु 'स्वदशी उद्योग'हरूको संरक्षण गर्ने माओवादी नारा निकै लोकप्रिय बनिरहेको छ । यसकै आधारमा विगतमा माओवादीप्रति नकारात्मक देखिने उद्यमीहरू अहिले उनीहरूप्रति सकारात्मक बनिरहेका छन् । जस्तो कृषि क्षेत्र र कपडा उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकिरहेको अवस्था छ । माओवादीबाट संरक्षण पाउने आशा टेक्सटाइलका लगानीकर्तामा बढेको छ । तर, विश्वव्यापी उदारीकरण, विश्व व्यापार संगठनको सदस्य तथा अन्तर्राष्ट्रिय सन्धिहरूमा बाँधिएको नेपालले माओवादीले भनेजस्तै स्वदेशी उद्योगलाई संरक्षण दिन त्यति सजिलो देखिँदैन । किनभने माओवादी सरकारमा जानासाथ अन्तर्राष्ट्रिय कानुन तोडिन सक्ने अवस्था पनि देखिएको छैन । फेरि करोडौं जनताको सस्तो सामान उपभोग गर्न पाउने अधिकार कटौती गर्ने वा केही उद्यमीहरूको संरक्षण भन्ने विषय अगाडि आउँदा कुनै पनि सरकारले जनताको हित त्याग्न सकेका इतिहास कमै पाइन्छन्, संसारमा । स्वदेशी उद्योगको संरक्षणका लागि उनीहरूलाई अन्तर्राष्ट्रिय उद्योगसँग प्रतिस्पर्धी बन्न सक्ने वातारण तयार गरिदिनु सरकारको कर्तव्य हुनेछ ।

सस्तो भएर पनि श्रम समस्या जेलिएर रहेको छ, नेपालमा । निजी क्षेत्र आफ्नो सफलताका लागि मजदुर हितप्रति माओवादीले पनि आँखा चिम्लियोस् भन्ने चाहन्छ भने तिनै मजदुरलाई आधार बनाएर राजनीति गरिरहेको माओवादीले उनीहरूको हितमा ध्यान पुऱ्याउनु उसको धर्म हुनेछ । अहिले देशव्यापी उद्योगहरूमा मजदुर समस्याकै कारण विभिन्न समस्या मात्रै आएका छैनन्, कतिपय उद्योग बन्दसमेत भएका छन् । वैदेशिक लगानी भित्र्याउन माओवादी सहयोगी बन्नु पर्ने यो क्षेत्रको अर्को चाहना हो । माओवादीले यसलाई सहर्ष स्विकारेको देखिए पनि 'श्रम कानुन' यसमा विवादास्पद बन्ने देखिन्छ । वैदेशिक लगानीकर्ताहरू 'हायर एन्ड फायर'को पक्षमा छन् । दाताहरूले सहयोगको एउटा मुख्य सर्त नै यसलाई बनाउँदै आएका छन् । ■

# चुनौती धेरै

■ कुमार फुदोङ

**सेना राष्ट्रिय सुरक्षाको एक अंग हो । राज्यको एकीकरणदेखि नै नेपाली सेना हिन्दु संस्कार र परम्परागत शैलीमा संगठित भएको हो । यसले शासक वर्गको सत्ता सुरक्षामा राम्रो भूमिका खेलेको छ । त्यसैले सुरक्षा विश्लेषकहरू यसलाई 'सेरिमोनियल आर्मी' (आलंकारिक सेना) भन्न रुचाउँछन् । बाह्य आक्रमण रोक्न परम्परागत शैलीमा लडाइँ लड्ने क्षमता यसले राख्दैन ।**

**एउटा अन्तरसंवाद कार्यक्रममा** रक्षासचिव विष्णुदत्त उप्रेतीले राष्ट्रिय सुरक्षा नीति राष्ट्रिय मूलनीतिअन्तर्गत बनाउनु पर्ने तर्क पेस गरेका थिए । तर, राष्ट्रिय मूलनीतिको परिभाषा, निर्णय तथा निर्धारण कसले गर्ने बारेमा भने उनले केही व्याख्या गरेनन् । देशको विद्यमान समस्याको समाधान सुरक्षा नीति र कानुनले हुँदैन । समस्या राष्ट्रिय मूलनीति नै हो ।

नेपालको बदलिँदो परिस्थिति मूल्यांकन गर्ने हो भने सशस्त्र विद्रोहले राजनीतिक क्रान्ति वा जनचेतनामा ठूलो प्रगति भयो । लोकतन्त्रको केही लक्षण देखियो तर सामाजिक सुधार शून्य स्थितिमा नै रहेको पाइन्छ । यस्तो सामाजिक तथा राजनीतिक स्थितिले राष्ट्रिय सुरक्षालाई ठूलो चुनौती दिएको छ ।

राष्ट्रिय मूल्य मान्यताहरू समय परिस्थितिले तलमाथि पर्न सक्छ । तर, मूल्य मान्यताबाट नै राष्ट्रिय मूलनीति शासकद्वारा निर्धारण गर्ने गरेको पाइन्छ । नेपालको एकीकरणपछि राजा पृथ्वीनारायण शाहले भौगोलिक स्थितिलाई ध्यान दिएर आफ्नो धर्मप्रतिको आस्थाले देश र राजतन्त्रको हितलाई बचाउन हिन्दु धर्म, संस्कार र परम्पराको आधारमा राष्ट्रिय मान्यताको परिभाषा र व्याख्या गरे । त्यही मान्यतालाई पछिका शासक वर्गले विभिन्न गैरहिन्दु जातिमा आफ्नो मान्यता फैलाउन देशको कुनाकाप्चामा प्रशासकीय संयन्त्र विकास गरे ।

राष्ट्रिय मान्यताहरूबाट नै राष्ट्रिय मूलनीति सिर्जना भयो । संवत् १९१० को मुलुकी ऐनदेखि २०४७ सालको संविधानभित्र यिनै मान्यतालाई रुपान्तर गरी संरक्षण गरिएको छ । यस्तो मूल नीतिबाट सामाजिक न्यायले स्थान पाएन । बरु समाजभित्रको विभेदलाई प्रोत्साहन मिल्यो ।


भास्कर ओझा

सुरक्षाको विश्लेषण गर्दा राष्ट्रिय मूलनीति र भू-राजनीतिक परिस्थितिले बाह्य आक्रमणको खतरा पहिचान हुन्छ । यस्तो बाह्य खतराबाट देशलाई रक्षा गर्न भौतिक क्षमता, राष्ट्रिय रणनीति, सेनाको बनावट र हात हतियारको छनोट व्यवस्थालाई मूल्यांकन गर्नु पर्छ । तर, आन्तरिक सुरक्षा भने शासक वर्गको राजनीतिक वैधता, राष्ट्रिय एकता, राज्यको नीति निर्माण, स्रोत साधन परिचालन गर्ने क्षमतामा भर पर्छ ।

सेना राष्ट्रिय सुरक्षाको एक अंग हो । राज्यको एकीकरणदेखि नै नेपाली सेना हिन्दु संस्कार र परम्परागत शैलीमा संगठित भएको हो । यसले शासक वर्गको सत्ता सुरक्षामा राम्रो भूमिका खेलेको छ । त्यसैले सुरक्षा विश्लेषकहरू यसलाई 'सेरिमोनियल आर्मी' (आलंकारिक सेना) भन्न रुचाउँछन् । बाह्य आक्रमण रोक्न परम्परागत शैलीमा लडाइँ लड्ने क्षमता यसले राख्दैन । देशको बनोटले पनि यो सम्भव छैन ।

यही वस्तुगत स्थिति मूल्यांकन गरी माओवादी नेता प्रचण्डले राष्ट्रिय सेना बीस हजार भए पुग्छ भन्ने आफ्नो विचार पत्रकार सम्मेलनमा राखेका हुन् । वास्तविकता के हो भने जतिसुकै ठूलो फौज राखे पनि बाह्य आक्रमणको मुकाविला गर्न नेपालीहरूलाई गुरिल्ला लडाइँको विकल्प छैन । त्यसैले मनोवैज्ञानिक सुरक्षा अवधारणा, राजनीतिक परिचालन र जनचेतनामा नै राष्ट्रको सुरक्षा भर गर्नु पर्ने हुन्छ ।

अध्यक्ष प्रचण्डको सोचाइ, जनमिलिसिया खडा गरी गुरिल्ला लडाइँ गर्ने सुरक्षा नीति हो । २० हजार फौज मात्रै राखी २ करोड नेपालीलाई मिलिसिया तालिम दिने रणनीतिले सेनाको नेतृत्व तहमा यसले केही असहज परिस्थिति खडा गरेको छ । समय परिस्थितिले बाह्य आक्रमणको खतरा आउन सक्छ । राष्ट्रिय सुरक्षा अवधारणा र रणनीति राजनीतिक नेतृत्वबाट नै निर्णय हुन्छ । सेनाको नफ्री र बनावट आर्थिक भारले निर्णायक भूमिका खेल्छ । तर, रोजगारी तथा अन्य राष्ट्रका सैनिकहरूसँगको तालिम सम्बन्धले छुट्टै योगदान गरेको हुन्छ । शान्ति सेनामा सहभागी हुँदा राष्ट्रलाई आर्थिक लाभ मात्र होइन दक्षता र सीप पनि उत्तिकै भित्रिएका हुन्छन् ।

आर्थिक दृष्टिले सानो नफ्री भएको सेनालाई पालन पोषण गर्न राष्ट्रलाई कम भार पर्छ । जनमिलिसियालाई सैनिक तालिम मात्र गरेर हुँदैन, तालिमको लागि र संकटकालीन अवस्थामा हतियार गोली गट्ठा पनि चाहिन्छ । ठूलो

परिमाणमा हतियार आवश्यकता पूर्ति गर्न स्वदेशमा नै उत्पादन गर्न राष्ट्रिय हितलाई फाइदा हुनेछ । तर, यस्ता आधारभूत व्यवस्था तयार गर्न राष्ट्रले ठूलो पुँजी लगानी गर्नु पर्ने हुन्छ । कति उत्पादक वस्तु प्राविधिक दृष्टिले आयात गर्नु पर्ने हुन्छ । यतिमात्र होइन राष्ट्रिय स्वतन्त्रता तथा अखण्डताको रक्षा गर्नु नेपालजस्ता साना मुलुकले ठूला राष्ट्रसँग गोप्य गठबन्धनको नीति समेत अपनाएको पाइन्छ ।

नेपाल जस्तो सानो मुलुकलाई बाह्य शक्तिभन्दा आन्तरिक चुनौतीले राष्ट्रिय सुरक्षामा बढी महत्त्व पाउँछ । किनकि आन्तरिक संक्रमण बढेमा बाह्य हस्तक्षेपले स्वतः प्रवेश पाउनेछ । अथवा बाह्य र आन्तरिक सुरक्षा एक-अर्कामा गाँसिएको हुन्छ ।

माओवादी पार्टीले सामाजिक न्याय, समानता, आर्थिक उन्नति, आत्मसम्मान तथा राष्ट्रिय सार्वभौमसत्ता जस्ता मूल मुद्दाहरू उठाएर सशस्त्र संघर्ष गर्दै राष्ट्रलाई संविधानसभामा पुऱ्याएको छ । यी मुद्दालाई नयाँ संविधानले पनि सही सम्बोधन गरेन भने आन्तरिक चुनौती अझ आउनेछन् ।

उक्त आधारभूत समस्यालाई संसद्वादी सात दलले सम्बोधन गर्न समावेशी लोकतन्त्रको नारा वर्तमान राज्यप्रणालीभित्र राखेको देखिन्छ । तर, यसको खास व्याख्या भने गरिएको छैन । यो उनीहरूको राजनीतिक स्वार्थ र यथास्थितिवादको परिणाम हो ।

माओवादीले यी आधारभूत समस्यालाई सम्बोधन गर्न, राज्यको पुनर्संरचनाबाट मात्र सम्भव हुने भएकोले विभिन्न जातीय, क्षेत्रीय स्वशासन, आत्मनिर्णयको अधिकार, संघात्मक राज्य प्रणाली, दलित र महिलाहरूलाई विशेष अधिकारको घोषणा गरेको छ । यस्तो व्यवस्थाले आदिवासी/जनजाति, दलित र महिलालाई राज्यको सत्ता साझेदारीमा राम्रो अवसर र वातावरण पैदा हुनेछ । यसले केन्द्रीय सत्तामा पकड राख्ने वर्गको ठेकेदारी हालीमुहाली तोड्नेछ । न्यायोचित तथा सन्तुलित समाजको विकास गर्नेछ । नेपाली समाजमा भातृत्व वातावरणले स्थायी शान्ति ल्याउनेछ । समाजको रुपान्तरण हुनेछ । तर, यस्तो पुनर्संरचना प्रक्रिया कठिन छ । जंगीदेखि निजामती प्रशासनमा पुनर्गठन, पजनी गर्दै बिल्कुलै नयाँ ढंगको राज्यप्रणाली लागू गर्नु पर्नेछ ।

यथास्थितिवादी मानसिकताले आमूल परिवर्तन हुँदैन । आमूल परिवर्तन ल्याउन प्रभावशाली क्रान्तिकारी नेतृत्वको आवश्यकता पर्छ । किनकि ऊसँग नैतिक बल र राजनीतिक इच्छाशक्ति हुन्छ । नयाँ नेतृत्व वर्गले राज्यको विभिन्न तहमा जिम्मेवारी लिनु पर्ने हुन्छ ।

विभिन्न आदिवासी जनजाति, जात, सम्प्रदायले बसोवास गरेको नेपाली समाजलाई राष्ट्रियता, आत्मनिर्भरता तथा देशभक्ति जस्ता मूल्यहरूप्रति जनचेतना ल्याउन त्यति सजिलो छैन । सयौं वर्षदेखि हिन्दु धर्म र संस्कृतिले नेपाली समाजमा प्रभुत्व जमाएर बसेको छ । बेरोजगारी समस्याले विदेशी सेनामा गोर्खालीहरू शोषित भएका छन् । आफ्नै राष्ट्रले यिनीहरूको मौलिक हकलाई बेवास्ता गर्दै अवहेलना गर्ने नीति लिएको छ । बेरोजगारीले राष्ट्रिय भावनालाई कुण्ठित गरेको छ । यस्तो वातावरणमा माओवादी नेता प्रचण्डले समाजको विभिन्न वर्ग समुदायलाई स्थायी रुपले राजनीतिक चेतना जागरण गर्न कस्तो रणनीति अपनाउनेछन् ? सोबारे नेपालीहरू जानकारी लिन र बुझ्न उत्सुक छन् ।

यथास्थितिवादीहरूले संविधानसभा निर्वाचनमा विखण्डन हुने त्रास पनि देखाई राष्ट्रिय मूलनीतिमा आफ्नो पकड राख्ने प्रयास गर्न सक्नेछन् । हिन्दु राष्ट्रले बाह्य शक्तिको प्रभुत्वबाट नेपालको राष्ट्रिय सार्वभौमसत्ता बचाउन सकेन र बचाउँदैन पनि । आदिवासी-जनजाति र क्षेत्रीय पहिचानबाट प्रतिनिधित्व हुने केन्द्रीयस्तरको सामूहिक नेतृत्वले मात्र नेपालको सार्वभौमसत्ता र स्वतन्त्रता बचाउन बढी सक्षम हुनेछ । राष्ट्रनिर्माणमा सबै वर्ग र जातिको सहभागिता तथा साझेदारीबाट मात्रै राष्ट्र बलियो हुनेछ । राष्ट्र बलियो नभई बाह्य राष्ट्रबाट भोग्दै आएको आर्थिक राजनीतिक सैनिक तथा सांस्कृतिक हैकमबाट एक्काइसौं शताब्दीमा नेपालले मुक्ति पाउन सक्दैन ।

*(लेखक नेपाली सेनाका अवकाशप्राप्त मेजर जनरल हुन् ।)*


Wave

# आदरणीय ग्राहकवर्ग

वेभ फोनको बिल
आजै भुक्तानी गरी अन्तिम दिनको
लामो लाइन र असुविधाबाट बच्नुहोस्



२०६३ जेष्ठको वेभ फोनको बिल भुक्तानी गर्न जम्मा ४ दिन बाँकी (बिल भुक्तानी गर्ने अन्तिम म्याद २०६३ असार २६ गते)

निर्धारित समयमा बिल भुक्तानी गरी आफ्नो फोनको निर्बाध सेवा सुनिश्चित गर्नुहोस् ।

तपाईको सुविधाअनुसार निम्न केन्द्रहरुमा महशुल तिर्न सकिन्छ

शान्तिमार्ग-१, हात्तिसार, फोनः २०००१०४, २०००१०५
माछापोखरी, बालाजु, फोनः २०००४०१
चुच्चेपाटी, चाबहिल, फोनः २०००३०१
नक्खु चोक, ललितपुर, फोनः २०००५०१
टौमडी, भक्तपुर, फोनः २०००६०१

शनिबार लगायत हप्ताको सातै दिन यूटीएल खुल्ला छ ।

UTL
United Telecom Limited

Tel: 2222222, Fax: 2499999
E-Mail: info@utlnepal.com
Web Site: http://www.utlnepal.com

# संभावना र संकट

**सात दल र माओवादी मिलेर द्वन्द्वको समाधान गर्न सके भने द्वन्द्वको इतिहासमा यो विश्वको लागि नै एउटा नमुना बन्न सक्छ। खासगरी विश्व वैकल्पिक राजनीतिमा यसले ठूलो महत्त्व राख्नेछ।**

■ **प्रबोध देवकोटा**

'अल्टर्नेटिभ पोलिटिक्स' अर्थात् वैकल्पिक राजनीतिको व्यापक वहस चलिरहेको वर्तमान विश्व राजनीतिमा ल्याटिन अमेरिकी राजनीतिले एउटा नयाँ आयाम दिएको छ। खासगरी अमेरिकी नीति, पुँजीवाद, विश्वव्यापीकरण र नवउदारवादको विरुद्ध ल्याटिन अमेरिकी मुलुकले देखाएको साहस, रणनीति र परिवर्तनले विश्वराजनीतिमा वैकल्पिक राजनीतिको ठाउँ छ भन्ने कुराको एउटा नमुना प्रस्तुत गरेको छ। फिडेल क्यास्ट्रो, लुला, हुगो चावेज र हालै इभो मोराल्स ल्याटिन अमेरिकाका गर्व गर्न सक्ने नाम हुन्, जसले ल्याटिन अमेरिका मात्र हैन विश्वलाई एउटा नयाँ दृष्टिकोण दिएका छन् र परिवर्तनका प्रशस्त सम्भावना संसारको आँखा अगाडि उभ्याएका छन्। यस सन्दर्भमा यसपल्टको हाम्रो लोकतान्त्रिक आन्दोलन र जनताको विजय पनि विश्व वैकल्पिक राजनीतिमा एउटा वहसको विषय भएको छ।

वर्तमान आन्दोलनले विश्वलाई खासगरी भारत र अमेरिका लगायतका हाम्रा मित्रहरूलाई ठूलो पाठ सिकायो। वर्षौंसम्म विदेशी नीतिमा दासताको र हस्तक्षेपको अनुभव गर्ने यो देशले यसपल्ट जनताको तागत र त्यसका अगाडि विदेशी राजनीतिको निरीहता र आ-आफ्ना सन्देश सच्याउनु पर्ने बाध्यता सिर्जना गर्नुले नेपाली राजनीतिमा पनि जनताले वैकल्पिक राजनीतिको सम्भावना अघि सारेका छन् भन्ने देखिन्छ। अर्को आशलाग्दो पाटो के हो भने, यदि साँच्चै सात दल र माओवादी मिलेर द्वन्द्वको समाधान गर्न सके भने द्वन्द्वको इतिहासमा यो विश्वको लागि नै एउटा नमुना बन्न सक्छ। खासगरी विश्व वैकल्पिक राजनीतिमा यसले ठूलो महत्त्व राख्न सक्ने देखिन्छ। त्यतिमात्र होइन सात दल र माओवादी मिलेर गएमा र जनताले सोचे जस्तै सामाजिक, आर्थिक रूपान्तरणको रेखा कोर्न सके भने पनि पुँजीवादको उन्मादमा नाच्दै गरेको विश्व राजनीति र अर्थनीतिका लागि यो एउटा ठूलो सन्देश हुनेछ।

शान्तिवार्ताका चरण सुरु भए पनि हालै देखापरेका राजनीतिक दूरी, विवाद र विदेशी चलखेलले कतै वैकल्पिक राजनीतिको बाटो बन्द हुने त हैन भन्ने आशंका देखिन थालेको छ। सात दल र माओवादीबीच बढ्दै गएको दूरीले जनमानसमा पुनः तिनीहरूको आमप्रतिबद्धता र संकुचित मानसिकता पर्दाफास भएको छ। दलहरूबीच बढ्दो दूरी वैचारिक दूरी पनि हो र खासगरी आन्दोलनलगत्तै देखिएको यो दूरी नेपाली राजनीतिमा वैचारिक शून्यताको अवस्था हो। यसबाट नेपाली नेताहरू वर्तमान विश्व सन्दर्भ, सूचना, अध्ययन र रणनीतिबाट टाढिएका छन् भन्ने कुरा स्पष्ट देखिन्छ। सैद्धान्तिक रूपले फरक धार हुनु स्वभाविक हो। तर, विचार र रणनीतिका दृष्टिले यो तरलताको अवस्थामा समझदारी नदेखिनुले प्रशस्त शंका गर्नु पर्ने ठाउँ देखिन्छ।

वर्तमान भूमण्डलीकरण, बजारीकरण र अन्तर्राष्ट्रिय पेचिलो राजनीति र आन्तरिक वर्गीय सोच र गन्जागोल परिवेशका बीच पनि रूपान्तरणको सम्भावना देख्ने हो भने राजनीतिक इच्छाशक्तिका साथै राजनीतिक विचारशक्ति र विश्वसन्दर्भलाई नजिकबाट नियाल्न सक्नु पर्ने हुन्छ। अब राजनीतिमा देश भित्र र बाहिरको दुवै अवस्थालाई गम्भीरताका साथ आँकलन गर्दै वैकल्पिक रणनीति नअपनाउने हो भने, आउँदा दिन सोचेजस्ता नहुन सक्छन्। जसरी निर्दलीय पंचायतपछिको बहुदलीय व्यवस्थाले खासै नयाँपन सिर्जना गर्न सकेन, यदि यस्तै अवस्था रहने हो भने संविधानसभापछिका दिनमा पनि नयाँपन र दिगोपन नआउन सक्छ। खासगरी सात दल यति बेला निकै सचेत हुनु पर्छ र दलभित्र नयाँ सोच, सूचना, अध्ययन र संवादलाई संस्थागत गर्नु अत्यन्त आवश्यक देखिन्छ। यो बेला विचार अध्ययन, रणनीति र राजनीतिक इच्छा शक्तिलाई सन्तुलित गर्नु पर्ने बेला हो।

लुलाको एउटा अन्तर्वार्ता थियो, जहाँ उनले विश्वव्यापार संगठनदेखि विश्वव्यापीकरण र विश्वराजनीतिका हरेक पाटालाई खोतली आफ्ना विचार दिए, यो एउटा ठूलो नमुना थियो, ल्याटिन अमेरिकी नेता र उनीहरूको विचार अध्ययन, रणनीति र स्पष्टताको। लाखौं कामदार किसान, मजदुरको नेतृत्व गर्ने लुलाले विश्वलाई नयाँ दृष्टिकोण र आँखाअगाडिको अमेरिकालाई तर्साउने हैसियत राख्नु चानचुने कुरा होइन। क्युवाको रणनीति सत्ताको रणनीति मात्र होइन। भेनेजुयलामा चावेजको विजय, अर्थनीति खासगरी अमेरिकासँगको तेल सम्बन्ध र उनका परिवर्तनकारी सामाजिक रणनीति ल्याटिन अमेरिकी विश्व राजनीतिमा एउटा थप आयाम हो। हालै बोलिभियामा भएको इभोमोसाल्सको विजयले थप आशा दिएको छ, विश्व वैकल्पिक राजनीतिमा। गरिब जनताको पक्षमा वकालत गर्ने र विश्व वैकल्पिक राजनीतिमा नयाँ दृष्टि दिने यी नेताहरू विचार, अध्ययन, सिद्धान्त र रणनीतिका दृष्टिले पनि स्पष्ट छन्।

एउटा जमाना थियो हामी कहाँ, खद्दरको झोला, झुस्स दारी अनि कुर्ता लाएपछि नेता भइन्छ, र त्यसमा पनि खाटी कम्युनिष्ट भइन्छ भन्ने र आजका दिनसम्म यसको स्वरूपमा केही परिवर्तन आए पनि कथा पुरानै छ। यीमध्येका दस आठजनाले गुन पनि लाए यो देशलाई, जसले आजका दिनसम्म पनि विपी, गणेशमान र कृष्णप्रसादको नाममा कांग्रेस अनि पुष्पलाल, मदनभण्डारी, मनमोहन आदिको नाममा एमालेलाई सास फेर्न सजिलो बनाइदिए। तर, देशमा विचारको राजनीति भएन, राजनीतिभित्र लठैत संस्कृति हावी हुँदै गयो। दलहरूले एउटा लामो समय प्रतिक्रियात्मक राजनीतिमा बिताए। विगतका दिनमा जनतालाई दिने दुई चार सस्ता नाराबाहेक मुलुकले नयाँ दृष्टि पाएन। विचारका दृष्टिले हामीले छलाङ मारेनौं। राजनीतिमा पनि सैद्धान्तिक प्रतिबद्धता रहेन। राजनीतिमा सत्ता हत्याउने प्रवृतिबाहेक, विकास, अर्थ राजनीति, निजीकरण, बाहिरका परिवर्तन र विश्व राजनीतिको बारेमा पनि त्यति चासो रहेन। व्यक्तिगत रुपमा एकाधजनाले चासो राखे पनि दलहरूभित्र यी बहसलाई संस्थागत गरिएन। दलमात्र होइन तिनका भातृसंगठनले पनि खासै पहल गरेनन्, जसले गर्दा नयाँ अनुहार भए पनि सोचमा परिवर्तन आएन। नेपाली राजनीतिमा विचारको ठूलो संकटको अवस्था हो यो।

यस अर्थमा एक दशकभित्र आफ्नो सशक्त अस्तित्व देखाउन सके माओवादीले, तिनका बन्दुका धाकसँगै विचार पनि नयाँ थिए। बन्दुक र चन्दाको पीडालाई एक छेउ राख्ने हो भने माओवादीले विचारको पनि बीजारोपण गरेका हुन्। अहिलेको जटिल विश्व सन्दर्भ, देशभित्रको तानाशाही प्रवृत्ति र एक दशकभित्र माओवादीले मारेको फड्कोपछि, तिनका नेतृत्व तहका केही मानिसका विचारले अवश्य ठूलो भूमिका खेलेका छन् भन्ने कुरा प्रस्ट हुन्छ। यसबाट उनीहरू अध्ययनशील, रणनीतिक र विश्व राजनीतिका बारेमा पनि उत्तिकै सु-सूचित छन् भन्ने देखिन्छ। तर, यो कुरा माओवादीको एक तप्कामा मात्र सीमित देखिन्छ। यसलाई पार्टी भित्र र बाहिर पनि लोकतान्त्रीकरण गर्नु आवश्यक हुन सक्छ।

आन्दोलनपछि सात दल र माओवादीबीच देखिएका सम्भावना र बढ्दै गएको दूरी हेर्ने हो भने जान खोजेको बाटो एउटै हुँदा हुँदै पनि केही प्रस्ट दूरी देखिन थालेका छन्। सैद्धान्तिक दृष्टिले फरक हुनु स्वभाविक भए पनि, वर्तमान अवस्थामा यी दूरी विचार अध्ययन, सम्भावना र रणनीतिका दूरी पनि हुन्। जनताको आन्दोलन र नागरिक समाजको पहलले जबरजस्ती मिलाइएका राजनीतिक शक्तिहरू विचार र रणनीतिक रूपले मिल्न सकेका छैनन्। यसरी धेरै दिन नथेगिन सक्छ। आन्दोलनपछिको यो अन्योल नेपाली राजनीतिमा वर्षौंदेखिको लठैत संस्कृतिको प्रभाव, विचार शक्ति र अध्ययनको अन्योल हो। आन्दोलनपछिको समय जटिल बन्दै गएको छ। आन्दोलनमा दलहरूले गरेका वाचा पूरा गर्न त्यति सजिलो छैन, बाह्य राजनीतिको आफ्नै रणनीति छ। यस दृष्टिले सात दल रणनीतिक रूपले अघि बढ्न सकेनन् भने देशले पुनः गम्भीर संकट भोग्नु पर्नेछ। दलहरूका घैंटामा घाम लागोस्। ■

**नागरिक आन्दोलन स्वयंसेवी भावले चलिरहेका बेला ती दाताहरूलाई आन्दोलन किन्न रहर थियो । देवेन्द्रराज पाण्डेको निष्ठाका कारण केही दाताले हप्की खाएर चुपचाप फर्कनु पर्‍यो । तर, अहिले संविधानसभा वहसको लागि केही ठूला दाता र केही ठूला गैरसरकारी संस्थाहरूले नेपाली राजनीतिमा ठूलो योगदान गरेर देखाउन थुप्रै कर्मकाण्डहरू मञ्चन गर्नेछन् र यसको सुरुवात पनि गरिसकेका छन् ।**

# फाइदाको व्यापार



सोमत घिमिरे

**मुलुकका एकथरि** विद्वान्हरू माओवादीले सशस्त्र विद्रोह नथाल्दासम्म समाज शान्त थियो भन्ने विचार राख्छन् । तर, दलितहरूलाई मन्दिर प्रवेश गर्दा, धारामा पानी थाप्न जाँदा गरिएको हिंसा, बोक्सीको नाममा महिलामाथि चलिरहेको हिंसाजस्ता घटना र प्रवृत्ति सूचीबद्ध गर्ने हो अशान्तिको लामो सूची बन्न सक्छ । यथार्थ के हो भने माओवादी विद्रोहले निश्चित रूपमा हिंसाको मात्रा र स्वरुप बदलिएको मात्र हो ।

तर विद्वान्हरूको बहस र माओवादीले हतियार उठाएपछि समाजमा भएको अशान्तिले भने नागरिक समाजको खोल ओढेका केही गैरसरकारी संस्थाहरूलाई शान्ति स्थापित गर्ने नाउँमा व्यापार गर्ने एउटा ठूलो मौका दियो र उनीहरूका लागि मुलुकको सशस्त्र द्वन्द्व दसैं आएसरह भयो । मुलुकमा कसरी शान्ति स्थापना गर्ने भनेर गैरसरकारी संस्थाले धेरै थरि नौटंकी गरे । तारेहोटलमा गोष्ठी र सेमिनारका नाउँमा ठूलै भोज भतेर गरे, बुद्धिजीवीको प्रमाणपत्र पाएकाहरूले पटक-पटक विदेश भ्रमण गरे, जर्नलहरू निकालेर आफ्नै कार्यालयभन्दा बाहिर लगेनन्, मैनबत्ती धेरैपटक धेरैले बाले, हुँदा-हुँदा शान्तिका लागि तरकारी खेती र बाख्रापालन कार्यक्रमहरू संचालन गरे । बाख्रा र तरकारीमा अलमल्याउन सके विद्रोहमा मान्छे आकर्षित नहुने र स्वतः विद्रोहीहरू कमजोर भई समाजमा शान्ति आउने तर्कसहित यस्ता काम पनि गरे ।

यस्ता क्रियाकलापमा कति रकम खर्च भयो ? समाजको कुन वर्ग लाभान्वित भयो ? र साँच्चै नै शान्ति प्रक्रियालाई यस्ता क्रियाकलापले कहाँनेर मद्दत गर्‍यो, यसको कुनै लेखाजोखा छैन । समाज अशान्त हुनुको पछाडिका राजनीतिक कारण गैरसरकारी संस्थाले ठम्याउन सकेनन् । विशेष प्राविधिक तरिकाले डलरका आड लागेर शान्ति स्थापना गर्ने भनेर आफ्नो दुनो सोभ्याउन एउटा वर्ग निकै सफल भयो । लामो समयदेखि चलिरहेको संघर्षमा जब जनता १९ दिन लगातार होमियो त्यसले शान्तिको एउटा मार्ग प्रशस्त गरेको छ । शान्ति वहाली हुन्छ भन्ने आशा पलाएको छ ।

नेपालका गैरसरकारी संस्थाहरू तत्कालीन परिस्थितिअनुसार बिक्री हुने प्रस्तावना बनाएर काम गर्न निकै खप्पिस छन् । अहिलेको बदलिँदो परिस्थिति संविधानसभा भन्ने विषय गैरसरकारी संस्थाका लागि डलर आर्जन गर्ने राम्रो विषय बन्न सक्छ । राजाको कदमले भ्रष्टाचार रोक्न सक्दछ भनेर सार्वजनिक अभिव्यक्ति दिएर मन्त्रीको आशा गर्नेहरूले कमजोर वर्ग एजेन्डा के हुन सक्छन् प्रस्ताव लेखेर स्वीकृत गराएर काम थालिसके । 'दलहरूभन्दा राजा बढी समावेशी छन्' भनेर व्याख्या गरी सानो गोल्छे बन्न खोज्नेहरूले संविधानसभामा दलित एजेन्डा के हुन् भनेर डिएफआइडी (बेलायती सहयोग नियोग)को रकम हात पारिसकेका छन् । यस्ता गैरसरकारी संस्थाका क्रियाकलाप हेर्दा यस्तो लाग्छ आन्दोलनका बेला यिनीहरू दाताहरूलाई फसाउन प्रस्तावना लेख्न व्यस्त थिए । अब धेरै ठूला संघसंस्थाहरू, जसको हिजोसम्म कमजोर वर्गसँग कुनै साइनो थिएन । तर, आज तिनै उनीहरूका एजेन्डा के हुन् भनेर ठेकेदारीमा उत्रिसके । नेपालमा दाताहरूमा पनि अनौठो चरित्रका छन् । उनीहरू चलिरहेको आन्दोलन र छलफललाई अनुदान दिएर आफ्नो संलग्नता वा सहभागितामा भएको भनेर जस लिन निकै उद्यत छन् । देवेन्द्रराज पाण्डे, कृष्ण पहाडीको अगुवाइमा सुरु भएको नागरिक आन्दोलन जति बेला उचाइमा थियो दाताहरू त्यो आन्दोलनमा आफ्नो श्रेय हासिल गर्न र गैरसरकारी संस्थाहरू आन्दोलनका नाममा प्रोजेक्ट लिन आतुर थिए ।

नागरिक आन्दोलन स्वयंसेवी भावले चलिरहेका बेला ती दाताहरूलाई आन्दोलन किन्न रहर थियो । देवेन्द्रराज पाण्डेको निष्ठाका कारण केही दाताले हप्की खाएर चुपचाप फर्कनु पर्‍यो । तर, अहिले संविधानसभा वहसको लागि केही ठूला दाता र केही ठूला गैरसरकारी संस्थाहरूले नेपाली राजनीतिमा ठूलो योगदान गरेर देखाउन थुप्रै कर्मकाण्डहरू मञ्चन गर्नेछन् र यसको सुरुवात पनि गरिसकेका छन् । यस्ता क्रियाकलापले चलिरहेको राजनीतिक वहसलाई निर्जीव बनाउने सम्भावना चर्को छ । तर, नागरिक समाजको भूमिकालाई भने वेवास्ता गर्न हुँदैन ।

नागरिक समाज भन्नेबित्तिकै गैरसरकारी संस्थाहरू मात्रै बुझाउने र बुझ्ने अभ्यास विगतदेखि नै सुरु भइसकेको छ । तर, हाम्रो सन्दर्भमा नागरिक समाज वा गैरसरकारी संस्था दलीय राजनीतिक प्रभावबाट मुक्त छैनन् । नागरिक समाज भनिएका ९० प्रतिशत संघसंस्थाहरूमा कांग्रेस वा एमालेको पार्टी सदस्यहरूको बाहुल्य छ । आफ्नो सरकार बनेमा जिएम वा राजदूतको पद पड्काउने अवसर खोजेर बसेका व्यक्तिहरूको नेतृत्वमा संचालित संस्थाले दलभन्दा बाहिर बसेर सवाल उठाउन सम्भव छ ?

बिहान, बिहान नेताहरूकोमा गएर चिया पिउँदै चाकडी गर्ने र दिउँसो नागरिक समाजको बिल्ला टासेर अतिथिको रूपमा धारा प्रवाह भाषण गर्ने दोहोरो चरित्रलाई मूल्य मान्यता बनाइसकेका भलाद्मीहरूले अहिलेको राजनीति प्रक्रियामा योगदान गर्लान् भनेर आशा राख्ने ठाउँ कति छ ? फेरि पनि संविधानसभामा वा कमजोर वर्गका सवालका नाउँमा करोडौंको डलर भित्र्याउने संस्था भनेको यिनै भलाद्मीको नेतृत्व रहेको संस्थाहरू नै हो ।

के यस्तो चित्र हाम्रो अगाडि भए पनि बदलिँदो परिस्थितिमा गैरसरकारी संस्थाहरूको भूमिका हुँदै नभएको हो त ? राजनीतिक दलहरूलाई मात्र जिम्मा लगाउँदा ठिक होला त ? पक्कै पनि सवाल त्यस्तो होइन । वास्तविक रूपमा काम गर्ने हो भने गैरसरकारी संस्थाको भूमिका हवात्तै बढेको छ । तर, कस्तो संस्थाले कसरी भूमिका खेल्ने भन्ने कुरा नै मुख्य हो । सबैभन्दा पहिला र अहिले राज्य र समाजले छेउ लगाएका समूहसँग काम गरिरहेका गैससहरू यसका लागि सबैभन्दा उपयुक्त संस्था हुन् ।

अहिले चलिरहेको राजनीतिक छलफलमा नसमेटिएका समूह र ती समूहका सवाल राजनीति प्रक्रियामा जोड्न सघाउनु जरुरी छ । प्रतिनिधिसभा पुनःस्थापना भइसक्यो र मानौं स्थानीय निकाय पुनःस्थापना भए पनि यसले समाजका सबै समूहको प्रतिनिधित्व गर्न सक्दैनन् । जसका प्रतिनिधि यो समाजमा छैनन् उनीहरूसँग एकाकार हुँदै उनीहरूको आवाजलाई सार्वजनिक वहसको विषय बनाउन मद्दत गर्ने र राजनीतिक दलहरूको ध्यान त्यता आकर्षित पार्ने सवालमा काम गर्न सके अत्यन्तै सकारात्मक भूमिका हुन सक्छ । अहिले चलिरहेको संविधानसभाको छलफलमा हलिया जस्ता कमजोर वर्गको सहभागिता कसरी निश्चित हुन सक्छ । संविधानसभाको जतिसुकै रटान लगाए पनि कमजोर वर्गको सहभागिता हुन सकेन र उनीहरूका सवाललाई अरू कसैले सम्बोधन गर्न खोजियो भने त्यसले सकारात्मक परिणाम ल्याउन सक्दैन । संविधानसभामा कमजोर वर्गको सहभागिताको सुनिश्चतताको लागि दबाब र लुकेका सवाल उजागार गरी राजनीतिकरण गर्न सकेमा महत्त्वपूर्ण भूमिका हुन सक्छ । ■



# बह नै बह

■ श्याम भट्ट/चैनपुर बझाङ (तस्बीर पनि)

**मुलुकमा सशस्त्र विद्रोहपछि उठेको जनताको ज्वारभाटाले नयाँ राजनीतिक समीकरण बनाई अग्रगमनका लागि प्रयास भइरहेका बेला पनि बझाङमा यसको छनक मिलेको छैन। लोकतान्त्रिक आन्दोलनमा बझाङीको सहभागिता नभएको भने होइन।**

**उत्तरमा सैपाल** हिमाल ठिंग उभिएको छ, चैनपुरको जनजीवन नियाल्दै। सेती नदी आफ्नो निरन्तर बहावमा चट्टानहरू चिरेर अघि बढिरहेको छ। सेती अञ्चलको उत्तरी अन्तिम जिल्ला बझाङ भई अघि बढ्ने यो नदीका दुवैतर्फी तट हराभरा छन्। तटमा बसेका ढुंगे घरभित्र बझाङीहरू सुनौलो भविष्यको सपना साँचेर बसिरहेका छन्। तिब्बतजस्तो विकासशील छिमेकी भएर पनि बझाङका पीडा कम्ता छैनन्। भन्नको लागि त यहाँका बासिन्दा भन्छन्, बैंगलोर बझाङीको, मुम्बई अछामीको तर यथार्थ भिन्दै छ। कहाँ बैंगलोर कहाँ बझाङ।

स्थानीय बासिन्दा शिवराज जोशी भन्छन्, 'मुलुकमा सशस्त्र द्वन्द्व नचर्केको भए बझाङमा विकास कति भइसक्थ्यो। तर, यहाँका सबै आशा द्वन्द्वले उडाइदियो। जसको सबैभन्दा ठूलो असर विकासको मेरुदण्ड भनेको सडकमा पर्‍यो।' बैतडीको खोड्पेबाट छुट्टिएको झन्डै १ सय किमि टाढा रहेको बझाङको सदरमुकाम चैनपुर जोड्ने जयपृथ्वीबहादुरसिंह मार्गको तीन किलोमिटर भाग विस्फोटन अभावमा काम हुन नसक्दा सदरमुकामवासीको आँगनमै गाडी पुर्‍याउने सपना अझै पूरा हुन सकेको छैन। अहिले यो मार्गमा कछुवा गतिमा काम भइरहेको छ। सडकमार्ग बनेर पनि बझाङवासीले माओवादीको दबाबका कारण सदरमुकाम नजिक पुग्ने झन्डै ८ किलोमिटर खण्ड प्रयोग गर्न पाएका छैनन्। महेन्द्रनगर र धनगढी छुट्न मालवाहक ट्रक र बसहरू माओवादी अनुमतिविना झुता बजारभन्दा माथि पर्ने मालुबेलासम्मको ८ किलोमिटर यात्रा तय गर्न पाउन्नन्। उनीहरू झुतामै रोकिनु पर्छ। जहाँबाट चैनपुर पुग्न एक दिन हिँड्नु पर्छ। माओवादीको यो अनावश्यक बन्देजले झुताबाटै सरसामान ढुवानी गर्नुपर्ने हुन्छ, जसबाट अनावश्यक महँगी सामना गर्नुपरेको छ सदरमुकामवासीले। मुलुकमा लगाइएको पहिलो संकटकालमा माओवादीको निसाना बनेको चैनपुर विमानस्थलले आगन्तुकलाई आफ्नो क्षतिग्रस्तरुप देखाएर यहाँको स्थिति स्पष्ट पार्छ। विमानस्थलका सामग्री ध्वंसबाट बाँचेपछि अहिले सेनाको कब्जामा छन्। प्रायः विमान देख्न नपाइने चैनपुरमा कहिले काहीँ पुग्ने नेपाल वायुसेवा निगमका ट्वीनअटर नेपाली सेना र विमानस्थलका कर्मचारीको सहयोगमा अवतरण हुन्छन्। चैनपुर पुग्दा विश्वास

हुँदैन, यो साँच्चै मानवतावादी नेता जयपृथ्वीबहादुर सिंहको ठाउँ हो भनेर। सानो सदरमुकाममा बसेका सबै खाले जातजाति यहाँ पुग्ने हरेक सरकारी कर्मचारीबाट ठूलो आशा राख्छन्। तर, आजसम्म उनीहरूका आकांक्षा पूरा भएका छैनन्। बझाङीको भागमा सडेका चामल नै पर्छन् हजुर !', उनीहरू गुनासो पोख्छन्, सरकारी कर्मचारी त आफ्नो ग्रेड बढाउन पो यहाँ आउँछन्। बझाङको बह बुझ्ने फुर्सद कसैलाई हुन्न। सबै दुर्गम भत्ताकै लोभमा रुमल्लिएका हुन्छन्। तीन चार महिना बस्छन्, टन्न भ्रष्टाचार गर्छन् अनि फर्किन्छन्। चेतनाको कमी र अपारदर्शिताका कारण स्थानीय बासिन्दा केही बुझ्नै पाउँदैनन्।' आखिर कसले बझाङलाई दुर्गम बनाएको होला। सुगम भौगोलिक बनावटको हवाला दिँदै उनीहरू भन्छन्, 'सबैकुरा छ यहाँ तर यहाँ आएर कोही काम गर्न चाहँदैनन्। यो पञ्चायतकालदेखिकै रीति भइसक्यो।'

सदरमुकाममा बाहुल्य रहेको ठकुरी जातिको गुलामी गरे मात्रै पुग्छ भन्ने आम कर्मचारीको धारणा हुन्छ। सदरमुकामको पुछारमा रहेको ध्वस्त न्यायालयले यहाँको कानुनीराजको राम्रो उदाहरण दिन्छ। माओवादीकै कोपभाजनमा परेको यो अदालत अहिले कृषि सामग्री संस्थानको गोदाममा सरेको छ। प्रायः निम्न दर्जाका कर्मचारीले कार्यालय हाक्ने बझाङमा अधिकांश समय कार्यालय प्रमुखहरू फर्जी भ्रमण, गोष्ठी र सेमिनारका नाममा भत्ता र तलब पचाउँछन् र कागजमा काम गरेर देखाउँछन्। यो नै बझाङको नियति बनेको छ।

मुलुकमा सशस्त्र विद्रोहपछि उठेको जनताको ज्वारभाटाले नयाँ राजनीतिक समीकरण बनाई अग्रगमनका लागि प्रयास भइरहेका बेला पनि बझाङमा यसको छनक मिलेको छैन। लोकतान्त्रिक आन्दोलनमा बझाङीको सहभागिता नभएको भने होइन। तर, परिवर्तनपछि पनि पीडाले उनीहरूलाई छोड्न सकेको छैन। समस्या नै समस्या छन्, बझाङ जिल्लामा। हिमालको काखमा खुम्चिएको सदरमुकामले आजसम्म पनि जनतालाई राज्य उपस्थितिको संकेत दिन सकेको छैन। त्यसैले पनि आम बझाङीको जीवनयापनको एकमात्र विकल्प भारतमा गई मजदुरी गर्नु बनेको छ। आखिर कहिलेसम्म त ? के मुलुकमा भएको परिवर्तनले बझाङलाई समेट्नेछैन वा यो पनि २००७ र ०४६ जस्तै परिवर्तन हो ? नयाँ समीकरणले पक्कै पनि उनीहरूलाई जवाफ दिनुपर्नेछ।

## उपेक्षित दरबार

बझाङ बहको पन्तुरी मात्र होइन, प्रकृतिको खानी र ऐतिहासिक स्थल पनि हो। मानवतावादी नेता जयपृथ्वीबहादुर सिंहको गाउँ सदरमुकामबाट डेढ घन्टा हिँडेपछि पुगिन्छ। राजा सिंहसँग सम्बन्धित दरबारका अन्य संरचना अहिले संरक्षणको पर्खाइमा छन्।

यता सदरमुकाम जोडिएको भोपुरमा रहेको ऐतिहासिक दरबारले काठमाडौंका राणा महलहरूको झझल्को दिन्छ। करिब दुई सय वर्षअघि राजा गगनसिंहको पालामा निर्मित यो दरबारले सदरमुकामको सान बढाएको भान हुन्छ। टाढाबाट हेर्दा सुन्दर देखिने दरबार जति नजिक पुग्यो त्यति नै नाजुक हालतमा रहेको देखिन्छ अनि मन खिन्न हुन्छ, सदरमुकाममा रहेको एउटै दरबारलाई पनि राज्यले संरक्षण गर्न नसकेको देख्दा। साथै बझाङवासीका राज्य र कर्मचारीका

> **चेतनाको कमी र अपारदर्शिताका कारण स्थानीय बासिन्दा केही बुझ्नै पाउँदैनन्।' आखिर कसले बझाङलाई दुर्गम बनाएको होला। सुगम भौगोलिक बनावटको हवाला दिँदै उनीहरू भन्छन्, 'सबैकुरा छ यहाँ तर यहाँ आएर कोही काम गर्न चाहँदैनन्। यो पञ्चायतकालदेखिकै रीति भइसक्यो।'**

बारेमा रहेको धारणा पनि सही लाग्छन्। ७२ भन्दा धेरै कोठा भएको यो दरबारलाई करिब एक दशकसम्म सेनाले प्रयोग गरेको थियो। द्वन्द्वको नाममा सेना उचाइमा रहेको पानकोटमा सरेपछि दरबार बेबारिसे बनेको हो। पुर्खाको नासोलाई बिर्सेर बझाङका शाही नातेहरू काठमाडौं र विदेशमा रमाएका छन्, कसैको निजी सम्पत्ति नरहेको यो दरबार दिनप्रतिदिन जीर्ण बन्दै गएको देख्दा बझाङवासीको मन खिन्न हुन्छ।

## यौन बाध्यता

यौन व्यवसाय सँगै हुर्केकी कल्पना यौवनमा छिन्। आफूलाई सदरमुकामका ठालु ठान्नेहरू दिउँसो उनीकहाँ पस्ने हिम्मत नगरे पनि राति जाँडको नशामा उनीलाई खोज्दै पुग्छन्। 'सम्भवतः उनी बझाङकी यौनबजारकी राजकुमारी हुन्', एकजना पारखीको भनाइ हो यो। तर कल्पना खिन्न छिन् अचेल। परिवर्तनको नाममा पेसा छोडाउन अनेक गैरसरकारी संस्थाले बादीहरूका लागि विभिन्न पहल गरेका छन्। तर, परिवर्तन खासै भएको छैन।

सेनाले यथाशक्य सहयोग गरेको छ बादीहरूलाई। तर, यतिले उनीहरूलाई पुग्दैन। यो देखावटी परिवर्तन दिउँसोका लागि मात्र हो। रात परेपछि ग्राहकहरू बादी युवती खोज्दै हिँड्छन्। दिउँसो उनीहरू नै परिवर्तनका भाषण छाँट्छन्, आखिर यो समाजले के गर्न चाहेको हो बादीहरू हैरान छन्। कल्पना जस्तै उनीहरू भन्छन्, 'या त जीवनयापनको दरिलो माध्यम हुनुपर्‍यो नत्र हामीलाई स्वतन्त्र छोडिदिनु पर्‍यो, हामी जे छौं ठीक छौं, हाम्रा नाममा डलर खेती नगर्नु।' सदरमुकाममा वर्षौंदेखि बस्दै आएका बादीका १२ परिवारमध्ये कसैको एक आना जमिन छैन। सेनाले छोडेको भोपुर दरबारको १ सय १५ रोपनी जमिन उनीहरूलाई खेती गर्न दिए पनि अधिकांश जमिन बाँझै छ। जमिन उब्जाउ पनि छैन।

## बित्थामा ज्यान

सदरमुकामबाट डेढ दिनको हिँडाइपछि पुगिने रायल गाविसका स्थानीय बासिन्दा अझै पनि दुःखी छन्, सशस्त्र द्वन्दको त्यो कालो दिन सम्झेर। २ वर्षअघि वैशाख १४ गतेका दिन एकाबिहानै माओवादीको खोजमा पुगेका सुरक्षाकर्मीले यहाँका तीनजना स्कुलेलाई गोलीको सिकार बनाएका थिए। स्थानीय गर्जेपानी माध्यमिक विद्यालयमा अध्ययन गर्ने लोकेश मल्ल, देवराज जोशी र प्रकाश विष्टले अनाहकमा ज्यान गुमाउनु परेको थियो माओवादीको आरोपमा। उनीहरू मारिए, तर उनीहरूका बारेमा राज्य अहिलेसम्म मौन छ। यी विद्यार्थीका आफन्तले अहिलेसम्म कुनै राहत पाएका छैनन्। प्लान इन्टरनेसनलको सामान ढुवानी गरिरहेका बेला एक्कासि आएको सुरक्षाफौजले अन्धाधुन्ध गोली चलाएको थियो।

मृतक विद्यार्थीका परिवार यो अप्रिय घटनापछि गाउँ छोडेर विस्थापित हुनुपर्‍यो। अहिले उनीहरूको घरमा ताल्चा लागेका छन्। शिक्षक चोकलाल रेग्मीका अनुसार घटनाको दिन नै उनीहरूले यो ठाउँ छोडेर रुँदै गएका थिए। यो घटनापछि झन्डै एक वर्ष विद्यालयको अध्यापनसमेत प्रभावित रह्यो भने घटना हुँदा वर्षको प्रवेशिका परीक्षा पनि प्रभावित भयो। घटनापछि पनि सुरक्षाफौजद्वारा आम विद्यार्थीलाई धम्काउने कार्य भएको उनीहरू बताउँछन्। मृतक लोकेश मल्लका आफन्तका अनुसार अहिलेसम्म कुनै पनि मृतकका परिवारले राज्यबाट क्षतिपूर्ति पाएका छैनन्। ■

**कृषिमा व्याप्त कम उत्पादकत्व हुनुमा खेतीयोग्य जमिनमा उत्पादकको स्वामित्व नहुनु र त्यही भूस्वामित्वमा आधारित उत्पादनका अन्य स्रोत साधनमाथिको अधिकारबाट वञ्चित हुनु नै यसको प्रमुख कारण मान्न सकिन्छ। यसको साथै राज्यले कृषिक्षेत्रमा गर्ने न्यून लगानी तथा खण्डीकृत रुपमा विनियोजित प्रणाली पनि अर्को कारण मान्न सकिन्छ।**

# चुनौती धेरै



यमुना घले

**विश्वको गरिबी** तथा भोकमरी पीडितको संख्या सन् २०१५ भित्र आधामा घटाउने लक्ष्य लिएको सहस्राब्दी विकास कार्यक्रमले ६ वर्ष पार गरेको अवस्थाका समीक्षा गर्दा भविष्य त्यति आशलाग्दो बन्न सकेको छैन। संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले विकासशील देशहरूमा सहस्राब्दी विकासको लक्ष्य पूरा गर्नका लागि अन्तर्राष्ट्रिय क्षेत्रबाट विकास सहयोग बढाउनुपर्ने तथा सोहीअनुरूपको आर्थिक वृद्धि हुनुपर्ने आवश्यकता पटक-पटक औंल्याउँदै आएका छन्। अर्कोतर्फ खुला विश्वव्यापार नै बढ्दो गरिबी निवारण गर्ने अचुक उपाय हो भन्ने तर्कले पनि विश्वलाई जोडदार रुपमा गाँजेर लगिरहेको छ। यस्तो अवस्थामा हाम्रोजस्तो द्वन्द्वबाट सामान्यीकरणतर्फ पाइला चाल्दै गरेको देशको विकास बजेटले यी सबै जटिल तथा परिवर्तनीय अवस्थाका माग तथा आवश्यकतालाई कसरी सम्बोधन गर्न सक्छ भन्ने नै सर्वत्र चासोको विषय हो।

नेपालको परिप्रेक्ष्यमा कृषिक्षेत्रलाई विकासको मूलआधार मानेर विकास योजना बनाउने क्रम नौलो होइन। तर, यस क्षेत्रमा आशातीत सफलता भने हात लाग्न सकेको छैन। नेपाल सरकारको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी समीक्षा प्रतिवेदन २००५ ले प्रस्ट रुपमा यस तथ्यलाई आत्मसात गरिसकेको छ। प्रतिवेदनअनुसार सन् १९९६ मा ४२ प्रतिशत रहेको गरिबी सन् २००४ मा आइपुग्दा ३१ मा झरेको छ। तर, भौगोलिक तथा जातीय र लैंगिक हिसाबले गरिबीको अवस्था अति दयनीय अवस्थामा रहेको छ। सन् २००३ र २००४ को आँकडाअनुसार सहरी क्षेत्रमा १० प्रतिशत गरिबी रहेको अवस्थामा सुदूरपश्चिममा ७२ प्रतिशत कायम छ। यसरी नै गरिबीको अति चपेटामा रहेको वर्गका रूपमा कृषिमा आश्रित श्रमिक र कृषिमा आश्रित परिवार नै रहेको पाइन्छ। अझ दलित वर्गको गरिबीको अवस्था त राष्ट्रिय मापदण्डभन्दा १५ प्रतिशतले बढी रहेको पाइन्छ। त्यसरी नै महिला घरमुली भएको परिवारमा तुलनात्मक रूपमा बढी गरिबी व्याप्त छ। यही अवस्थामा सहस्राब्दी विकास लक्ष्यअनुरूप नेपालमा गरिबीको रेखामुनि रहेको संख्यालाई सन् २०१५ भित्र २१ प्रतिशतमा झार्न ७.६ अर्ब अमेरिकी डलर बजेट आवश्यक पर्ने कुरा उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।

यसरी राष्ट्रिय तथ्यांकअनुरुप कृषिमा आश्रित जनशक्ति ८० प्रतिशत भनिए पनि कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३९.२ प्रतिशत मात्रै रहनुमा यस क्षेत्रमा पर्याप्त रोजगारीको सृजना हुन नसक्नु र कम उत्पादकत्वलाई नै कारक तत्त्वको रुपमा हेरिएको छ। अर्कोतर्फ कृषिजन्य उत्पादनको केही अंश बिक्री गरेर जीविकोपार्जनका अन्य पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, सामाजिक रीतिरिवाज र परम्परा धान्न बाध्य साना कृषकहरू उत्पादनको लागत अनुकूलका कृषि बजार पाउन नसकेर कठिन अवस्थामा व्यवसाय धान्न बाध्य छन्। एक्सन एड नेपालले गरेको एक अनुसन्धानले भारतबाट आयात हुने चामलका कारण सन् १९९१ देखि २००३ सम्म कम्तीमा तीनपटक नेपालको धान बजारमा नकारात्मक असर पारेको देखिन्छ। उक्त प्रतिवेदनअनुसार भारतबाट नेपालतर्फ आयात हुने चामलको मात्रा सन् १९९४ मा १७४ प्रतिशत, १९९६ मा ५५ प्रतिशत र सन् २००० मा ७९८ प्रतिशतले बढेको देखाएको छ। नेपालले विश्व व्यापार संगठन तथा अन्य क्षेत्रीय व्यापार संरचनाहरूसँग आफूलाई समाहित गर्दै लगिरहेको परिप्रेक्ष्यमा आउँदा दिनमा यस्ता चुनौतीको बढी सामना गर्नुपर्ने प्रस्ट छ। उक्त अनुसन्धानले छिमेकी मुलुक भारतले कृषि क्षेत्रलाई दिँदै आएको संरक्षण र नेपाली कृषकहरू प्रतिस्पर्धात्मक हुन नसक्नु त्यसको प्रमुख कारण मानेको छ। यसरी कृषिलाई अधिकांश जनताको जनजीवनको आधार मान्दै आएको नेपालले कृषि क्षेत्रमा गतिलो फड्को मार्न आमूल रुपान्तरणको अति खाँचो भइसकेको छ।

यसरी कृषिमा व्याप्त कम उत्पादकत्व हुनुमा खेतीयोग्य जमिनमा उत्पादकको स्वामित्व नहुनु र त्यही भूस्वामित्वमा आधारित उत्पादनका अन्य स्रोत साधनमाथिको अधिकारबाट वञ्चित हुनु नै यसको प्रमुख कारण मान्न सकिन्छ। यसको साथै राज्यले कृषिक्षेत्रमा गर्ने न्यून लगानी तथा खण्डीकृत रुपमा विनियोजित प्रणाली पनि अर्को कारण मान्न सकिन्छ। एक दशक लामो सशस्त्र द्वन्द्वको अवस्थामा ग्रामीण भेगबाट जनशक्तिको पलायनले कृषिक्षेत्रलाई 'फेमिनाइजेसन' (महिलामा आधारित) पेसाको रुपमा स्थापित गराएको छ, तथापि स्रोत र साधनमाथिको पहुँच र नियन्त्रण भने शून्यप्राय: नै छ। अझै पनि समग्र कृषिक्षेत्रलाई गरिब तथा न्यून लगानी भएको र कमजोर मानवस्रोतको परिचालन हुने क्षेत्रका रुपमा हेरिने प्रवृत्तिका कारण यो पेसा सम्मानजनक र आत्मनिर्भर बन्न सकिरहेको छैन।

यसका लागि दसौं पञ्चवर्षीय योजना, जसलाई गरिबी निवारण रणनीतिको रूपमा ग्रहण गरिएको छ, त्यसअनुरुपको आर्थिक वृद्धि गर्नका लागि समग्र कृषिक्षेत्रको विकास गर्न जरुरी छ। यसका लागि आमूल ग्रामीण विकासको सोच र खाका बन्न जरुरी भइसकेको छ, जुन जनप्रतिनिधिहरूको राजनीतिक प्रतिबद्धता र इमानदारीपूर्ण कार्यान्वयनविना असम्भव नै हुन आउँछ। छिमेकी देश भारतको नै उदाहरण लिने हो भने आन्ध्रप्रदेश र आसपासका क्षेत्रमा कृषकले भोग्दै आएको समस्यालाई ध्यानमा राखेर भरखरै भारतीय प्रधानमन्त्रीले उक्त क्षेत्रको भ्रमण गरी विशेष सहयोग कार्यक्रम घोषणा गरिसकेका छन्। यसैगरी कृषिक्षेत्रको महत्त्वलाई राम्ररी बुझेर आफ्नो पकड गुमाउन नचाहने युरोपेली समुदाय र अमेरिकाका कारण विश्व व्यापार संगठनका प्राय: मन्त्रिस्तरीय तथा लघु-मन्त्रिस्तरीय बैठकहरू टुंगोमा पुग्न सकिरहेका छैनन्।

भरखरै जेनेभामा सम्पन्न ६० भन्दा बढी राष्ट्रले भाग लिएको लघु-मन्त्रिस्तरीय बैठकमा विकसित राष्ट्रहरूले कृषिक्षेत्रमा दिँदै आएको संरक्षण कटौतीमा ठोस प्रतिबद्धता आउने नदेखेपछि भारतीय व्यापार मन्त्री कमलनाथ बैठकबाट बाहिरिएका थिए। यो प्रवृत्ति आफैंमा सही हो या गलत, त्यो अर्को वहसको विषय बन्न सक्छ। तर, ती राष्ट्रले आफ्नो राष्ट्रिय स्वार्थप्रति राखेको दूरदृष्टिले भने अवश्य महत्त्व राख्छ। तसर्थ नेपालको कृषिक्षेत्रलाई उत्पादनमूलक, सम्मानजनक र प्रतिस्पर्धी व्यवसायको रूपमा स्थापित गर्दै राष्ट्रिय आर्थिक वृद्धिदरमा टेवा पुर्‍याउनका लागि आपत्कालीन राहतका रुपमा नभई उत्पादनमूलक स्रोतसाधनको समन्यायिक पुनर्वितरण र अर्थपूर्ण लगानीको जरुरी गर्नु अत्यावश्यक भइसकेको छ, जसले कृषिमा आवश्यक रुपान्तरण गर्दै उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्नमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। तसर्थ जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक सरकारले तयार पार्ने यस आर्थिक वर्षको बजेटले कृषि तथा समग्र ग्रामीण विकासको खाका कोरेर नेपालको कृषिक्षेत्रलाई सही दिशानिर्देश गर्न सक्नुपर्छ, अन्यथा उत्पादनमूलक स्रोत साधनमाथिको पहुँच र अधिकार स्थापित गर्न नसक्ने बजेटले गरिबी निवारणमा तात्त्विक असर पार्न सक्दैन। ■

ज्योति देवकोटा



▲ जुम्लामा हवाईजहाजबाट आउने आफ्नो सामानको प्रतीक्षामा स्थानीयहरू

# दलालहरूको रजाइँ

**कर्णालीलाई नै लक्षित गरेर नेपालगन्जमा अखडा जमाएका दलालहरूका कारण कर्णाली राज्यले दिने सुविधाबाट समेत विमुख हुनु परेको छ ।**

■ ज्योति देवकोटा/काठमाडौं
डिल्ली पाण्डे /जुम्ला

**कर्णालीलाई दुहुनो** गाई बनाएर नेपालगन्जमा बस्दै आएका केही व्यक्तिहरूको उपद्रोले कर्णालीले सजिलो गरी सास फेर्न पाएको छैन । प्रत्यक्षरूपमा राजधानी काठमाडौंबाट राज्य सञ्चालन भए पनि कर्णाली भने दशकौंदेखि नेपालगन्जमा 'कर्णालीको सेवक'को नाममा परिचालित दलालहरूबाट समेत शासित हुँदै आइरहेको छ ।

वर्षैपिच्छे सरकारले अनुदान सहयोगका रुपमा कर्णालीमा हवाइजहाजबाट चामल ओसार्न छुट्याएको करोडौं रकमले कर्णालीवासीको टाक्सिएको गाला उक्सिएको छैन । तर, त्यही चामलमाथीको राजनिति गर्दै जुम्ला, हुम्ला, कालिकोट, डोल्पा र मुगुको नाममा हवाई यातायातमा काम गर्नेहरूले नेपालगन्जको बीच सहरमा महल ठड्याएका छन् ।

कर्णालीलाई लक्षित गरेर नेपालगन्जमा अखडा जमाएका दलालहरूले टिकट, चामल र उपभोग्य सामान हुँदै अहिले आएर हवाइ सिण्डिकेटमाथीको दलालीले गर्दा राज्यले दिने सुविधाबाट समेत कर्णालीवासी विमुख हुनु परेको छ । 'हामी राज्यबाटभन्दा पनि नेपालगन्जमा कर्णालीका लागि दलाली गरेर बसेकाहरूबाट बढ्ता पीडित हुनुपरेको अवस्था छ', हुम्लाका सांसद गोरखबहादुर बोगटी भन्छन् ।

कर्णालीका निरीह बासिन्दाको आवाजलाई भन्दा पनि आफ्नो स्वार्थलाई बढी महत्त्व दिनेहरूले नै कर्णालीमा मोटरबाटो नपुगेको फाइदा उठाउँदै आएको आरोप लगाउछन्, स्थानीय वासिन्दाहरू । कर्णालीलाई सहयोग गर्ने नाउँमा नेपालगन्जमा कार्गो कम्पनी खोलेर बसेकाहरूले राष्ट्रले कर्णालीका लागि छुट्याएको सहयोगसमेत लुट्दै आएको आरोप पनि कर्णालीवासीहरू ।

गत वर्षदेखि हवाई कम्पनीहरूले सिन्डिकेट प्रणाली लागू गरेपछि त यो समस्या बढेर गएको छ । र, त्यससँगै नेपालगन्जमा बसेर कार्गोको काम गर्नेहरूको रवाफ र सान झनै बढेर गएको स्थानीय व्यापारीहरू बताउछन् । 'सिन्डिकेट लागू भएपछि उनीहरू हवाई जहाजका मालिकभन्दा पनि ठूला बनेका छन्, उनीहरूले सोझै यति पैसामा हुन्छ भने सामान उडाइदिन्छु नत्र हुँदैन भन्दै धन्दा गर्न थालेका छन्', उद्योग वाणिज्य संघ जुम्लाका सचिव रामदत्त रावल भन्छन् ।

जुम्लाका व्यापारीहरूको भनाइ अनुसार निजी हवाई कम्पनीले सिन्डिकेट नलगाउने सर्त स्वीकारेका भए पनि नेपालगन्जमा खुलेका केही कार्गो कम्पनीको दबाबमा सिन्डिकेट प्रणालीले निरन्तरता पाएको हो । 'नेपालगन्जका दलालहरूको भनाइ नमान्ने हो भने भोलिदेखि नै कर्णालीमा हवाई जहाज उड्न सक्दैन, त्यसैले पनि हवाई कम्पनीले यिनीहरूलाई रिझाउनु पर्ने बाध्यता छ ।' नेपालगन्जको राझा

एयरपोर्टमा खुद्रा व्यापार गरेर बसेका हुम्लाका एक व्यापारी बताउँछन् ।

उसो त सिन्डिकेट खारेजीका लागि उद्योग वाणिज्य संघले नेपालगन्ज पुनरावेदन अदालतमा मुद्दासमेत दायर गरेको थियो । दुई महिनाअगाडि भएको मुद्दाको फैसलासँगै नेपाल नागरिक उड्डयन प्राधिकारणले नेपालगन्ज टावरलाई 'सिन्डिकेट प्रणाली तुरुन्त खारेज गर्नु' भनी चिठीसमेत पठाएको थियो । तर, नेपालगन्जका कार्गोवाला र टावरका कर्मचारीवीचको गठबन्धनले गर्दा केन्द्रवाट आएको चिठी समेत एयरपोर्टमा त्यसै थन्काएको व्यापारीहरूको दाबी छ ।

कार्गो एजेन्सीहरूले हवाई कम्पनीबाट ३ प्रतिशत रकम पाउने कर्णालीका व्यापारीहरूले दाबी गर्दै आएका छन् । हवाई कम्पनीहरूले मनपरी भाडा असुलेको आरोप लागे पनि त्यसमा पनि अप्रत्यक्ष यिनै कार्गोवालाहरूको संलग्नता हुने भएका कारण नेपालगन्जवाट कर्णालीका जुनसुकै जिल्लामा जानलाई पनि 'ब्याल्क'मा टिकट खरिद गर्नु पर्ने हुम्ला जान लागेका हिमालयन नविन समाजका डिबि लामा वताउछन् ।

नेपाल वायुसेवा निगमले प्रतिव्यक्ति भाडादर १८ सय लिने गरेको भए पनि नेपालगन्जमा अखडा जमाएर बसेका एजेन्टहरूले कर्णालीमा जानका लागि प्रतिव्यक्ति ४ हजार देखि ४८ सयसम्म असुल्ने गरेका छन् ।

कार्गो तथा भाडादर कुनै पनि निजी हवाई कम्पनीबाट निर्धारण नगरिएकाले यो समस्या आएको भन्दै सांसद गोरखबहादुर बोगटी भन्छन्, 'सरकारको अस्पष्ट नीति नियमका कारण पनि कर्णालीका लागि नेपालगन्जमा दलाली गर्नेहरूलाई मलजल मिलेको छ ।'

आधिकारिक रूपमा सिन्डिकेट प्रणाली लागू नगरिएको भए पनि दलालहरूको मिलोमतोमा यो काम निरन्तर हुँदै आएको छ । सँगै यसैको प्रभावले हवाई जहाज चढेर कर्णालीमा पुग्ने उपभोग्य सामग्रीको भाउले आकाश छोएको छ ।

सरकार र व्यवसायीले निरन्तर रूपमा कर्णालीका व्यवसायीहरूको मागलाई बेवास्ता गर्न थालेपछि उद्योग वाणिज्य संघ जुम्लाले विकल्प आन्दोलन मात्र हो भन्दै जुम्ला विमास्थल ठप्प पारेको छ । दुर्गम क्षेत्रमा खाद्यान्न तथा अन्य वस्तु ओसारपसार गरिरहेका हवाई कम्पनीहरूले एउटैसँग हिसाब गर्न सजिलो हुन्छ भनेर सिन्डिकेट प्रणालीका लागि समर्थन जनाएपछि सिन्डिकेट प्रणालीबाट कर्णालीका जिल्लाहरूमा हवाई कम्पनीहरूले उपभोग्य सामान ओसारपसार गर्दै आइरहेका थिए ।

झन्झटिलो प्रक्रिया भएको र दलालहरूले बढी फाइदा लग्ने भएकाले सिन्डिकेट प्रणाली खारेजीको माग गर्दै उद्योग वाणिज्य संघ, विद्यार्थी तथा उपभोक्ता आन्दोलनमा उत्रिएका हुन् । 'यो प्रणाली महँगो र दलालहरूले फाइदा पाउने भएकाले हामीले यसको खारेजीको माग गरेका हौं', उद्योग वाणिज्य संघ जुम्लाका अध्यक्ष शाही बताउँछन् ।

अहिले नेपालगन्ज र सुर्खेतबाट कार्गो भरिरहेका आधा दर्जन हवाई कम्पनीहरूले सिधै सिन्डिकेटका दलालहरूसँग काम गरिरहेका छन् । व्यापारीले कार्गो एजेन्टलाई दिने, कार्गो एजेन्टले सिन्डिकेट दलाललाई सामानको जिम्मा लगाउनु पर्ने भएका कारण कतिपय सामान हराउने र यसको जिम्मा पनि कसैले नलिने आरोप उद्योग वाणिज्य संघले लगाउँदै आएको छ ।

उद्योग वाणिज्य संघ र उपभोक्ताले सिन्डिकेट प्रणाली खारेज हुनु पर्ने, विद्यार्थीलाई सहुलियतमा हवाई कम्पनीहरूले उडाउनु पर्ने, सामाजिक क्षेत्रमा पनि हवाई कम्पनीहरूले लगानी गर्नुपर्ने, विरामी तथा गरिबलाई सहुलियत दिनुपर्ने र नेपालगन्जबाट डोल्पा र जुम्ला बराबर दूरीमा रहेका कारण यी क्षेत्रको भाडादर पनि बराबर नै हुनुपर्ने माग राखेका छन् ।

त्यस्तै अहिले नेपाल वायुसेवा निगमले नेपालगन्जबाट प्रतिकिलो जुम्लाका लागि २६ रुपैयाँमा कार्गो लग्ने गरेको छ भने निजी हवाई कम्पनीहरूलाई प्रतिकिलो ३८ रुपैयाँ तिर्नु पर्छ । ■




# मेडलको तयारी

**अहिले नेपाल** सुटिङ संघको सातदोबाटोस्थित सुटिङ रेन्जमा अत्याधुनिक हतियारसहित अभ्यासमा व्यस्त खेलाडीहरू दंग छन् । गत सातामात्र जर्मनीबाट ठूलो परिमाणमा सुटिङका अत्याधुनिक सामान स्वदेश भित्रिएपछि उनीहरूको खुसीको ठेगान छैन । नेपाल सुटिङ संघ स्थापनाको २५ वर्षपछि पहिलोपल्ट ठूलो परिमाणमा सुटिङको खेल सामग्री गत साता भित्रिएपछि आसन्न दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा नेपालको पदकको सम्भावना पनि बढेर गएको छ । साग प्रतियोगिता करिब २ महिनापछि श्रीलंकामा आयोजना हुँदै छ । सागको तयारीका लागि हाल एक दर्जन खेलाडी अभ्यासमा व्यस्त छन् । नेपाल सुटिङ संघले यसै सातामात्र राष्ट्रिय प्रतियोगिता आयोजना गर्दै दसौं सागका लागि बाह्रजना खेलाडी छनोट गरेको थियो ।

'आधुनिक हतियारको आगमनले प्रदर्शनमा सुधार आइरहेको छ', भर्खरै राष्ट्रिय प्रतियोगितामा महिला एयर राइफलतर्फ स्वर्ण जितेकी नेपाल प्रहरीकी फूलमाया क्याप्छयाकीले *समय*सँग भनिन् । साग प्रतियोगिताका लागि पुरुष एयर राइफलतर्फ पूर्वाञ्चलका असिम यादव, मध्यमाञ्चलका चानस राई, त्रिभुवन क्लबका कृष्ण घोरासैनी र महिलातर्फ क्याप्छयाकीसँगै नेपाल प्रहरीकी अस्मिता राई, पश्चिमाञ्चलकी भगवती केसी छनोट भइसकेका छन् । यसैगरी पुरुष एयर पेस्तोलतर्फ मध्यपश्चिमाञ्चलका बदरुद्दिन अन्सारी, मध्यमाञ्चलका उद्धवविक्रम शाह, त्रिभुवन क्लबका सुदन खड्का र महिला एयर पेस्तोलतर्फ नेपाल प्रहरीकी सरस्वती बानिया, पश्चिमाञ्चलकी निस्ता पौडेल र नेपाल प्रहरीकी संगीता कार्की छनोट भएका छन् ।

'विदेशमा ७-८ वर्षदेखिनै ग्याँसबाला हतियार प्रयोग हुँदै आए पनि हामी ह्यान्ड पम्पबाला हतियारले नै खेल्दै आइरहेका थियौं । भर्खरै आएको हतियारले हाम्रो प्रदर्शनमा सोचेभन्दा बढी सुधार आइरहेको छ', पुरुष एयर राइफलको उपाधि जितेका असिम यादव भन्छन् ।

नेपाल सुटिङ संघले आफ्नो सक्रियतामा दुई वर्षअघि नै सुटिङको अत्याधुनिक हतियार ल्याउने तयारी गरेको थियो । तर, संघ हालै आएर जर्मनीको वाल्थर कम्पनीबाट उक्त समान झिकाउन सफल भएको हो । यो कम्पनी सुटिङको उत्कृष्ट सामान बनाउने कम्पनीको नामले विश्वविख्यात छ । नेपाल भित्रिएको समानमा एयर राइफल ५ थान, एयर पेस्तोल ६ थान, २२ हतियार २ थान, एयर काटेज सिलिन्डर ६ थान तथा कम्प्रेसर मेसिन, फुट पम्प र राइफल स्ट्यान्ड १/१ वटा छन् । सामान खरिदका लागि १४ हजार ५ सय ८७ युरो खर्च भएको सुटिङ संघले बताएको छ ।

'आधुनिक सामान ल्याइएकाले खेलाडीमा उत्साह थपिएको छ । खेलाडीको समय सञ्चित मात्र भएको छैन, उनीहरूमा आत्मविश्वास पनि बढेको छ', नेपाल सुटिङ संघका अध्यक्ष किशोरबहादुर कार्की भन्छन् । उनी हतियारको आगमनले टिम र इन्डिभिजुअलतर्फ मेडलर आउने सम्भावना बढेको बताउँछन् । 'यसअघिसम्म राष्ट्रिय खेलाडीहरू ठूला प्रतियोगितामा भाग लिन जाँदा पुरानै ह्यान्ड पम्पवाला हतियारबाट अभ्यास गरेर प्रतियोगितामा सहभागी हुन्थे । यसले उनीहरूमा मानसिक दबाब झल्किन्थ्यो भने प्रदर्शनको स्तर पनि खासै माथि उठ्न सकेको थिएन', कार्कीको तर्क छ । चार वर्षअघि नेपाल ओलम्पिक कमिटीको सहयोगमा सुटिङ संघले तीनवटा आधुनिक राइफल र एउटा एयर पेस्तोल पाए पनि यो अभ्यासका लागि अपर्याप्त थियो । 'दक्षिण एसियाको ठूलो खेलकुद प्रतियोगिताको नजिकै आधुनिक हतियार आउनुले हामीजस्ता पुराना खेलाडीलाई पनि आशा जगाएको छ', सुटिङका पुराना खेलाडी सुरजविक्रम शाहीले *समय*सँग भने ।

विगत केही वर्षदेखि नेपाली खेलकुदमा सक्रिय रहँदै आएको सुटिङ संघले सागको तयारीमा खेलाडीहरूले सामानका विषयलाई लिएर कुनै हीनताबोध महसुस गर्नु नपरोस् भनेर प्रतियोगिताको क्रममा लगाइने आइएसएसएफ (अन्तर्राष्ट्रिय सुटिङ स्पोर्ट्स फेडरेसन)ले निर्धारण गरेको ड्रेस दक्षिण कोरियाबाट मगाउने तयारी गरिरहेको छ ।

दुई वर्षअघि पाकिस्तानमा भएको नवौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले सुटिङतर्फ कुनै पदक जित्न नसकेपछि नेपाली खेलाडीले आफ्नो खराब प्रदर्शनको दोष विशेष गरी हतियार र अभ्यासलाई दिएका थिए । तर, अहिले समयमै नेपालमा आधुनिक हतियार भित्रिएको मात्र छैन, खेलाडीहरूले अभ्यास गर्ने लामो समय पनि पाएका छन् । त्यसैले अबको चुनौती भनेको खेलाडीहरूमा बढ्ने निश्चित छ ।

■ **नवीन अर्याल/काठमाडौं**



तेजबहादुर बस्नेत



# विश्वकपमा नयाँ समीकरण

■ नवीन अर्याल/काठमाडौं

**डिफेन्समा विश्वास गर्ने इटाली र आक्रमणमा विश्वास गर्ने फ्रान्स विश्वकपको उपाधिका लागि पहिलोपल्ट भिड्दैछन् ।**

**खेलप्रेमीहरूमाझ** विश्वकप फुटबल किन लोकप्रिय छ ? अब यो उत्तर खोज्न विश्वकपको ७५ वर्षे पुरानो इतिहास खोतलिरहनु पर्ने छैन । न दक्षिण अमेरिकी राष्ट्रकै सफल फुटबल इतिहास पल्टाउनु पर्नेछ । यसका लागि एक महिनादेखि सञ्चालन भइरहेको विश्वकपको अठारौं संस्करणलाई आत्मसात गरे पुग्छ । यसपालि विश्वकपमा नौपल्ट विश्वकप जितिसकेको दक्षिण अमेरिकी राष्ट्रको गौरवशाली इतिहासलाई बराबरी गर्दै छ युरोप । यतिमात्र होइन, १९८२ को विश्वकपदेखि आलोपालो विश्वकपको फाइनलमा पुगेर विश्व फुटबलमा धाक जमाएका ब्राजिल र जर्मनीलाई अन्य युरोपेली राष्ट्रले पहिलोपल्ट यही विश्वकपमा चुनौती दिएका छन् ।

जेठ २६ गते जर्मनीमा विश्वकप सुरु हुँदा यसको प्रबल दाबेदार पाँचपल्टको विश्व विजेता ब्राजिल, घरेलु जर्मनी, दक्षिण अमेरिकाको बलियो अर्जेन्टिना र युरोपको सशक्त इङ्ल्यान्डलाई दर्साइएको थियो । घरेलु फुटबलमा म्याच फिक्सिङ प्रकरणका कारण बदनामी कमाएको इटाली र बूढा खेलाडीहरूको बाहुल्य रहेको फ्रान्सलाई कमैले उपाधिको दाबेदार मानेका थिए । तर, भयो उल्टो । विश्वका सिद्धहस्त फुटबल विश्लेषकहरूको भविष्यवाणीलाई चुनौती दिँदै यसपालि विश्वकपको उपाधिका लागि इटाली र फ्रान्स भिड्ने तय भएको छ ।

विश्वकपमा नौ गोल गरिसकेका अनुभवी स्ट्राइकर क्रिस्चियन भियरी चोटका कारण इटालीको २३ सदस्यीय टोलीमा अनुपस्थित भएपछि स्वयं इटालीका समर्थकहरूले आफ्नो मुलुक फाइनलसम्म पुग्ने कुरा कल्पना पनि गरेका थिएनन् । यसमा पनि टोलीमा सहभागी भए पनि चोटका कारण खेलमा अनुपस्थित रहँदै आएका अर्का अनुभवी डिफेन्डर अलेसान्द्रो नेस्टा, फिलिपो इन्जाघी र दायाँ खुटाको सर्जरी गरेर खुट्टामा १० वटा स्क्रु र 'मेटल रोड' हालेर खेलिरहेका अर्का अनुभवी स्ट्राइकर फ्रान्सिस्को टोटीको अनिश्चितताका कारण इटाली फाइनल होइन, दोस्रो चरणमा प्रवेश गर्ने कुरामा पनि धेरैलाई पत्यार लागेको थिएन । तर, इटालीले सन् १९७० पछि १२-१२ वर्षको अन्तरालमा विश्वकपको फाइनलमा पुग्ने इतिहास यसपल्ट पनि कायमै राख्यो । त्यस्तै फ्रान्सले गत विश्वकपको खराब प्रदर्शन बिर्साउँदै दोस्रोपल्ट विश्वकपको फाइनलमा पुग्ने इतिहासलाई आत्मसात गर्‍यो ।

सन् १९८२ मा अन्तिमपल्ट पाब्लो रोसीको नेतृत्वमा विश्वकप जितेयता इटाली विश्वकपको उपाधि जित्न अक्षम रहँदै आइरहेको छ । यद्यपि,





यो टोली पछिल्लो विश्वकप जितेको ठिक १२ वर्षपछि अमेरिकामा भएको सन् १९९४ विश्वकपको फाइनलमा पुगेको थियो । त्यति बेला टाइब्रेकरमा ब्राजिलसँग फाइनलमा पराजित भएको इटालीले यो विश्वकपको ६ वटा खेलमा विपक्षी टोलीबाट गोल खाएको छैन, आफ्नै खेलाडीले गरेको आत्मघाती एक गोलबाहेक । प्रत्युत्तरमा ११ गोल गरिसकेको छ, त्यो पनि निर्धारित समयमै ।

यसपल्ट पनि इटाली लडखडाउँदै दोस्रो चरणमा प्रवेश गर्‍यो । विश्वकपको समूह 'इ'मा अफ्रिकाको नवागन्तुक राष्ट्र घानालाई २-० ले हराएको इटाली तनावपूर्ण खेलमा अमेरिकासँग १-१ को बराबरीमा रोकिएको थियो । उक्त खेलमा इटाली दुईवटा रातो कार्डका कारण दोस्रो हाफमा नै नौ खेलाडी लिएर मैदानमा संघर्ष गरिरहेको थियो । अमेरिकासँगको खेलमा डानियल डे रोसी र पाब्लो मास्ट्रोइनी रातो कार्ड पाएर बाहिरिएपछि क्रिस्चियन जाकार्डोको आत्मघाती गोलका कारण इटालीले खेल बराबरीमा चित्त बुझाएको थियो, जुन सन् १९३४, १९३८ र १९८२ गरि तीनपल्ट विश्वकप जितिसकेको टोलीलाई दोस्रो चरण प्रवेशको बाटो कठिन बन्न पुगेको थियो । यो खेलमा रातो कार्ड पाएका रोसी ४ खेलका लागि प्रतिबन्धित भएका थिए, जो आइतवार फ्रान्सविरुद्ध हुने निर्णायक फाइनल खेलमा पनि अनुपस्थित रहनेछन् । विश्ववरीयतामा दोस्रो रहेको चेक गणराज्यसँग समूहको अन्तिम खेलमा पराजित भएमात्र पहिलो चरणबाटै बाहिरिने दबाब बोकेको इटाली मार्को माटिराजी र फिलिपो इन्जाघीको गोलले २-० ले विजयी हुदै सन् १९७८ देखि विश्वकपको दोस्रो चरणमा प्रवेश पाउँदै आएको आफ्नो पुरानो र गौरवशाली इतिहासलाई कायमै राख्न सफल भयो ।

अनिश्चित खेलकै बीच इटालीले दोस्रो चरणमा अतिरिक्त ९५ मिनेटमा विवादास्पद पेनाल्टीको सहयोगले अस्ट्रेलियामाथि १-० को जित दर्ता गराएको थियो, जुन खेलमा मार्को माटिराजी पनि रातो कार्ड पाएर बाहिरिएका थिए । घरेलु लिगमा म्याच फिक्सिङ काण्डको छानबिन भइरहेको युभेन्टस, एसी मिलान, फ्लोरेन्टिना र लाजियोजस्ता उत्कृष्ट क्लबका १३ खेलाडी समाविष्ट इटालीको टोलीमा क्वाटरफाइनलसम्म खेलमा एकरूपता देखिएको थिएन । तर, क्वाटरफाइनलमा युरोपमा उदाउँदै गरेको युक्रेनलाई निर्धारित समयमा ३-० गोलअन्तरले हराएपछि पहिलोपल्ट विश्वविजेता टोलीमा हुनु पर्ने गुण देखिएको थियो ।

क्वाटरफाइनलमा ब्राजिलको पराजयपछि उपाधिको एकमात्र दावेदारको रूपमा अगाडि उभिएको घरेलु जर्मनीलाई सेमिफाइनलमा हराएपछि इटालीको सम्भावना बलियो बन्न पुगेको छ । तर, परम्परागत डिफेन्समा विश्वास राख्ने इटालीका लागि भने आक्रमण खेलको नेतृत्व गरिरहेको फ्रान्सलाई फाइनलमा पछार्नु अन्तिम तर कडा परीक्षा हुनेछ, चौथोपल्ट विश्वकप जित्ने बाटोमा ।

जर्मनी उपाधिको अर्को दाबेदार अर्जेन्टिनालाई क्वाटरफाइनलमा हराउँदै सेमिफाइनलमा पुगेको थियो । निर्धारित समयको खेल १-१ गोलको बराबरीमा टुंगिएपछि जर्मनीले टाइब्रेकरमा ४-२ गोल अन्तरले अर्जेन्टिनाको सम्भावना समाप्त पारेको थियो ।

युरोपेली राष्ट्र हावी रहेको यसपालिको विश्वकपमा घरेलु जर्मनीलाई दोस्रोपल्ट उसैको मैदानमा उपाधि जित्नबाट रोक्न इटालीले १ सय १८ मिनेट जर्मनीका धारिला स्ट्राइकरहरूलाई बाँधेर मात्र राखेन अतिरिक्त समयको अन्तिम २ मिनेटमा दुई गोल ठोक्दै छैटौंपल्ट विश्वकपको फाइनल पुग्ने इतिहास रच्यो ।

सदाझैं यो विश्वकपमा पनि खराब सुरुवात लिएको फ्रान्स विश्वकपको प्रबल दाबेदार ब्राजिललाई पन्छाउँदै फाइनलमा पुगेको हो । समूह 'जी'मा स्विजरल्यान्डपछि उपविजेताको रूपमा बल्लतल्ल दोस्रो चरणमा प्रवेश पाएको फ्रान्स गत विश्वकपमा पहिलो चरणमा विपक्षी टोलीविरुद्ध एक गोल पनि नगर्दै बाहिरिएको थियो । पहिलो चरणको खेलमा स्विजरल्यान्डले गोलरहित बराबरी र एसियाको शक्तिशाली दक्षिण कोरियाले १-१ गोलको बराबरीमा रोकेपछि यसपालि पनि फ्रान्सलाई दोस्रो चरणमा प्रवेश पाउन धौ-धौ परेको थियो । तर, अफ्रिकी राष्ट्रबाट पहिलोपल्ट विश्वकपमा सहभागिता जनाइरहेको टोगोलाई निर्णायक खेलमा २-० ले पराजित गर्दै फ्रान्सले दोस्रो चरणमा प्रवेश पाएको थियो । दुईवटा पहेँलो कार्डका कारण टोगोविरुद्ध खेलमा अनुपस्थित रहेका प्रेरणादायी मिडफिल्डर कप्तान जिनेदिन जिदानको दर्शनीय खेलका कारण फ्रान्सले दोस्रो चरणमा विश्वकपको अर्को दाबेदार मानिएको तर अभागी देशको रूपमा परिचित स्पेनको चुनौतीलाई ३-० ले समाप्त पारेको थियो । यसैगरी क्वाटरफाइनलमा विश्व च्याम्पियन ब्राजिलको चुनौती समाप्त पार्न सन् १९९८ को विश्वकप फाइनलको अविस्मरणीय प्रदर्शन दोहोर्‍याउँदै फ्रान्स १-० ले विजयी भयो । यो खेलमा पनि प्रेरणादायी मिडफिल्डर जिदानको स्तरीय प्रदर्शन नै पाँचपल्ट विश्वकप जितिसकेको र स्टार खेलाडीले भरिपूर्ण ब्राजिलको चुनौती समाप्त पार्न पर्याप्त देखियो ।

फ्रान्सले दोस्रोपल्ट विश्वकपको फाइनलमा स्थान बनाउन ठूलो उलटफेर गर्दै सेमिफाइनलसम्म आइपुगेको पोर्चुगललाई १-० ले नै हरायो । ४० वर्षपछि विश्वकपको सेमिफाइनलमा स्थान बनाउन सफल पोर्चुगलले क्वाटरफाइनलमा उपाधिको दाबेदार मानिएको इङल्यान्डलाई टाइब्रेकरमा ३-१ ले पराजित गरेको थियो । पोर्चुगलका प्रेरणादायी स्ट्राइकर युसोबियोका कारण सन् १९६६ को विश्वकपको सेमिफाइनलसम्म पुगेको पोर्चुगल त्यसयता खराब प्रदर्शनका कारण आलोचित बन्दै आइरहेको थियो । तर, यसपालि ब्राजिलेली प्रशिक्षक लुइज फलिपे स्कोलारीको रणनीतिका कारण चार दशकपछि पोर्चुगलले विश्व फुटबलमा नयाँ पहिचान पाएको छ । गत विश्वकपमा ब्राजिललाई विश्वकप उपाधि दिलाएका स्कोलारीले सेमिफाइनलमा फ्रान्सबाट पराजित हुनुअघि विश्वकपमा लगातार बाह्रवटा खेल जिताउने इतिहास रचे । विश्वकप खेल्न जर्मनी आउनु नौ महिनाअघि नै पोर्चुगल टोलीको खाका तयार पारेका स्कोलारीले विश्वकप सुरु हुनअघि नै आफ्नो उद्देश्य क्वाटरफाइनलसम्म पुग्नु रहेको स्पष्ट पारिसकेका थिए । दुई वर्षअघि प्रशिक्षक स्कोलारीकै नेतृत्वमा युरोकपको फाइनलमा पुगेको पोर्चुगललाई विश्वकपको सेमिफाइनलबाट बाहिर्‍याउन एकपल्ट फेरि जिदानकै भूमिका मुख्य रह्यो । गत वर्ष नै अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिइसकेका जिदान प्रशिक्षक रेमोन्ड डोमेन्चको आग्रहले पुनः विश्वकपमा फर्किएका थिए । उनले रिकार्डो काभाल्होले पहिलो हाफको ३३ मिनेटमा थियरी हेनरीलाई लडाएबापत पाएको पेनाल्टीलाई गोलमा परिणत गर्दै फ्रान्सलाई आफ्नो कप्तानीमा दोस्रोपल्ट विश्वकपको फाइनलमा पुर्‍याए ।

विश्वकपमा पहिलोपल्ट नयाँ समीकरण बनेको छ । फ्रान्स, जो आक्रामक खेलमा बढी नै विश्वास गर्छ, आठ वर्षअघि आफ्नै भूमिमा विश्वकप जितेको इतिहास अंगीकार गर्न लालायित देखिएको छ । त्यसैगरी इटाली, जो आफ्नो परम्परागत डिफेन्समा आश्वस्त छ, २२ वर्षपछि विश्वकप जित्ने सपना बोकेर आइतवार बर्लिन रंगशालामा उत्रिनेछ । सन् २००० मा बेल्जियम र नेदरल्यान्डले संयुक्तरूपमा आयोजना गरेको एघारौं युरोकपमा अन्तिमपल्ट फ्रान्स र इटाली फाइनलमा पुगेका थिए । त्यति बेला इटालीलाई अतिरिक्त समयमा २-१ ले पराजित गर्दै फ्रान्सले उपाधि जितेको थियो । तर, यति बेला बाजी कसले मार्ने हो, यसको निर्णय आइतबार नै हुनेछ । ■







# समयको अनुहार




**दुई वर्षअघि** छापिएको डा. गोविन्दराज भट्टराईको 'पश्चिमी बलैंसीका बाछिटा'ले उत्तरआधुनिकको परिभाषा, सैद्धान्तिक धरातल, प्रयोग र प्रवृत्तिबारे केही हदसम्म आम पाठकको जिज्ञासा मेटे पनि समग्र पक्षलाई समेट्न सकेको थिएन। पछिल्लोपटक सार्वजनिक भएको समालोचक भट्टराईको 'उत्तरआधुनिक ऐना'ले त्यो अभावको खाडल पूरा गरेको छ। त्यसो त डा. भट्टराईले अघिल्लो किताबलाई प्राइमर र यसलाई एडभान्स लेभल कोर्सका रूपमा उल्लेख गरेका छन्।

साहित्यको मार्ग कति फराकिलो बन्दै गएको छ भने साहित्येतर सिद्धान्तको ज्ञानविना समालोचना अधुरो बन्न जान्छ। त्यसैले होला समाजशास्त्र, मानवशास्त्र, दर्शन, राजनीतिशास्त्र, विज्ञान, मनोविज्ञान, कलालगायत विषयबाट सिर्जना पृथक् रहन सक्दैन। 'समालोचना सिद्धान्तको उत्तरआधुनिक पृष्ठभूमि' लेखमा साहित्यसिद्धान्त अनेकौं विषयमा लेखिएका अथवा सोचिएका असीमित विचार, सिर्जना बोकेका कृति हुन् भन्ने विचार छ, भट्टराईको। हरेक विषय सामाजिक र सांस्कृतिक पक्षसँग परोक्ष वा प्रत्यक्षरूपमा सम्बन्धित भएकाले साहित्यमा तिनको प्रभाव त पर्नु स्वभाविक नै हो। लेखमा उत्तरआधुनिक पृष्ठभूमिलाई व्यापक क्षितिजबाट हेर्ने जमर्को गरिएको छ, जसले साहित्यलाई एउटा निश्चित दिशा प्रदान गर्ने निश्चित छ।

पहिलोखण्ड सैद्धान्तिक चर्चा, परिचर्चामै सीमित छ भने अरू खण्डमा विभिन्न सर्जकका कविता, नाटक, उपन्यास, कथालाई उत्तरआधुनिक दृष्टिकोणबाट हेरिएको छ। गोपाल पराजुली, विष्णुविभु घिमिरे, मीनबहादुर विष्ट, विनय रावल, सरुभक्तदेखि धर्मेन्द्रविक्रम नेम्वाङ, स्व. स्वप्नील स्मृति, राजन मुकारुङसम्म कवितामा केन्द्रित समालोचना राखिएको छ। त्यसैगरी अभि सुवेदीको 'अग्निको कथा', नारायण वाग्लेको 'पल्पसा क्याफे', नारायण ढकालको 'आत्महन्ता'लगायत सिर्जनालाई उत्तरआधुनिक चिन्तनको कसीमा घोट्ने प्रयास गरिएको छ।


गतवर्ष सिक्किममा भएको एउटा गोष्ठीमा डा. भट्टराईले पढेको विचारपत्र पनि राखिएको छ, जसमा लीलालेखनको प्रयोजन समाप्त भएको निष्कर्ष निकाल्दै नेपाली साहित्य उत्तरआधुनिक उन्मुख भएको उल्लेख छ। उक्त कार्यपत्र लीलालेखनको सैद्धान्तिक धरातलको आधारमा कमजोरी खोतल्नेभन्दा पनि असहमति लागेका कुरा अभिव्यक्त गर्नमा केन्द्रित भएजस्तो लाग्छ। अन्तिम लेखमा सूचना प्रविधिमा आएको परिवर्तनसँगै नेपाली भाषाले फड्को मार्न लागेको तथ्य उल्लेख गर्दै यसको लागि हेमांगराज अधिकारी र बद्रीविशाल भट्टराईको 'नेपाली प्रयोगात्मक शब्द कोश'ले सकारात्मक योगदान पुऱ्याएको उल्लेख छ। झिनामसिना कमजोरी रहे पनि सारमा भन्नुपर्दा किताब उपयोगी छ, सर्जक, विद्यार्थी, प्राध्यापक, अनुसन्धाता सबैका लागि। ■

# वर्गीय आँखामा समाज




**शक्ति लम्साल लामो** समयदेखि कम्युनिष्ट विचाराधारासँग आबद्ध छन्। त्यसो त नेपाली साहित्यिक, सांस्कृतिक, पत्रकारितासँग पनि लम्सालको नाम जोडिएको छ। मार्क्सवादी दर्शनप्रति प्रतिबद्ध लम्सालमा नेपाल कम्युनिष्ट पार्टीको प्रथम महाधिवेशनदेखि आज पर्यन्त जुझारुपन उस्तै छ। सायद मालेमा पथप्रतिको आस्थाका कारण होला, साहित्यिक सिर्जनामा पनि राजनीतिक चिन्तनको छाप भेटिन्छ। माओवादीसँगको निकटताका कारण जनयुद्ध सुरु भएपछि असहज परिस्थितिको सामनासमेत गर्नु परेको थियो लम्साललै।

माओवादी सशस्त्र विद्रोहमा रहेकै बेला २०६२ सालमा लम्सालको 'मार्क्सवाद, समाज र राजनीति' नामक किताब सार्वजनिक भए काले बजारमा आउन सकेको थिएन। पछिल्लो परिवर्तित सन्दर्भमा सार्वजनिक भएको किताबमा ५ खण्डमा बाँडिएको छ। पहिलो खण्डमा मार्क्सवादका विशेषता, विकृति, प्रगतिशीलता, प्रगतिवाद, जनसांस्कृतिक आन्दोलनबारे लम्सालको विचार समेटिएको छ। त्यसैगरी साहित्य, कला र संस्कृतिका सम्बन्धमा व्यक्त भएका लम्सालका प्रगतिवादी चिन्तन मार्क्सवादप्रति जिज्ञासा राख्नेहरूका लागि गहकिलो खुराक सावित हुने देखिन्छ। जीवनवादी साहित्य लेख्ने म्याक्सिम गोर्की, लुसुन, प्रेमचन्द, जाँ पाल सार्त्र, पारिजात, भैरव अर्याल, हृदयचन्द्रसिंह प्रधानलगायत साहित्यकारको बारेमा चर्चा गरिएको छ, व्यक्ति, कृति र स्मृति खण्डमा। साथै महिला उत्पीडन र त्यसबाट मुक्तिका लागि आमूल परिवर्तनकारी सामाजिक संरचनाको पनि चर्चा गरेका छन् उनले। वर्ग संघर्ष र बुद्धिजीवीहरूको भूमिका सम्बन्धमा लम्साल लेख्छन्, 'अहिलेका तथाकथित वामपन्थी बुद्धिजीवीहरूको भूमिकाबाट सर्वहारा वर्ग सन्तुष्ट छैनन्।' प्रस्तुत किताबबारे माओवादी अध्यक्ष प्रचण्डले भूमिकामा लेखेका छन्, 'विभिन्न अवधिमा लेखिएका साहित्य, पत्रकारिता र राजनीतिक आन्दोलनसँग सम्बन्धित रचनाहरूको यो प्रकाशनले कमरेड शक्ति लम्सालप्रति पार्टीको सम्मानलाई व्यक्त गर्नुका साथै उहाँका विचार र अनुभूति बुझ्न सहयोगी हुने कुरामा विश्वस्त छु।' ■




किताब : मिटिङ विथ नोबेल लाउरिट्स
लेखक : डा. दयानन्द वज्राचार्य
पृष्ठ : ११९
मूल्य : रु १२५/-
प्रकाशक : लेखक आफैं




किताब : भिजेको सिरानी
कवि : कृष्णराज धमला
पृष्ठ : ६२
मूल्य : रु २५/-
प्रकाशक : श्रीमती राधा बुढा




किताब : धोका
विधा : नाटक
लेखक : कर्म कार्की
पृष्ठ : ८२
मूल्य : रु १००/-
प्रकाशक : छहारी प्रकाशन



किताब : गजल तिम्रो नाम होइन
विधा : गजल
कवि : वियोगी बुढाथोकी
पृष्ठ : ७१
मूल्य : रु ५१/-
प्रकाशक : शिवपुरी साहित्य समाज

# सीताहरू–२०



■ परशु प्रधान

**सीता भाउजूभित्रको अर्को सीता तपाईंले न देख्नु भयो, न चिन्नुभो । भाउजूलाई चिन्ने मैले धेरै प्रयास गरेँ । उनी एउटा पोखरी जस्तो लाग्यो : बाहिर शान्त र सुन्दर तर भित्र धेरै छाल, आँधी र आवेग ।**



सीतालाई रावणले हरण गऱ्यो, अथवा सीता पोइल गइन् । अनि सुरु भयो- हाम्रो खोजयात्रा । कतै केही टिपोट छाडेर गएकी छन् कि ! कसैलाई केही भनेर गएकी छन् कि ! कुनै दुर्घटनामा परिन् कि आदि इत्यादि शंका-उपशंकाबीच हाम्रो त्यो रात बित्यो ।

बिहानै चिनेजानेका साथीभाइ, इष्टमित्र, सीताको माइती र मावलीमा पनि हाम्रा दूतहरू पुगे । तिनी काम गर्ने गाउँको साधारण पाठशाला पनि पुगियो । गाउँघर, पानी-पँधेरो, उकाली-ओराली, वनजंगलमा पनि गाउँलेहरू पुगे । जहाँतहाँबाट एउटै समाचार आयो - सीताको नाकमुख देखेका छैनौं ।

एउटा शंका आयो- सीताको अपहरण भयो । तिनी कुनै जंगलमा कबाज खेलिरहेकी होलिन् । केही वर्षदेखि यस किसिमको अपहरण, बन्धक हाम्रा दैनिक घटना भएका थिए । हामीलाई त्यस्तै हो कि भन्ने लाग्यो । गाउँलेहरूले सल्लाह दिए- पत्रपत्रिका, रेडियो र टेलिभिजनमा सूचना दिऊँ । फेरि गाउँलेहरूले नै सल्लाह दिए- पुलिसचौकीमा रिपोर्ट लेखाऊँ । नजिकको भाइ लक्ष्मणसँग सल्लाह गरेँ- भाइ लक्ष्मण तिमी के भन्छौ ?

ऊ केही बोलेन । मैले फेरि जोड गरेँ, 'सात दिन भइसक्यो लक्ष्मण ! यसरी पार लाग्ला ?'

'खबरकागज, रेडियो, टिभीमा दिऊँ हाम्रो इज्जतको सर्वनाश । यहाँ पुलिसचौकी आगलागी भई हटेको ५-७ वर्ष भइसक्यो । सदरमुकाम पुग्न तीन दिन पूरा लाग्छ । कुकुरबिरालो जस्तो मान्छे हराइरहेका बेला कसले खोजिदिने भाउजूलाई ? आफूले सकेसम्म अझ कोसिस गरौं दाइ...' लक्ष्मणले ठिकै सल्लाह दियो ।

अब हामी नजिकैको जंगलतिर लाग्यौं । प्रत्येक रूखमा हेऱ्यो- सीता कतै झुन्डी पो रहेकी छन् कि ! प्रत्येक पहिरो र खोला खोल्चा खोज्यो- सीताको कुनै चिन्ह भेटिन्छ कि ! रामायणमा जटायुले चूर्ण पारेको रथ धनु कहीं कतै देखिने हो कि ! अहँ- भोकतिर्खाले हामी दाजुभाइको प्राण जाला जस्तो भयो । सीताको कुनै चिन्ह, नामोनिसान पाइएन । रामायणमा ऋष्यमुक गिरिमाथिबाट सीताले सबै गरगहना फुकाली बलियो पोको बनाई खसालेकी थिइन् । यस्तै रामकथा सुन्दै आएका हामी गहनाको पोको हात पार्ने सुग्रीवको खोजीमा लाग्यौं । परन्तु सियो बरु पाइन्थ्यो होला, दुई नानीकी आमा सीताको नामो निसान केही भेटिएन ।

एक साँझ दाजुभाइले खोयो बिर्के झिकायौं र थकाइ मेट्ने बहना निकाल्यौं । धेरै दिनको शारीरिक र मानसिक थकाइ र पीडा मेट्नु थियो नुनखोर्सानी र अदुवाको सितनसँग खोयो बिर्केको झोल निकै बलियो भयो । यही स्वर्ण अवसर भाइ लक्ष्मणले निकाल्यो, 'दाइ ! आज भन्नुहोस्- भाउजू सीता हराउनुको कारण के हो ?

'मलाई के थाहा ?...' सहज जवाफ दिएँ ।

'यो त रकमी कुरा भयो । लोग्ने भएर स्वास्नी हराएको कुरा थाहा छैन भन्न मिल्दैन राम दाइ ! भाउजूको अत्तोपत्तो तपाईंले लाउनै पर्छ । गाउँघरमा नानाथरिका टीकाटिप्पणी र चर्चा छ । तपाईंले मेरो मुख बन्द गर्न सक्नुहोला । तर, गाउँघरको ...' लक्ष्मण निकै आवेशमा आयो । मलाई पनि रिस उठ्यो- 'गाउँघरको के कुरा भयो र ! तैं भन्... पुलिसले जस्तो मलाई केरकार गर्न खोज्दै छस् हैन । ल भन् मेरो के दोष छ, तेरी भाउजू हराउनुमा ?'

'एक नम्बर- तपाईंले कहिल्यै कहिल्यै भाउजूलाई राम्रो खानलाउन दिनु भएन । तपाईंलाई गाउँघर चहार्दा नै ठिक्क भयो । विचरी भाउजूको लाउँलाउँ र खाउँखाउँको उमेर- तपाईंको भने सधैं पुगेस्.. पुगेस् !' लक्ष्मणले ठिकै भने जस्तो लाग्यो । 'ल अरू नम्बर भन् ! 'मैले आदेशको स्वरमा बोलेँ ।

'तपाईं नरिसाउनुहोला राम दाइ ! म अरू नम्बर पनि भन्छु...' लक्ष्मण आफ्नै मुडमा थियो, 'ल दुई नम्बर सुन्नुहोस् ! हाम्रो समाज रीतिथितीमा स्वास्नीको कमाइ लोग्नेले खानु हुँदैन भन्छन् । स्वास्नीको कमाइ नामर्दले मात्र खान्छ भन्ने आहान छ । पूरै पाँच वर्ष भयो तपाईंले भाउजूको आम्दानी खानुभएको । तपाईंको खेतीपाती के कति छ र ! त्यही पाँच हलको मेलो होइन । त्यति त यस गाउँमा मागी खानेको पनि छ ...'

लक्ष्मणका शब्दहरूले मलाई धनुवाण हाने जस्तो भयो । मेरो अनुहार नीलो भएछ क्यार ! उसले कटाक्ष गऱ्यो 'दुई नम्बरमा जाँदा नै तपाईं नीलो हुनुभयो । तीन चार पाँच नम्बरमा नजाऊँ है राम दाइ ।'

तेरा अरू नम्बर पनि पनि सुनुँ न.. आखिर भाउजू हराइहाली । यसका कारणहरू त थाहा

पाऊँ...' यति भन्दै म बाहिर पिसाब गर्न निस्कैं। बाहिर रात निकै छिपिइसकेको जस्तो लाग्यो।

'निद्रा पनि लाग्यो, अब सुतौं होला।' लक्ष्मणले जमघट टुंग्याउने प्रस्ताव राख्यो। तर, म किन हार्थें। मैले हठ गरें, 'सुन लक्ष्मण! मैले तँलाई रामायण धर्मग्रन्थकै भाइ लक्ष्मण मानेको छु। तैंले मलाई त्यही राम मानेको छस् कि छैनस् कुन्नि। म पौराणिक कालको रघुनन्दन होइन तर आजको राम हुँ। तँलाई रक्सी धेरै लाग्यो कि कसो?'

मेरो मानसमा एक्कासि एक दशक अगाडिका दिनहरू आए। कतारमा तीन वर्ष काम गरेर नोटका केही बिटा बोकेर गाउँघर घुमेका दिनहरू आए। गाउँघर, वरपरका केटी दिन आएका अनुहारहरूले प्रश्न गरे, 'तिमीलाई सीता नै मन पर्‍यो होइन। तिमीलाई व्यवहार र आनीबानीभन्दा धनसम्पत्ति र रूप मन पर्‍यो। कुनै दिन मुखका गाँससँगै आँसु झार्नु पर्ला।'

अनायास यी शब्द सत्य भए र त्यसले मलाई पोलिरहेछ। निद्रा लाग्ला जस्तो पनि छ, नलाग्ला जस्तो पनि छ। म यो प्रसंग टुंग्याउन चाहन्छु, 'यो सबै तँ बोलेको होइन लक्ष्मण। तेरो रक्सी बोलेको। तेरा नम्बर सिद्धिएको छ कि छैन। नत्र अहिले भनिहाल् भोलिपर्सि बिर्सिलास्।'

'तीन नम्बर पनि भनूँ.' लक्ष्मण मेरो आँखामा हेर्छ। म त्यसका आँखा हेर्छु। ती सर्पका आँखाझैं बलेका छन्।

'भन्, किन बाँकी राख्छस्?'

'सीता भाउजूभित्रको अर्की सीता तपाईंले न देख्नु भयो, न चिन्नुभो। भाउजूलाई चिन्ने मैले धेरै प्रयास गरें। उनी एउटा पोखरी जस्तो लाग्यो: बाहिर शान्त र सुन्दर तर भित्र धेरै छाल, आँधी र आवेग। भाउजूलाई हामीले माग्यौं, पञ्चे बाजा बजाएर धुमधामले बिहे गर्‍यौं। तर, भाउजूले कहिले तपाईंलाई माया प्रेम अथवा स्नेह दिनु भयो जस्तो मलाई लागेन राम दाइ! गल्ती भए माफ पाऊँ..।'

लक्ष्मण रुन लाग्यो, डाँको छाडेर रोयो। मैले हकारें, 'तैंले आज धेरै रक्सी खाइस् लक्ष्मण। आज सबै तेरो रक्सी बोलेको। मेरी एकाघरकी जहानलाई म नबुझ्ने, तँ बडो बुझक्कड निस्किस्.. छाड् यी सब कुरा। मबाट सीताले दो'टा सन्तान जन्माई, हुर्काई, बढाई। यी सब सत्यलाई तँ होइन भन्छस्, इन्कार गर्छस्? तेरो रगत नै ठिक छैन...।

'मान्छेले रक्सीमा सत्य बोल्छ राम दाइ। अब भन्नोस्: सात दिन भइसक्यो, भाउजू कहाँ छिन्। उनको 'लास वा सास त हामीले देखाउनु पर्‍यो नि!' अहिले लक्ष्मणको नसा उत्रेजस्तो भयो।

'जंगलीले अपहरण गरे होलान्। गुरिल्ला तालिम लिन थाली होला। कुन जंगलमा छे अब। नत्र केही न केही खबर आउनु पर्ने हो। लक्ष्मण! भोलिचाहिँ जाहेरी दिऊँ... नत्र हाम्रो नै खैरियत छैन...।' मैले यो अनिष्ट प्रसंग टुंग्याउन चाहें, 'धेरै मन नडुलाऊँ रात धेरै गइसक्यो। अब सुतौं होला।'

लक्ष्मण किन मान्थ्यो? उसको यस्तो रूप आज मैले पहिलो पटक देखें। ऊ अझ धामी बकेझैं बक्न लाग्यो, 'दाइ! गाउँलेहरू भन्छन्... गाउँघरमा कुरा काट्छन्।'

'के भन्छन्...?'

'.....' लक्ष्मण मौन रहन्छ।

'किन बोल्दैनस्। जति बक्नुपर्ने आजै बक। भोलिपर्सि को मर्दो को बाँच्तो...' लक्ष्मणभित्रको रहस्य मलाई खोल्न मन लाग्यो।

'दाइले पीर मान्नुहोला। भाउजू त गुमायौं दाइ पनि बेपत्ता हुनुभयो भने हाम्रो के गति होला! आज नभनौं, कम से कम म आफ्नो मुखबाट नभनौं। भाउजूको हुर्मत नखोलौं...' लक्ष्मण धेरै गम्भीर हुन्छ। म भने एउटा हिले पोखरीमा डुब्छु -उत्रन्छु, उत्रन्छु-डुब्छु। एउटा अजंगको पहाड चढ्छु-ओर्लन्छु। फेरि उक्लन्छु-ओर्लन्छु। जीउभरि काँडा उम्रन्छन्। धेरै अनर्थले एक्कासि आक्रमण गरेजस्तो हुन्छ।

'तँ मेरो आफ्नै भाइ होस्। तँलाई सबै कुरा भन्ने हक छ। डर नमानी सुना म सुन्न तयार छु।'

'दाइ! मैले आज भन्नै पर्‍यो होइन? यो मुखले सुनाउनै पर्‍यो होइन? कम्ती अभागी छु म! गाउँलेहरू भन्छन्, 'अँ ती यसरी कुरा काट्छन्, 'ती छोराछोरी तपाईंका होइनन् भन्छन् ....भाउजूका माइतका अरू कसैका भन्छन्...' लक्ष्मण केही लजाएर, केही डराएर, केही निहुरेर सुनाउँछ।

'गाउँलेहरू जे पनि भन्छन्... कुरा काट्ने विषय पनि चाहियो। तँलाई यसमा विश्वास लाग्छ....' म सामान्य भएर सोध्छु। आफैंलाई धिक्कार्छु। यस्तो सोच्ने र सोध्ने दिन पनि आउँदो रहेछ। विश्वासको पर्खाल भत्काउने समय पनि आउँदो रहेछ।

'मलाई विश्वास थिएन राम दाइ! तर भाउजू हराएपछि म विश्वास गर्न बाध्य भएँ। मलाई लाग्छ भाउजूले नेटो काटिसक्नुभयो, भाउजू मुग्लान भासिइसक्नुभयो...'

'यसको अर्थ सीता पोइल गई भन्ने तेरो भनाइ हो? कि बेचिइसकी मुम्बई र कोलकाता.... जे होस् भोलि सदरमुकाम जाऊँ र जाहेरी दिइहालूँ...' मैले कुरा छोट्याउन चाहें। रात धेरै लम्बिइसक्यो।

मैले मन बुझाउने कोसिस गरें। सबै राम्रै हुँदाहुँदै पनि कहिलेकाहीं कति नराम्रो हुँदोरहेछ। सबै गोप्य राख्ताराख्दै पनि कहिलेकाहीं आफैं खुला हुने रहेछ। यही आकाश कहिले कालो र कहिले नीलो लाग्दो रहेछ। हिजोसम्मकी सीता सावित्री वेश्या बन्दिरहिछ। यो निष्ठुर समयको भ्रम.... यो मनको भ्रम। म यी भ्रमबाट मुक्ति लिन खोज्छु। यी रहस्यबाट उन्मुक्त हुन चाहन्छु।

'भोलि नै जाने र!' म स्वयं नकार्छु। म लक्ष्मणलाई छेउमा डाक्छु र भन्छु, 'सुन् लक्ष्मण! ध्यान दिएर सुन्। सीताका विषयमा तैंले अगि भनेका सबै नम्बर सत्य हुन्। मलाई यी सबै राम्ररी थाहा छ, पूरा जानकारी छ। मैले त्यस्तै भाउजू खोजेको थिएँ। र, तलाई किन ढाँटू, मैले नै उनलाई मुम्बई पठाइदिएँ। त्यहाँबाट एकजना पुराना चिनजानका मान्छे आएका थिए, राम्रै थैली बुझाए। मैले फकाई फुलाई, म पछि आउँछु भनी पठाइदिएँ। तर, सुन्! गाउँघरमा हल्ला गरिदे, 'सीतालाई जंगलीले अपहरण गरेर लगे भनेर... टन्टा नै समाप्त। अनि छिट्टै अर्की भाउजू खोज - तेरै जिम्मा।'

म बिछ्यौनामा पल्टें! फेरि लक्ष्मणलाई जोड गरे, 'अर्की भाउजू खोज्न ढिला नगर - यो घर बिग्रन्छ।' ■

## कविता

# मुक्ति

■ विमल भौकाजी



कसरी उदायो हँ
त्यो घाम
मान्छेले लेखेका
संविधानभन्दा माथि?

पढियो इतिहासका
पृष्ठहरूमा,
समाज विघटन हुँदा
घामको विघटन भएन
देखियो पनि भूगोलमा
राष्ट्रको घेरा मेटिँदा
घाम मेटिएन।

भूकम्प गयो घाममाथि
तर, घामको शिखर ढलेन
घाममाथि आँधी आयो
तर, घामको नूर गिरेन
उज्यालो घाम!
घाममाथि बाढी पस्यो
घामको चमक घटेन
पैह्रो गयो घाममाथि
घामको परिचय बदलिएन
घाम!
आफ्नो नाममा बाँचिरह्यो
सदैव घाम भएर।

कुन युगको हो, थाहा छैन
कुन शताब्दीको हो
त्यो पनि थाहा छैन
आहा!
मान्छेको समाजमा
कहिले जन्मियो हँ त्यो घाम ?? ■

# गजल

■ उज्ज्वल जिसी

सिँगार देशलाई फूलले तिमी
नबन अभिमानी भूलले तिमी।

देखाऊ पराक्रम न्यायमा सधैं
नतर्स निरंकुशी हूलले तिमी।

बुद्धका महावाणी छातीमा खोप
ढल्दैनौ अशान्तिको शूलले तिमी।

अहम्का छालहरू उर्लन्छन् जब
बाँच्नेछौ एकताको पुलले तिमी।

बोकेर स्वाभिमान उभिन सके
चिनिन्छौ शान्तिप्रिय कुलले तिमी। ■

# सचेत नायिका



भास्कर ओझा

**'रुद्राक्ष-माला किन लगाएको ?'**
**'वरमाला लगाइदिने मान्छे नभेटेर !'**

यस्ती हाजिरजवाफ विपना थापालाई बाहिरबाट हेर्नेहरूले हाउडे मान्छन् तर उनी मनकी पक्का छिन्। त्यसैले हो, कुनै कलाकारले पनि गत नगर निर्वाचनविरुद्ध बोल्न नसकिरहेका बेला सबैका सामु उनले भनिन्, 'राजनीतिक दलविनाको नगर निर्वाचनको महत्त्व छैन, राजाले हठ गर्नुहुन्न।'

उनले सार्वजनिक मञ्चमा यस्तो के भनेकी थिइन्, मानौँ अरिंगालको गोलो चलाइन्। अप्रत्यक्ष रूपमा उनलाई दर्जनौँ धम्कीका फोन आए। रातविरात हिँड्न अप्ठेरो हुन थाल्यो। 'मिडियाले साथ नदिएको भए, मलाई त त्यस बेला बौलाही बनाउने थिए', ती दिन सम्झँदै विपना भन्छिन्, 'मेरो विगत नजान्ने धेरैले त्यस अभिव्यक्तिलाई अर्कै रंग दिन खोजे। तर, राजनीति त मेरो नशामा छ किनभने मेरो बाबा नेपाली कांग्रेसको कट्टर समर्थक हुनुहुन्थ्यो, स्थानीय रूपमा राम्रो नेता गनिनुहुन्थ्यो।'

लोकतन्त्र प्राप्तिका लागि भएको आन्दोलनका क्रममा उनका छिमेकी प्रद्युम्न खड्काको पनि ज्यान गयो। स्थानीय पहलमा उनको घर छेउमै प्रद्युम्नको अर्धकदको सालिक बनाइएको छ। सालिक बनाउने समितिमा विपना पनि थिइन्। 'दोस्रो जनआन्दोलनका सहिदका सालिकमध्ये सायद उहाँकै पहिलो हुनुपर्छ', उनी खुसी हुँदै भन्छिन्, 'हामीले सहिदलाई बिर्सनु हुन्न।'

अहिले आफ्ना आँखाअगाडि खड्काका छोराछोरीहरू स्कुलमा पढ्न जान थालेकोमा उनलाई सन्तोष लागेको छ, 'आफ्नो आँखाअगाडि भएका सहिद परिवारको विचल्ली देख्नु परेको छैन।'

सन्तोष त उनलाई त्यति बेला पनि लागेको थियो, जब राजधानीको मुटुमा अवस्थित खुलामञ्चको बेथिति सुधार्न संगीतकर्मी नन्दकृष्ण जोशीसहित उनलाई पनि खुलामञ्च व्यवस्थापन समितिको सदस्य बनाइएको थियो। 'यस्ता सामाजिक क्रियाकलापमा भाग लिन कसलाई पो मन लाग्दैन र !,' खुसीले गदगद विपना भन्छिन्, 'तर अहिले खुलामञ्चलाई सुधार गर्ने कामको प्रशासनिक झमेला सुल्झाउने काम मात्र भइरहेको छ। बाँकी कामले गति लिन पाएको छैन।'

चलचित्र नपाएर यस्ता सामाजिक क्रियाकलापमा रमाउन थालेकी हुन् विपना ? १ सय ६ वटा चलचित्र खेलेर दिलीप रायमाझीले निर्माण गर्न लागेको चलचित्र 'हामी साथीभाइ'का लागि आगामी साता सुटिङको तयारी गरिरहेकी विपना भन्छिन्, 'सामाजिक क्रियाकलापमा लाग्न करियरै समाप्त हुनु पर्दैन, फुर्सद निकाले पुग्छ।' त्यसो भए करियर समाप्त भइसकेपछि उनी राजनीतिमा हाम फाल्छिन् त ? 'त्यो पनि होइन। तपाईं ढुक्क हुनुहोस्, राजनीति मेरो संस्कारमा त छ तर पूर्णकालीन रूपमा म राजनीतिमै रमाउन सक्तिनँ। तर, जनतालाई अन्याय हुने कुनै पनि काम भयो भने त्यसका लागि पंक्तिबद्ध हुनेहरूमा मलाई पनि देख्न सक्नुहुनेछ', विपना भन्छिन्।

सयभन्दा बढी सिनेमा खेलिसके पनि उनलाई अहिले याद आउने राम्रो भूमिका भएका चलचित्र मात्र पाँचवटा छन्। 'तँ त साह्रै बिग्रिस् नि बद्री' की पियक्कड बिग्रेकी केटी, 'माइली'की सहनशील बुहारी, 'मुस्कान'की दृढ युवती, 'पापी'की बदलाको भावनाले युक्त विद्रोही महिला, 'इन्द्रेणी'की जेठी दिदी जो अधिकार माग्नुभन्दा खोस्न तयार हुन्छे जस्ता भूमिकाबाहेक उनलाई अरू पात्र खासै याद छैनन्। तर, यीबाहेक अरू पात्रबाट असन्तुष्ट भने छैनन्। उनी भन्छिन्, 'हामीले आदर्श मान्ने हलिउड र बलिउडका चलचित्र त सबै राम्रा हुँदैनन् भने हामीले त झन् कति सम्झौता गरेर बनाएका हुन्छौँ, कसरी राम्रो बन्न सकोस्। सुधारका कुरा जहाँसम्म छन्, ती समयक्रममा विस्तारै हुँदै जानेछन्।'

केही बेरपछि उनी पुनः भन्छिन्, 'देशको अर्थतन्त्र ओरालो लागेको छ, राजनीति स्थिर छैन, देशमा आदर्श व्यक्ति छैनन्। सबै कुराको अभाव भइरहेका बेला कसरी चलचित्र मात्र अभावरहित हुनसक्छ ?'

कुरा मोडिएर फेरि घरपरिवारमा आए। बिहेका कुरा उठे, उनका दिदीभाइबहिनी सबैको बिहे भइसकेको छ। के अब विपना अविवाहित नै बस्छिन् त ? 'सबैको बिहे भइसकेपछि म घरकी कान्छी छोरी हुन पाएकी छु, सबैको माया पाइरहेकी छु। म किन यति चाँडै आफ्नो जन्म घर छोडूँ ?'


उसो भए बिहे कहिले खुवाउने ?

'केटो जहिले भेटिन्छ ! तर तपाईंले खोज्नु पर्दैन घरमै चिन्ता गर्नेहरू छन्।'

■ **अच्युत कोइराला/काठमाडौँ**



# बाल सैनिकविरुद्ध




विश्वभरिका बाल सैनिकहरूको सहायताका लागि हलिउडका प्रख्यात अभिनेता निकोलस केजले एमनेस्टी इन्टरनेसनललाई २० लाख अमेरिकी डलर (१ अर्ब ४८ अर्ब रुपैयाँ) दान दिएका छन्।

एमनेस्टी इन्टरनेसनलका कार्यकारी निर्देशक ल्यारी कोक्स भन्छन्, 'निकोलसले दिएको दानको यो रकमबाट बाल सैनिकहरूका लागि वासको व्यवस्था, स्वास्थ्य सेवा र उपचार अनि मानसिक पुनःस्थापनाका लागि खर्च गरिनेछ।' गत साता न्युयोर्कमा सम्पन्न बाल सैनिकसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनका क्रममा कोक्सले निकोलसको यो दान स्विकारेका थिए।

लिभिङ लस भेगासमा बेजोड अभिनय गरेका कारण सन् १९९५ मा प्रतिष्ठित ओस्कर पुरस्कार जितिसकेका निकोलसले भने यो दानलाई अत्यन्त सामान्य रूपमा लिएका छन्। त्यसैले त ४२ वर्षीय अभिनेता निकोलस भन्छन्, 'मलाई थाहा छ, मेरो यो सानो प्रयासले मात्र बाल सैनिकको विकराल समस्या समाधान हुन सक्दैन।'

संयुक्त राष्ट्रसंघको भनाइमा यति बेला विश्वभरिमा ३ लाख बालबालिका सैनिक बन्न बाध्य छन्। बालबालिकालाई सैनिकका रुपमा भर्ना गर्ने परिपाटीबाट विरक्तिएका निकोलस भन्छन्, 'आफ्नो बच्चा जन्माउनका लागि लाग्ने नौ महिनाको समयका बारेमा एकपटक सोचौं, अनि त्यही बच्चालाई हुर्काउन र त्यसलाई व्यवहारिक शिक्षा दिनका लागि हामीले गर्ने अनेक संघर्ष, त्यो अवधिमा हामीले उसलाई दिने माया ममताका बारेमा पनि सोचौं अनि कल्पना गरौं, एउटा युद्धसरदार आएर हाम्रो बच्चाको हातमा बन्दुक राखेको र हाम्रै बच्चालाई अरू मान्छे मार्दै हिँड्न बाध्य पारेको स्थितिको। यो स्थिति वास्तवमै दयनीय स्थिति हो।'

एजेन्सी





तेजबहादुर बस्नेत

# संघर्षशील जुना

**नदेखेको भए हुन्थ्यो तिमीलाई**
**मेरो चैन नि हराउने थिएन....**

यो गीतले उनलाई चिनाइसकेको भएपनि उनी भने आफूलाई संघर्षशील गायिकाका रुपमा परिचित गराउन चाहन्छिन । 'मैले गाएका गीतमा पनि मेरो संघर्ष झल्किएको आभास पाउँछु' उनी भन्छिन् । झापाको चारपानेबाट झन्डै आधा दशकअगाडि एसएलसी पास गरेर काठमाडौंको पद्मकन्या क्याम्पसमा संगीत विषय नै लिएर संगीतमै संघर्ष गरिरहँदासम्म पनि उनी अर्थात जुना प्रसाईंलाई कुनै दिन चर्चाको शिखरमा पुग्छु कि भन्ने लागेकै थिएन ।

संगीतकै नशालाई निरन्तरता दिने क्रममै जुनाले झन्डै साढे एक सयको संख्यामा गीत गाइसक्दा पनि गायिकाको दर्जामा पुग्न सकिनन् । 'मैले यसबाट गहकिलो पाठ सिकें, क्यासेट एल्बम भएमात्र बजारमा छाउन सकिने रहेछ ।' जुनाले आठ वर्षको सांगीतिक यात्राबाट सिकेको तितो अनुभव सुनाइन् । तर, पछिल्लो वर्ष जुनाले ल्याएको 'नजिक' एल्बमको एउटामात्र गीतले उनलाई सफल गायिकाको शिखरमा पुऱ्याएको अनुभव छ, उनको ।

संघर्षबाट सांगीतिक करियर माथि उठाउन उनको पछिल्लो गीत 'नदेखेको भए...'ले महत्त्वपूर्ण भूमिका खेल्यो । 'हुनत मैले यो गीत पाँच वर्षअगाडि नै रेकर्ड गराइसकेकी थिएँ, एल्बममा संकलित नभएर फुटकर भएकाले र भिज्युअल पनि नभएकाले यो गीतले चर्चा पाउन सकेको थिएन ।' त्यसो त अहिले बजारमा सालीन गीतका रूपमा खुटकिलो चढ्दै गरेको यो गीतका रचनाकार दलसिंह अकेलालाई जुना प्रसाईंले देखेकीसम्म छैनन् । 'मैले सुखदुःखको साथीका रुपमा गीतलाई लिने गरेकी छु, यो गीतको भावनाले मेरो मन छोयो । त्यसैले त्यस बेला यो गीत गाउँछु भनेकी थिएँ ।'

उसो त गीतमा भनेझैं छाड्नै नसक्ने गरी कुनै केटालाई भेटाएकी पनि छैनन् उनले । 'यसको पनि पर्खाइमा नै छु', उनी सजिलो जवाफ दिन्छिन् ।

संगीतको क्षेत्रमा कोही पनि नचिनेको बेलामा प्रवेश गरेकी थिइन् जुना । उनी भन्छिन्, 'झापाबाट काठमाडौं आउँदा मेरो यो क्षेत्रमा चिनेजानेको कोही पनि थिएन, तैपनि घरबाट पढ्नका लागि पठाएको खर्च बचाएर मैले संगीतका लागि प्रयोग गरें, त्यसैको प्रतिफल हो यो ।'

■ ज्योति देवकोटा/काठमाडौं



# नेपाली मान

**अमेरिका–नेपाल** मित्रता समाजका अध्यक्ष तथा अमेरिकामा रहेको नेपाली समाजका एक प्रतिष्ठित नेता डा. तारानाथ निरौलालाई न्युयोर्कका नियन्त्रक विलियम्स सी थोम्प्सनले सम्मानित गरेका छन्। निरौला यस्तो सम्मान पाउने पाँच दक्षिण एसियाली नागरिकमध्ये एक हुन्।

थोम्प्सनका भनाइमा अमेरिकामा रहेर शिक्षकका रूपमा निरौलाले गरेको योगदान तथा आप्रवासी र शरणार्थीहरूको शिक्षामा उनले पुऱ्याएको सहयोगका लागि सम्मानित गरिएको हो।

निरौलाको नेतृत्व क्षमता, नेपाली र अमेरिकी संस्थाहरूबीच राम्रो सम्बन्ध स्थापित गर्न गरेको मेहनत र दक्षिण एसियाली संस्कृति र सम्पदाको संरक्षणमा उनले पुऱ्याएको योगदानका लागि निरौला सम्मानित गरिएको थोम्प्सनले जनाएका छन्।

अमेरिकामा लामो समयदेखि रहेर निरौलाले पुऱ्याएको योगदानको हकदार आफू एक्लैमात्र नभएर अमेरिका–नेपाल मित्रता समाजका सबै सदस्य रहेको उल्लेख गर्दै उनले आफ्नो महानताको परिचय दिएका थिए। उनका भनाइमा नेपाल र अमेरिकाबीच शिक्षा, समन्वय र सांस्कृतिक आदानप्रदानमा स्वस्थ सम्बन्ध कायम गर्न उनीमात्र होइन, उनका मित्रहरूको पनि अथक योगदान रहेको छ।

निरौला अहिले कोलम्बिया विश्वविद्यालयको प्रतिष्ठित टिचर्स कलेजमा वरिष्ठ अनुसन्धानवेत्ता र अनुसन्धान परियोजनाका निर्देशकका रूपमा कार्यरत छन्।





तेजबहादुर बस्नेत

# मिजासको मेहनत

**नेपाली मूलका चाहे** ब्रिटिस हुन् या भारतीय लाहुरे। धेरैले नेपाली साहित्यमा कलम चलाएका छन्। तर, नेपालीहरू लाहुर जान थालेको १ सय ९१ वर्ष पूरा भए पनि कसैले पनि लाहुरे सर्जकबारे खोजबिन गरेको पाइँदैन। ताप्लेजुङ घर भएका ब्रिटिस लाहुरे मिजास तेम्बमा दुई वर्षअघि यस्तो सोच फुऱ्यो, 'आफू साहित्यकार भएको नाताले लाहुरे सर्जकबारे मैले खोज गर्नैपर्छ।' ब्रिटिस सेनामा कार्यरत मिजास बन्दुक खेलाएर बचेको समय लाहुरे सर्जकको व्यक्तित्व र तिनका सिर्जनालाई एकसाथ संकलन गर्ने काममा जुटे। यस कामका निम्ति सहकर्मी काङमाङ नरेशसमेत सक्रियरुपमा खटे।

डेढ वर्षको अथक प्रयासपश्चात् 'सीमाहीन बिम्बहरू' नामक किताब सार्वजनिक भएको छ, जसमा डेढ दर्जन लाहुरे सर्जकहरूको संक्षिप्त व्यक्तित्व र कविता राखिएको छ। राजधानीमा उक्त किताबको विमोचन गर्दै भिसी रामबहादुर लिम्बूले भने, 'लाहुरेले बन्दुकमात्र होइन, कलम पनि समाउँदा रहेछन् भन्ने पुष्टि भएको छ।' किन तयार गर्नु पऱ्यो त यस्तो किताब ? मिजास भन्छन्, 'लाहुरे सर्जकबारे खोज्न चाहनेका लागि सजिलो होस् भनेर यो किताब निकालेको हुँ।'

राम्रो कमाइ गर्ने अधिकांश ब्रिटिस लाहुरे घडेरी, घर, गाडीको पछि दौडेको पाइन्छ। तर, मिजासको भने सिर्जनशील दुनियाँ बेग्लै छ। ब्रिटिस सेनाअन्तर्गत ब्रुनाईमा काम गरिरहेका मिजास बन्दुक चलाएर बचेको समय कलम चलाउँछन् र मानवीय संवेदना सिर्जनामा उतार्छन्। एक दशकअघि साहित्यमा लागेका मिजासको 'प्यास नजरको' गजल संग्रह र 'उद्‌गार' गीति एल्बमसमेत सार्वजनिक भएको छ। २०५८ सालमा लाहुरे हुनुअघि मिजासले पत्रकारको रुपमा ३ वर्षजति काम गरेका छन्। आगामी योजना सुनाउँदै मिजास भन्छन्, 'यो किताब २० को दशकदेखि अहिलेसम्म लेखनमा लागेका लाहुरेहरूको दस्तावेज हो, अरू सर्जकबारे पछि खोज गर्ने सोचमा छु।' ■






युवराज घिमिरे

## शून्य समय

# आवश्यक छ बृहत् प्रजातान्त्रिक मोर्चाको

> **प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अस्वस्थता, सरकार र संसदीय धारबीचको अन्योलले बृहत् प्रजातान्त्रिक मोर्चाको आवश्यकता अझ बढेको छ। राजनीतिक परिदृश्यबाट कोइरालाको अनुपस्थिति या अशक्तताले शान्ति प्रक्रियादेखि माओवादीको संसदीय धारमा अवतरणका सम्भावना समाप्त नहोऊन् भनी सुनिश्चित गर्न पनि यस्तो मोर्चा तत्कालै बनाइनुपर्छ ।**

**'शान्ति प्रक्रियामा इमानदार छौं** भनी सावित गर्ने जिम्मेवारी पनि तपाईंहरूकै हुन आएको छ', भारतको मार्क्सवादी कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य सीताराम येचुरीले माओवादी नेताहरू प्रचण्ड र बाबुराम भट्टराईलाई भने। अपहरण, हत्या र जबरजस्ती चन्दा असुलीको निरन्तरताका कारण माओवादीप्रति उब्जेको आशंकालाई बेवास्ता गर्न गाह्रो थियो। र, त्यो आशंकालाई सबभन्दा पहिले अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले गम्भीरताका साथ लिँदै भने, 'माओवादीले वार्ताप्रतिको विश्वसनीयता व्यवहारबाट सावित गर्नै पर्छ।' उनी त्यत्तिमै रोकिएनन्। हतियार व्यवस्थापनविना नै माओवादी सरकारमा सामेल भएमा त्यस्तो सरकारलाई अमेरिकाले मान्यता नदिने पनि उनले बताए।

एउटा कूटनीतिज्ञको अभिव्यक्तिको शैलीको हिसाबले मोरियार्टी विचलित बन्न सक्छन्। तर, उनीहरूले आतंककारीको सूचीमा राखेको संगठन हतियारसहित सत्तामा जाँदा कुनै प्रतिक्रिया नदेलान् भन्ने सोच राख्नु गल्ती हुनेछ। भारतले त्यस्तै मान्यता स्पष्टरूपमा माओवादीसमक्ष प्रकट गरिसकेको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत जनअदालत र अपहरण बन्द गर्नाका साथै माओवादीद्वारा कब्जा जमाइएका सम्पत्ति फिर्ता नगरी वार्ता अगाडि बढाउन कठिन हुने सन्देश उनीहरूलाई नदिएका हैनन्।

माओवादी नेताद्वयका लागि अवश्य पनि काम त्यति सहज छैन। यद्यपि, उनीहरूले संसदीय व्यवस्थामा अवतरणपछिको राजनीतिबारे पनि छलफल सुरु गरेका छन्। व्यवहार र छलफलमा साम, दाम, दण्ड र भेदको नीति समेत अपनाएको देखिन्छ, उनीहरूले।

गणतान्त्रिक मोर्चा स्थापनाका लागि समेत उनीहरूले सुझाव राखेका छन्। अमिक शेरचन र लीलामणि पोखरेलको जनमोर्चाले मात्र होइन, नेपाली कांग्रेस र प्रजातान्त्रिक कांग्रेसका केही व्यक्तिहरूले त्यो प्रस्तावमा सहमित जनाइसकेका छन्। प्रजातान्त्रिक शक्तिहरूले त्यसलाई स्वभाविक राजनीतिक प्रक्रियाका रूपमा लिँदै प्रजातान्त्रिक शक्तिको साझा मोर्चा गठनतर्फ अगाडि बढ्नु आवश्यक भएको छ।

निश्चय पनि भोलिको राजनीतिमा गणतन्त्र एउटा महत्त्वपूर्ण राजनीतिक धार हुनेछ। र, खासगरी विगतका १० वर्षमा माओवादी र ३ वर्षयता घोर दक्षिणपन्थी शक्तिका रुपमा स्थापित दरबार संयन्त्रले प्रजातान्त्रिक शक्तिहरूलाई अति कमजोर बनाएपछि प्रजातान्त्रिक शक्तिहरू एउटा मोर्चासमेत बनाउने प्रयासमा नलागेकाले 'गणतान्त्रिक मोर्चा' को प्रभुत्व स्थापना र विस्तार अझ सहज हुने निश्चित देखिन्छ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अस्वस्थता, सरकार र संसदीय धारबीचको अन्योलले प्रजातान्त्रिक मोर्चाको आवश्यकता अझ बढेको छ। राजनीतिक परिदृश्यबाट कोइरालाको अनुपस्थिति या अशक्तताले शान्ति प्रक्रियादेखि माओवादीको संसदीय धारमा अवतरणका सम्भावना समाप्त नहोऊन् भनी सुनिश्चित गर्न पनि प्रजातान्त्रिक मोर्चाको तत्काल स्थापना आवश्यक छ। कोइराला पद र कमान्डमा रहँदै यस्तो मोर्चाको निर्माण हुँदा त्यसले वर्तमान शान्ति प्रक्रियाको वैधानिकता तथा निरन्तरता स्थापित हुनेछ। अन्यथा अहिलेका सबै प्रक्रिया र प्रयास लथालिंग हुन सक्नेछन्। अन्यथा उनको अनुपस्थितिमा कांग्रेस टुक्रिने मात्र हैन मुलुकको राजनीति र प्रजातान्त्रिक शक्तिहरू विखण्डितसमेत हुनेछन्।

गणतान्त्रिक मोर्चा स्थापनाको माओवादी प्रयासलाई षड्यन्त्रका रूपमा हेरिनुहुँदैन। किनकि दीर्घकालीनरूपमा त्यसले संसदीय धारको राजनीतिलाई नै मद्दत पुऱ्याउनेछ। तर, अहिले ऊ आफ्नो राजनीतिको वैधानिकता र अनुमोदन हासिल गर्ने प्रारम्भिक चरणको क्रममा छ। जति आक्रोशित भए पनि भारत र मोरियार्टीले माओवादीलाई भनेको कुरा विद्रोहीहरूले पूरा नगरेसम्म वैधानिकता र जनअनुमोदन खोज्ने उनीहरूको प्रयास सफल हुनेछैन। माओवादी नेतृत्वले यो कुरा अवश्य पनि बुझेको छ। उनीहरूले विदेशीहरूलाई बोल्ने अवसर नदिएको भए सम्भवतः प्रस्तावित गणतान्त्रिक धारको मात्र हैन, मुलुकको मूलधारको राजनीतिमा पनि उनीहरूको प्रभुत्व कायम गर्नमा सहजता आउने थियो।

माओवादीबारे आशंका यति मात्र छैनन्। प्रजातान्त्रिक शासनकालमा मुलुकले आधारभूत शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्थापित गर्न नसके पनि ती क्षेत्रमा व्यापक प्रगति गरेको छ। अनुमानित वार्षिक ५ अर्ब रुपैयाँ पलायन हुनबाट जोगाएको छ। सहिद गंगालाल, तीलगंगा, विपी कोइराला स्वास्थ्य प्रतिष्ठान (धरान), क्यान्सर अस्पताल (चितवन), धुलिखेल अस्पताल एकातिर र काठमाडौं विश्वविद्यालय (धुलिखेल) जस्ता अन्तर्राष्ट्रियस्तरका संस्थाहरू स्थापित भएका छन्। जनवादी स्वास्थ्य र शिक्षाका नाममा के माओवादी सत्तामा आएमा यी भवनका इँटाहरूलाई प्रतिव्यक्तिका हिसाबले अंशबन्डा गर्लान् ? या तिनीहरूको स्तरीयता र सेवामा पहुँच बढाउन सहज नीति अपनाउलान् ? चासो र विवाद तथा डरका विषय बनेका छन् यी। माओवादी सिद्धान्तका व्याख्याता डा. बाबुराम भट्टराई अहिले शान्ति प्रक्रिया तथा गणतान्त्रिक मोर्चाको सम्भावना खोज्न व्यस्त छन्। तर, पार्टीको शिक्षा, स्वास्थ्य र विज्ञान नीति (जो उनको सहज क्षेत्र हो) बारे केही बोलेका छैनन्। त्यस्तै अन्योल छ उद्योग र अर्थ जगत्मा। नेपालमा आउन सक्ने लगानी हिजो द्वन्द्वका कारण आउन सकेन भने भोलि पनि माओवादी मूलधारकै राजनीतिमा आए पनि के गर्लान् भन्ने आशंकाका कारण त्यो आउने स्थिति देखिँदैन। वास्तवमा माओवादी नेतृत्वको अहिलेको राजनीतिक जगत्सँगको अन्तरक्रियाले आशंका उब्जाएको छ, के उनीहरूको अवतरणले पनि आजकै राजनीतिलाई निरन्तरता दिने त हैन ?

अझ 'आत्मनिर्णयको अधिकार' को माओवादी नाराबाट आशंका बढ्न थालेको छ- के उनीहरू देश टुक्र्याउने अभियानमा त छैनन् ? 'जातीय राष्ट्रियता'को नारालाई साम्य पारी राष्ट्रिय अखण्डतालाई कसरी सुनिश्चित गर्लान् उनीहरूले ? माओवादीहरूसँग यी प्रश्न सम्भावित गणतान्त्रिक मोर्चाका सदस्यहरूले त गर्नै पर्छ, प्रजातान्त्रिक मोर्चाको स्थापना पनि यी खतराहरूलाई रोक्न र राष्ट्रिय अखण्डता, प्रजातन्त्रको संस्थागत विकास र राजनीतिक तथा संस्थागत रिक्तता नहोस् भनी सुनिश्चित गर्न पनि आवश्यक भइसकेको छ। त्यस्तो मोर्चाले नै संसदीय धारमा माओवादीको सुरक्षित अवतरण गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ। ■